# संघीय संसद

# राष्ट्रिय सभा

# बाह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १३ असार २०७९

# सोमवार

# बैठक सङ्ख्या- २९, पहिलो

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको ११:०० बजे प्रारम्भ भयो ।

<u>सम्माननीय अध्यक्ष</u>ः- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरू, प्रतिनिधि सभाबाट सन्देशहित प्राप्त विनियोजन विधेयक, २०७९ अन्तर्गत विभिन्न मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकहरूमाथिको छलफलका क्रममा उठेका प्रश्नहरूको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम जारी रहन्छ ।

माननीय सदस्यहरू, आजको कार्यसूचीमा समावेश भएका मन्त्रालयहरूको क्रमलाई समान्य हेरफर गरेको छु । माननीय सदस्यहरू, माननीय मन्त्रीहरूले आआफ्नो मन्त्रालयअन्तर्गतको विनियोजन शीर्षकहरूमाथि छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनुभएका विषयहरूमात्र केन्द्रित रही जवाफ दिन माननीय मन्त्रीज्यूहरूको ध्यानाकर्षण गराउँदछु ।

माननीय खानेपानी मन्त्री, खानेपानी मन्त्रालयको विनियोजन विधेयक, २०७९ अन्तर्गत निम्न लिखित मन्त्रालयको विभिन्न शीर्षकमाथिको छलफलमा उठेका प्रश्नहरूको सम्बधित माननीय मन्त्रीहरूले जवाफ दिनुहुने छ । खानेपानी मन्त्रालय ।

<u>माननीय खानेपानी मन्त्री श्री उमाकान्त चौधरी</u>:- सम्माननीय अध्यक्ष महोदय, माननीय सांसदज्यूहरू सर्वप्रथम खानेपानी मन्त्रालयको आ. व. २०७९/८० को वार्षिक कार्यक्रम तथा विनियोजित बजेट सम्बन्धमा माननीय सांसदज्यूहरूबाट राखिएको चासो जिज्ञासा र दिनुभएको सुझावप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । सोही सम्बन्धमा माननीयज्यूहरूबाट राखिएको जिज्ञासा सम्बन्धमा आफ्ना केही कुरा राख्न चाहन्छु ।

माननीय सदस्यज्यूहरूले राख्नुभएको थियो । २०६४/६५ सालदेखि निर्माण सुरु भएका योजनामा हालसम्म एकै किसिमबाट रकम विनियोजित हुँदै आएको छ । आयोजनाको लगतको तुलनामा ज्यादै न्यून रकम विनियोजित हुने हुँदा आयोजना हालसम्म पनि सम्पन्न हुन सकिरहेको छैन । धेरै स्थानहरूमा योजना दोहोरो पर्न गएको छ । यस्तो आवस्थामा एक घर एक धारा अवधारणा कसरी कार्यान्वयन हुन्छ ? सन् २०३० सम्म कसरी दिगो विकास लक्ष्य हासिल हुन्छ भन्ने जिज्ञासा राख्नुभएको थियो ।

माननीय सदस्यज्यूहरू, मानव जीवनको लागि खानेपानी अपरिहार्य आवश्यकता हो । त्यसकारण नेपालको संविधानको धारा ३५ को उपधारा (४) मा खानेपानी तथा सरसफाइ सेवाको पहुँचलाई मौलिक हक रूपमा संरक्षण गरिएको छ । सबै नागरिकलाई खानेपानी तथा सरसफाइ सुविधाको सुनिश्चिता प्रदान गर्नु खानेपानी मन्त्रालयको प्रमुख दायित्व रहेको छ । आयोजनाको प्रकृतिक प्रवृत्ति तथा आधारहरूमा संघीय कार्यक्रम योजनाहरू खानेपानी मन्त्रालय मातहत सञ्चालनमा छन् । संघीय पूर्वसाबिकको खानेपानी तथा ढल निकास विभागबाट कार्यान्वयन भइरहेका साना लगतका आयोजनाहरू हाल सेवा विस्तार तथा पुनःस्थापना कार्यक्रममार्फत सञ्चालनमा भइरहेको छ ।यस कार्यक्रमअन्तर्गत हाल १३०० योजनाहरू क्रमगत रूपमा रहेका छन् । आयोजनाहरूको सङ्ख्या धेरै हुनु बजेट सीमा नबढ्नु तथा प्राविधिक जनशक्तिहरू ज्यादै न्यून हुनुले यस्ता योजनाहरू सम्पन्न हुन नसकेका हुन् । लामो समयसम्म सम्पन्न हुन नसकेका योजनाहरू लगत तयार गरी त्यस्ता योजनाहरू सम्पन्न गर्न लाग्ने बजेटको यकिन गर्ने काम खानेपानी विभागबाट भइरहेको छ । त्यस्ता योजनाहरूको प्रथामिकतामा राखी सम्पन्न

गर्न खानेपानी मन्त्रालयबाट विभागलाई निर्देशन भइसकेको कुरा सम्माननीय अध्यक्षज्यूमार्फत मननीयज्यूलाई जानकारी गराउन चाहन्छु । जहाँसम्म एक घर एक धारा अवधारणको कार्यान्वयन तथा  दिगो विकास लक्ष्य हासिलको विषय छ । यससम्बन्धी खानेपानी तथा सरसफाइका संरचनाहरू त्यसको व्यवस्थापकीय पक्ष वित्तीय पक्षलगायत विभिन्न पक्षहरूको भूसूचना आधारित भई तथ्याङ्कहरू सङ्कलन विश्लेषण तथा आवश्यकताबमोजिम अद्यावधिक गर्न खानेपानी मन्त्रालयले सूचना प्रणाली एमवास एमआईएस निर्माण गरेको छ ।

पालिकास्तरको खानेपानी सरसफाइ तथा स्वास्थ्य गुरु योजना एमवास प्लान तयार गर्न सक्ने गरी यो प्रणाली विकास भएको छ । यस प्रणालीभित्र विद्यालय, स्वास्थ्य संस्था सार्वजनिक शौचालय घरधुरी तथा पालिकास्तरीय अन्य खानेपानी सरसफाइ तथा सोयस्तासम्बन्धी  तथ्याङ्क प्रविष्ट हुन्छ । तथ्याङ्क प्रविष्ट भएपछि आवश्यकताअनुसार पालिकाहरूले नयाँ योजनाको निर्माण तथा पुराना योजनाहरूको मर्मतको सम्बन्धमा प्रथामिकीकरण गर्न सक्दछ । ७५३ पालिकामध्ये हालसम्म यस प्रणालीको प्रयोगबाट करिब ८८ पालिकाहरूको एमवास प्लान तयार गरिसकेका छन्, भने ४१० पालिकाहरूले यस प्रणालीको प्रयोगबाट तथ्याङ्क सङ्कलन गरिरहेका छन् । आगामी अ.व. भित्र सबै पालिकाहरूलाई यस प्रणालीमा जोड्ने खानेपानी मन्त्रालयको लक्ष्य राखेको छ । यसबाट स्पष्ट रूपमा देशभरिकै खानेपानी तथा सरसफाइको अवस्थाको चित्रण हुने र खानेपानीमा पहुँच नपुगेको, धारा नभएका, घरधुरीको सङ्ख्या, संरचनाको अवस्था, पानीको गुणस्तरको अवस्था आदिको यकिन हुन्छ । यस प्रणालीबाट खानेपानी तथा सरसफाइको दीर्घकालीन योजना तयार हुने र एक घर एक धाराको अवधारण प्रभावकारी रूपमा कार्यान्वयनमा आउने कुरामा माननीयज्यूहरूलाई जानकारी गराउन चाहन्छु । हालको संघीय स्वरूपअनुसार तीन तहको खानेपानी आयोजनाको वर्गीकरण जनसङ्ख्याको आधारमा मात्रा रहेको कुरा सत्य हो ।

संघीय सरकारले तराईमा १५ हजार जनसङ्ख्या, पहाडमा ५ हजार जनसङ्ख्या तथा हिमालमा १ हजार जनसङ्ख्या भएका योजनामात्र कार्यान्वयन गर्ने अधिकार रहेको छ । यसले गर्दा कार्यान्वयनको विषयले कठिन प्रकृतिका योजनाहरू प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएका छन् र त्यस्ता योजनाहरू अलपत्रमा परेको अवस्था छ । यस विषयमा पनि विज्ञहरूसँग आवश्यक राय लिई तीनै तहको सरकारसँग समन्वय गरी योजना वर्गीकरणमा जनसङ्ख्याको मात्र नभई भैगोलिक, लगत, आवश्यकता, प्राविधिक

आदिको समेत आधार हुने गरी पुनरवलोकन गर्न अध्ययन भैरहेको समेत माननीयज्यूहरूलाई जानकारी गराउन चाहन्छु । साथै नेपाल सरकारको अर्बौं लगानीमा तयार भएका खानेपानी संरचनाहरू उपभोक्ताबाट जुटाउनुपर्ने लगानी जुट्न नसकेका कारण धेरै योजनाहरू अलपत्रमा परेको उपभोक्ताबाट हुनुपर्ने जनश्रमदानलाई लचिलो हुने गरी नीतिको पुनरवलोकन गर्ने गरी कारबाही अगाडि बढिरहेको सन्दर्भमा जनश्रमदानका कारण समयमै सम्पन्न हुन नसकेका योजनाहरूसमेत सञ्चालनमा आउने छन् ।

सम्माननीय अध्यक्ष महोदय, माननीय सांसदज्यूहरू एकजना माननीयज्यूले एउटा अर्को पनि कुरा उठाउनुभएको थियो । वैजनाथ गाँउपालिका १ देखि ८ सम्म घरधुरीले आर्सेनिकयुक्त पानी प्रयोग गरिरहेका छन् । यस समस्याको समाधान हालसम्म नभएको भन्ने जिज्ञासा राख्नुभएको छ । माननीय सदस्यज्यूहरू, तराईका जिल्लाहरूको भूमिगत पानीमा मानव स्वास्थ्यको लागि हानिकारक आर्सनिक तत्व पाइने गरेको यथार्थ हो । संघीय तहबाट कार्यान्वयन हुने योजनाहरूमा आर्सेनिक रहेनरहेको यकिन गरी सोहीअनुसार योजना डिजाइन र निर्माण गरिन्छ । पानी जाँच नगरी सानो ट्युबवेलको प्रयोग गरिने हुनाले तराईका विभिन्न जिल्लाहरूमा यससम्बन्धी समस्या देखिएको हो ।

आर्सेनिक समस्या तीनै तहको सरकारका साझा समस्या भएकोले तीनै तहका सरकारबिच आवश्यक समन्वय सहकार्य र सहजीकारणका साथ कार्यक्रम र कार्ययोजना कार्यान्वयन गर्नुपर्ने देखिन्छ । यसका निमित्त विभिन्न निकायहरूबाट वितरण भइरहेका तथा आमजनताले उपभोग गरिरहेको खानेपानीको गुणस्तर परीक्षणका लागि विशेष कार्यक्रम आगामी आ.व. को कार्यक्रममा समावेश गरिएको छ । त्यस्तै सहज सुलभ पानी परीक्षणका लागि सबै संघीय खानेपानी कार्यलयहरूमा पानी प्रयोगशाला परीक्षणका लागि प्रयोगशाला स्थापना कार्यक्रम पनि आगामी आ.व. मा समावेश गरेको छ । त्यस्तै तराईका विभिन्न जिल्लाहरूका लागि आगामी आ.व. को कार्यक्रममा आर्सेनिक सुरक्षित आयोजनाहरूको समावेश गरिएका छन् । आर्सेनिकमुक्त खानेपानी योजनाका निम्ति संघमार्फत खानेपानी तथा गुणस्तर सुधार कार्यक्रम र तराई मधेश सानो ट्युबवेल तथा सोस्ता विशेष कार्यक्रम तथा प्रदेश सरकारमार्फत तराई मधेश खानेपानी सुधार कार्यक्रम सञ्चालनमा रहेका छन् । सरकारमार्फत तराई मधेश खानेपानी सुधार कार्यक्रम सञ्चालन गरिरहेको छ भने साथै माथि उल्लेख गरिएअनुसार जनश्रमदानको बाध्यता हटाउन सकिएमा तराई मधेशमा रहेका आर्सेनिक समस्या समाधान गर्न र तराई, मधेशमा खानेपानी सेवाका पहुँच वृद्धि गर्न र गुणस्तरीय पानी वितरण गर्न ठुलो सफलता हुने

छ । दीर्घकालीन रूपमा आर्सेनिक मुक्त पानीको वितरणका लागि कर्णाली, कोशी, नारयणी, सुनकोशी, मारिन, चतरा आदि ठुलो नदीहरूबाट पानी ल्याई वितरण गर्ने, योजना थोक वितरण प्रणाली आयोजनाका लागि अध्ययन भैरहेको छ र सम्भवतः आगामी आ.व. बाटै निर्माण कार्य अगाडि बढाउने योजना पनि रहेको छ ।

सम्माननीय अध्यक्ष महोदय, माननीय सांसदज्यूहरू अन्तमा माननीयज्यूहरूबाट राखिएको चासो जिज्ञसा र दिनुभएका महत्त्वपूर्ण सुझाव सल्लाहप्रति आभार व्यक्त गर्दै उहाँहरूको सुझाव हाम्रा लागि योजना र कार्यक्रम अझ प्रभावकारी रूपमा व्यवस्था र कार्यान्वयन गर्न ठुलो मद्दत पुग्ने छ भन्ने मैले विश्वास लिएको छु । खानेपानी हामी सबैको मैलिक अधिकार हो । हामी सबैको प्रयासमा हामीले देशको सबै कुनामा सबै नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइको सेवा उपलब्ध गराउन सक्छौं । सबैको रचनात्मक भूमिकाबाट सरकारको नीति तथा कार्यक्रम दिगो विकास लक्ष्य पन्ध्रौं योजनाका लक्ष्यहरू निर्धारित समयमै हासिल हुनेमा, म विश्वस्त छु । धन्यवाद । नमस्कार । जय नेपाल ।

<u>**सम्माननीय अध्यक्षः**</u>- माननीय सदस्यहरू, माननीय खानेपानी मन्त्री उमाकान्त चौधरीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने, माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्नचाहनुहुने प्रत्येक माननीय सदस्यहरूलाई एक मिनेटको समय निर्धारण गरेको छु ।

माननीय सदस्यहरू, खानेपानी मन्त्रालयसँग सम्बन्धित विनियोजन विधेयक, २०७९ माथिको विनियोजन शीर्षकमा माननीय खानेपानी मन्त्री उमाकान्त चौधरीले दिनुभएको जवाफको सम्बन्धमा स्पष्टीकरण सोध्न कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँछु । माननीय सदस्यहरू खानेपानी मन्त्रालयसँग सम्बन्धित विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अबमा माननीय भौतिक पूर्वधार तथा यातायात मन्त्री रेनुकुमारी यादवलाई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसम्बन्धी विनियोजन

शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको मात्र जवाफ दिन समय उपलब्ध गराउँछु ।

<u>**माननीय भौतिक पूर्वधार तथा यातायात मन्त्री श्री रेनुकुमारी यादव**</u>ः- सम्माननीय अध्यक्षज्यू, माननीय सदस्यहरू, नेपालको संविधानको अनुसूची-५ ले संघीय सरकारको अधिकारक्षेत्रको वाख्या गरेको छ । राष्ट्रिय महत्त्वका राजमार्ग, रेल तथा राष्ट्रिय यातायात नीति योजना र निर्माण कार्य यस मन्त्रालयको क्षेत्र रहेको निवेदन गर्न चाहन्छु र अस्ति केही माननीय सदस्यहरूले उठाउनुभएका प्रश्नमा सहयोग र सुझाव दिनुभएकोमा म उहाँलाई धन्यवाद पनि दिन चाहन्छु । नेपालको संविधानबमोजिम सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका संघीय एकाईहरूबिच सहकारिता, सहअस्तित्व र समन्वयनको सिद्धान्तमा आधारित संघीय शासन प्रणालीलाई आत्मसाथ गरी त्यसै प्रणालीमा अभ्यासरत रहेको बेहोरा स्मरण गर्न चाहन्छु ।

मिति २०७९ जष्ठे ६ गते सम्माननीय राष्ट्रिपतिज्यूले, यस सम्मानित संसदमा पेस गर्नुभएको नीति तथा कार्यक्रमको भावनाअनुसार नै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको बजेट तथा कार्यक्रम ल्याउन अधिकत प्रयास गरिएको छ । चालु आ.व. को यस अवधिमा कालोपत्रे सडक म केही तथ्याङ्कहरू पनि माननीयज्यूहरूसामु प्रस्तुत गर्न चाहन्छु जानकारीको लागि चालु आ.व. को यस अवधिमा कालोपत्रे सडक निर्माणको १८०० किलो मिटर वार्षिक लक्ष्य रहेकोमा ६०० किलो मिटर सम्पन्न भएको छ । ग्राभेलस्तरको सडक निर्माण ८०० किलो मिटर वार्षिक लक्ष्य रहेकोमा २९२ किलो मिटर सम्पन्न भएको छ । त्यसै गरी माटे सडक निर्माणको ३५० किलो मिटर वार्षिक लक्ष्य रहेकोमा १६५ किलो मिटर सम्पन्न भएको छ ।

चालु आ.व. मा तोकेको लक्ष्यभन्दा कम प्रगति भएको छ । सन्तुष्टजनक प्रगाति भएको छैन । त्यसका विभिन्न कारणहरू हुन् बिचमा दुई वर्ष कोभिडको कारणले, महामारीको कारणले, यता पेट्रोलियम पदार्थ बढेको कारणले, ठेकेदारहरू होलिडे मनाउने कारणले केही यावत कुराहरू परिस्थितिअनुसार भएको कारणले त्यो चाहिँ धेरै अगाडि बढ्न सकेन् । पुल निर्माणा तक पनि ३०० वटा सम्पन्न गर्ने वार्षिक लक्ष्य रहेकोमा हालसम्म १०१ वटा पुल निर्माण सम्पन्न भइसकेको छ र १०० वटाभन्दा बढी सम्पन्न हुने क्रममा छ । यही मलाई लाग्छ असार त होइन श्रावणको लास्ट लास्टमा धेरै पुलहरू सम्पन्न हुने अवस्थामा छ । महाकाली नदीमाथिको दोधारा चाँदनी जोड्ने पुल

निर्माणको अन्तिम चरणमा पुगेको छ । लामो समयसम्म सम्पन्न हुन नसकेको लामोसाँघु-चरीकोटो सडकखण्डको स्तरउन्नति सम्पन्न हुने अवस्थामा छ । नागढुङ्गा सुरुङमार्ग निर्माणको सुरुवातसँगै नेपाल सुरुङमार्गको युगमा प्रवेश गरेको छ ।

त्यसकारणले गत आर्थिक वर्षको अन्त्यसम्म नागढुङ्गा सुरुङ्गमार्गको प्रगति १४ प्रतिशत रहेकोमा यस अवधिमा ५४ प्रतिशत सम्पन्न भएको छ भने सिद्धबाबा सुरुङ्गमार्गको ईपीसी मेडलमा ठेक्का सम्झौता भई हाल डिजाइनको चरणमा रहेको छ । काठमाडौं उपत्यका क्रमशः सवारी साधनको जाम घटाउन पहिलो चरणमा ग्वार्को चोकमा फ्लाई ओभर निर्माण ठेक्का सम्झौता भई हाल डिजइनको चरणमा रहेका छ । यस अवधिमा जयनगर कुर्था खण्ड ३५ किलो मिटर नियमित रेल सेवा सञ्चालन भएको छ भने कुर्था विजलापुर खण्ड निर्माण भई हस्तान्तरण प्रक्रियामा रहेको छ । हाल रेल सञ्चालनबाट हुने अतिरिक्त राजस्व आमदानीका साथै भविष्यमा रेलवेको सनसाधनलाई व्यापारिक प्रयोगमा ल्याई यसको सञ्चालनलाई दिगो बनाइने छ भन्ने लक्ष्य रहेको छ । चालु आ. व. को यस अवधिमा पुँजीगत विनियोजित बजेट रुपियाँ १ अर्ब ५३ महने रुपियाँ रु. ६७ खर्च भई ४३ प्रतिशत प्रगति हासिल भएको छ भने करिब रुपियाँ १० अर्ब बराबरको कार्यक्रम संशोधन तथा रकमान्तरण स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पेस गरिएकोमा सो रकमान्तरण स्वीकृतिको चरणमा रहेका छ । यस आ.व. को करिब ६५ प्रतिशत भौतिक प्रगति हासिल हुने अवस्था रहेको निवेदन गर्न चाहन्छु ।

समान्ननीय अध्यक्ष महोदय, अब म माननीय सदस्यहरूले २०७९ असार ८ गते यस सम्मानित सदनमा भौतिक पूर्वाधारमा तथा यातायात सम्बन्धमा उठाउनुभएका प्रश्नहरूको जवाफ दिन अनुमति चाहन्छु ।

केही माननीय साथीहरू धेरै त उठाउनुभएको थिएन दुई चार जना माननीय साथीहरूले केही प्रश्न उठाउनुभएको थियो त्यसैमध्ये नेपालको संविधानमा त्यसमा रहेको राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू नागरिकका मौलिक हक तथा मानव अधिकारको संरक्षण र रक्षा संघीय शासन प्रणालीको मर्म भावना र आदर्श चालु आवधिक योजना सम्माननीय राष्ट्रपतिज्यूबाट संसदमा पेस भएको नेपाल सरकारका वार्षिक नीति तथा कार्यक्रम योजना छनोट सम्बन्धमा राष्ट्रिय योजना आयोगको मार्गदर्शन र सीमा नेपालको भौगोलिक विविधता र जनसङ्ख्याको विवरण एवम् योजना छनोटमा विगत वर्षहरूदेखि अवलम्बन गरिएका अभ्यास र प्रचलनहरू नै योजना छनोटका आधारहरू हुन् साथीहरूलाई जिज्ञासा लगेको होला यसपालि हामी प्रयास गरेका थियौं कि यो तीन तहको

संघीयतामा गएपछि देश तीन तहको सडकमा अहिले छुट्याएर अगाडि बढाउनुपर्ने अवस्था छ स्थानीय, प्रदेश र सङ्घ । सङ्घको राष्ट्रिय राजमार्गहरू कनेक्टिभिटी सडकहरू हाइवे सडकहरू बनाउनुपर्ने अवस्था छ । भाविष्यमा पनि हुनुपर्छ त्यही तर धेरै माननीयज्यूहरूको धेरै नेताज्यूहरूको पनि यसपालि चाहिँ मापदण्ड त्यति तयार नभएको कारणले कुन सडक कताबाट के कुन राजमार्ग हो भनेर त्यो मापदण्ड नभएको कारणले धेरै सडकहरू मात्र नामको आधारमा जस्तो ठुलो ठुलो राजमार्गहरूको नाम छ । मादनभण्डारी राजमार्ग, हुलाकी राजमार्गलगायतको मार्गको नाम छ । तर फल्नाको घरदेखि फल्नाको गोठालासम्म फल्नाको गेटसम्मको नाम नभएको कारणले, धेरै मापदण्ड तयार नभएको कारणले त्यो कलिकति त्यसमा चाहिँ समस्या परेको हो तर पनि प्रदेशमा पूर्वाधारहरू तराई मधेश पूर्वाधारहरू सडक पूर्वधार सडकहरू हामी प्रदेशमा राख्ने यसपालि प्रयास गर्यौं ।

धेरै सडकहरू संघमा राख्दाखेरि ऊसलाई फेरि ऊलाई अलिकति होमवर्क गरी गुरूयोजना बनाएर त्यो छनोट गर्नुपर्ने अवस्था छ । किनभने त्यसमा ४,५,७,८ किलो मिटर छ लक्ष्य के छ भने १० किलो मिटर १५ किलो मिटरभन्दा बढी सडक हाइवे राजमार्गसँग जोडिएको सडकहरू संघले राख्नुपर्छ र बनाउनुपर्छ । किनभने प्रदेशमा अहिले म्यानपावर पनि छैन । धेरै योजनाहरू नभएको कारणले त्यो सडकहरू अलपत्र पर्ने अवस्था भएको कारणले यसपालि सहायक राजमार्गको नाममा यता दिन खोजेका छौं लक्ष्य त्यही छ । तर फेरि त्यसलाई कलिकति होमवर्क गरेर छुट्याउनुपर्ने अवस्था पनि छ । माननीय सदस्यहरू, त्यसैकारणले यसबाहेक प्रतिनिधि सभा, राष्ट्रिय सभाको माननीयज्यूहरूको त्यही सर सुझाव र आग्रहको कारणले पनि धेरै सहयोग भएको छ । यसपटक पनि विगत वर्षहरूदेखि नै कार्यान्वयन भएरहेका राष्ट्र गौरवका योजनाहरू र उच्च प्राथमिकतामा रूपान्तरणकारी परियोजनाहरूलाई बजेट तथा कार्यक्रम प्राथमिकता दिएको छ । जस्तो यसपालि फास्ट ट्र्याकलाई हामी ६ अर्ब, ७ अर्ब विनियोजन हुन्थ्यो । यो सडक वर्षदेखि नबनेको कारणले त्यसमा कलिकति सुविधा र जनताहरू आफ्नो उपभोग गर्ने समस्या भएको कारणले यसपालि ३० अर्ब नै छुट्याएर फस्टचोटि एउटा मधेश फास्ट ट्र्याक जुन फास्ट ट्र्याक छ त्यो बन्नुपर्छ र त्यो सेनाको हातमा छ अब सेनामाथि एउटा सबैको आँखा गएको छ । यसपालि ठुलो बजेट भए पनि उहाँहरू कति छिटो र छरितो बनाएर हस्तान्तरण गर्नुहुन्छ भनी अब सेनामाथि हामीले हर्नुपर्ने अवस्था छ र हामी भनेका पनि छौं टाइममा यसलाई सम्पन्न गरेर हस्तान्तरण गर्नुपर्छ यो

फास्टट्र्याकको सडकलाई त्यसैकारणले माननीय मन्त्रीज्यूहरू यो प्राप्त लगानी योजना अनुसार विगत देखि नै कार्यान्वयन रहेका कार्यमत योजनाहरू प्राथमिकता दिई आर्थिक वर्षमा सम्पन्न हुने गरी बजेट व्यवस्था गरिएको छ।

यसैअन्तर्गत पूर्व-पश्चिम राजमार्ग नौबिसे-मुग्लिन-मुग्लिङ-पोखरा सडक स्तरउन्नति गर्ने प्रयाप्त बजेट विनियोजन गरिएको निवेदन गर्न चाहन्छु । केही माननीय साथीहरूको पनि सल्लाह सुझाव र केही प्रश्न आएको थियो त्यो उत्तर दिन प्रयास गर्छु । भौगोलिक सन्तुलन प्रतिनिधि सभा र राष्ट्रिय सभाका माननीय सदस्यको माग सुझाव एवम् सिफारिसबमोजिम सकेसम्म विकासका न्यायपूर्ण विवरण गर्ने अभिप्रायलि योजनाको अध्ययन पूर्ण तयारी र सुरुवात गरी आगामी आर्थिक वर्षमा बजेटको सुनिश्चितता हुने गरी केही साना तथा महत्त्वपूर्ण देखिएको योजनाहरूमा बजेट प्रस्ताव गरिएको हो यसपालि राष्ट्रिय गौरवको योजनाहरू तथा उच्च प्राथमिकता रूपान्तरणकारी परियोजनाहरू बजेटको सुनिश्चितपश्चात्मात्र त्यो योजनाहरूमा बजेट प्रस्ताव गरिएको बेहोरा अनुरोध गर्न चाहन्छु । राष्ट्रिय सडक सञ्चालनका सडक पुलहरू तथा स्थानीय सडकमा पुल पुलेसा नहुँदा नागरिकले खेप्नुपरेको सास्तीप्रति संघीय संसदका माननीयहरूले राख्नुभएको चिन्ता चासोलाई उच्च प्राथमिकता दिई कार्यक्रम छनोट गरिएको निवेदन गर्न चाहन्छु । तर पनि हाम्रो देशभित्र यति नदी नाला छ कि एउटा जिल्लामा २५, ५०, १०० ओटा पुलको आवश्यक छ । त्यो पुलहरूको डिजाइनिङ उसको इस्टिमेट नबनाइकन जथाभावी पुल हजार हजार पुल दिएर कुनै पनि पुल नहुने समस्या थियो तर यसपालि हामी छनोट गरेर जुन अधुरा छ । जुन एकदम बन्नुपर्ने जरूरी छ । त्यसलाई प्राथमिकतामा अगाडि बढाउने त्यसपछि क्रमशः त्यो बनाउँदै जाने भनेर यसपालिको लक्ष्य रहेको छ ।

माननीय सदस्यहरू, त्यस्तै सार्वजनिक खरिद नियामावलीमा भएको एघारौं संशोधनले एउटा निर्माण व्यवसायीले बढीमा पाँचवटा हाम्रो समस्या अलि अध्यक्षज्यू २ मिनेट बढी नै टाइम लिन चाहन्छु प्रश्नभन्दा पनि हाम्रो पहिला समस्या पहिला कस्तो थियो भने धेरै माननीयज्यूहरूको मलगायत माननीयज्यूहरूको एउटा चासोको विषय के छ भने हरेक पहाडको कुना काप्चा होस् कि तराई मधेश होस् कि जुन ठाँउमा पनि सडक र पुलको अभावमा वर्षामा खास गरेर सवारी साधन नचलेको अवस्था छ । अहिले पनि टुट फुटको अवस्था छ । दश दश वर्ष लागेको ठेक्काको अवस्था कस्तो छ । जीर्ण अवस्थामा छ सडक बनेको छैन । यसको समस्याको कस्तो थियो भने एउटा ठेकेदारले

२० ओटा, २५ ओटा, ५० ओटा, १०० ओटा ठेक्का लिने मोबिलाइजेसन २० प्रतिशत उठाउने तर सडक उसैको अन्डरमा कुन सडक बनाउने पर्ने नपर्ने दश दश वर्षदेखि टुटेको ठेक्का लिएको सडक बन्न सकिएन .यसपालि हाम्रो नयाँ नियामावली जुन पाँचवटा ठेक्का लिने जुन प्रवधान बनाइएको छ । त्यो पाँचवटै एक जनाले पाँचवटै ठेक्का लिन पाउने त्यसमा पनि दश Percent मात्र मेबिलाइजेसन लिन पाउने  र त्यो पूरा गरेर 80 Percent पूरा गरेर अर्को टेन्डरमा हात हाल्नुपर्ने भनेर यो मलाई लाग्छ भविष्यको लागि धेरै राम्रो  र यो ठोस् निर्णय हो र यसबाट कामचाहिँ चुस्त दुरुस्त टाइममा हुन्छ । किनभने वहाँहरूले पनि के चाहो हुन्छ भने काम पूरा गरेर अरू ठेक्का हाल्न सक्छु भनेर पहिले यो थिएन । यसपालि नियमावली बनेपछि, यो चाहिँ कनट्रोल हुने अवस्था छ । माननीय साथीहरू, त्यसैकारणले यो सबैकुरा हामी चाहिँ कनट्रोल गर्दा गर्दै पनि एउटा समस्या कस्तो छ भने यसैबिचमा माननीय सदस्यहरूको यता धेरै प्रश्न त उठेन तर मनको प्रश्न अलि कति बोल्न चाहन्छु ।

धेरै साथीहरूले के छ भने ठेक्का लगाएको साथीहरूको साथीहरूको ब्ल्याक सूची किन हुँदैन ? ब्ल्याक लिस्टेट किन हुँदैन ? तर हाम्रो देशमा एउटा प्रवधान के छ भने ब्ल्याक लिस्ट किन हुँदैन । तर हाम्रो देशमा एउटा प्रवधान के छ भने ब्ल्याक लिस्ट यसैबीच मैले बाह्, चौध, पन्ध्रवटा ब्ल्याक लिस्टेट गरें तर उहाँहरू अदालतमा गएर इस्टे अडर गराएर आइहाल्नुहुन्छ । जबसम्म अब उसको फैस्ला हुँदैन फेरि उसलाई ठेक्कामा गराउनुपर्ने अवस्थामा छ । अदालतले पनि मन्त्रालयसँग सम्बन्धित भएर उसको ब्याकग्राउड के छ । कुन ठेक्का टुटेका छ, कस्तो छ नगर्दाखेरि पनि हाम्रो देशमा अलिकति समस्या परेको छ । हामीले यो पनि हाम्रो कानून केरे सहल्लाहकार कानून मन्त्रीसँग पनि आग्रह गरेर कुरामा पनि समाधान गरेर अगाडि बढ्नुपर्ने आग्रह पनि गरेको छु । मलाई लाग्छ यो लक्ष्यअनुसार अगाडि बढ्नुपर्ने अवस्था छ माननीय सदस्यहरू ।

मलाई लाग्छ धेरै खास प्रश्न थिएन । यही प्रश्नहरू दुई चार किसिमको प्रश्न थियो । तर मलाई लाग्छ मलाई यो सडक पुल हाम्रो एउटा मानवको लाइफ लाइन सडक व्यापारसँग जाड्ने एक गाँउदेखि अर्को गाँउ एक जिल्लादेखि अर्को जिल्ला र हरेक हाइवेसँगको जुन कनेक्टिभिटी सडक बिस, पच्चिस, तिस किलो मिटर छ त्यो सङ्गमा राखेर यसपालि लक्ष्यमा अगाडि बढाउने स्थानीय तहको सडक स्थानीयमा दिने, प्रदेश तहको सडक प्रदेशमा दिने र यो सडकले आफ्नो आफ्नो गतिमा बढायो भने मलाई

लाग्छ निश्चित रूपमा द्रूत गतिमा अगाडि बढ्छ । तर हाम्रो बजेट बजेट विनियोजनको एउटा सिलिङभित्रै रहेर हामीले काम गर्नुपर्ने अवस्था छ । धेरै माननीयज्यूहरूको योजना छुटेको होला, तर यो योजनाहरू हामी सिलिङभित्र हाल्दाखेरि जिल्ला पक्कै छुटेको छैन, क्षेत्र पक्कै छुटेको छैन । माननीयहरूको पनि धेरै योजनाहरूको परेको छ । तर कुनै ठाँउमा छुटेको होला । म तापनि प्रयास गर्दै छु । कुन सडक कुन अवस्था छ । के गरेर राम्रो हुन्छ ? के गरेर अगाडि बढाउनुपर्छ भनेर मेरो आफ्नो लक्ष्य हो र यसमा अगाडि बढ्ने । माननीयज्यूहरूलाई म आग्रह गर्न चाहन्छु र यति भनेर म पुनः पुनः फेरि मान्यज्यूहरूलाई धन्यवाद पनि दिन चाहन्छु तपाईंहरूले राखेको जिज्ञासा तपाईंहरूको सुझाव आत्मसात गरेर त्यसलाई अझ पनि सुधारेर कसरी अगाडि बढाउनुपर्ने छ भने त्यसमा ध्यान दिँदै अगाडि बढ्ने छु प्रतिबद्धतासहित म बिदा लिन चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेनुकुमारी यादवले दिनुभएका जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहानुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउन चाहन्छु । विनियोजन विधेयक अन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूको माथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्नपाउने बेहोरा जानकारी गराउछु । स्पष्टीकरण माग गर्न चाहानुहुने माननीय सदस्यलाई एक मिनेटको समय निर्धारण गरेको छु । माननीय भगवती न्यैपाने ।

**माननीय श्री भगवाती न्यौपाने (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, सम्माननीयमार्फत म मन्त्रीज्यूलाई केही प्रश्न गर्न चाहन्छु । मन्त्रीज्यूले जवाफ दिने सम्बन्धमा यस वर्ष पर्याप्त होमवर्क नभएका कारणले गर्दाखेरि नाम राख्ने सन्दर्भमा चाहिँ त्यो ढङ्गले राख्न नसकिएको कुरा चाहिँ बताउनुभएको छ । म यस्तो गैरजिम्मेवार जवाफ दिन मिल्छ मन्त्रीज्यूलाई मैले प्रश्न गर्न चाहन्छु, प्रयाप्त होमवर्क नभएको जानकारी नभएको भनेर सरकारले भन्न मिल्छ ? त्यसैले म भन्न चाहन्छु, हामीले प्रश्न गरेका थियौं । यो राष्ट्रको दोहन यति धेरै किन गर्नुहुन्छ ? बजेट विनियोजन गर्दै गर्दाखेरि बजेट केलाई महत्त्व दिने नीतिका कुरा सुनाउनु'भो तर कुनै नितिमा टेकेर होइन । कुनै विधिमा टेकेर होइन । सिद्धान्तमा टेकेर होइन् टोलस्तरका बजेट

वडास्तरका बजेटहरू विनियोजन गरिको छ । के संघले विनियोजन गर्ने बजेट छनोट गर्ने योजना यस्तै हुने गर्दछ ? म प्रश्न गर्न चाहन्छु र म अर्को प्रश्न गर्न चाहन्छु मैले एउटा तनहुँको योजनाको बारेमा कुरा गरेको थिएँ । पृथ्वी राजमार्गको दमौलीदेखि ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय खिमलाल देवकोटा ।

**<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**ः- सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारको मन्त्रिपरिषद्को मिति २०७६ जठे ६ गते निर्णयअनुसार संघीय सरकारले विशेष गरी यो मन्त्रालयले ८० ओटा मात्रै राजमार्गमा हात हाल्ने हो । त्यो राजमार्गभित्रका पुलहरूमा काम गर्ने हो । अथवा त्यो राजमार्गभित्रका नयाँ पुलहरू बनाउने अथवा त्यो राजमार्ग नयाँ पुल बनाउने हो । अथवा स्तर उन्नति गर्ने भन्ने क्याबिनेटको निर्णय छ । तर अहिले हामीले विनियोजन विधेयक हेर्दाखेरि ८० ओटा होइन कि, ८ सय होइन कि, ८ हजार जति योजना त्यो भन्दा पनि बढी प्लस योजनाहरू छ । संघीय सरकारले हाम्रो संविधानको लक्ष्मण रेखा के हव भने संघीय सरकारले strategy प्रोजेक्टहरू गर्ने संघीय सरकारले चाहिँ गेम चेन्जर प्रोजेक्टहरू गर्ने भन्दाखेरि तपाईहरू साना साना टुक्रे टुक्रेहरू एकदम खुद्रे योजनाहरू एकदमै चुरोटे योजनाहरूमा हात हालिराख्नुभएको छ । यसको जवाप आएन मैले प्रश्न गरेको थिए । नम्बर दुई विराटनगर, धरान, पथलैया, वीरगञ्ज, भैरहवा, बुटवल, पोखरा र पोखरा उपत्यकामा ट्राम यातायातको सम्भाव्यता अध्ययन गर्ने विषय आएको छ । यो राम्रो हो तर यसलाई बजेट देखिएन किन यो बजेट राखिएन यसको पनि जवाफ आओस् । हवस् त । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय शेखर कुमार सिंह

**<u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)</u>**ः- समान्ननीय अध्यक्ष महोदय, मन्त्रीज्यू त त्यो दिन उपस्थित हुनुभएको थिएन । तर अर्थमन्त्रीज्यूमार्फत मैले मन्त्रीज्यूलाई ध्यान आकर्षण गराएको थिए । सप्तरी जिल्लाको पुरानो सडकमध्ये एउटा पुनौली फत्तेपुर सडक पनि थियो जस्तो कि अब इनरवादेखि बेलहि भन्सारसम्म खण्ड मात्रै चौध किलो मिटर बाँकी छ । यसमा माननीय मन्त्रीज्यूको

ध्यान जाओस् यसै योजनामा यो बनोस् भनेर हामी आशा राखेको छौं यसको जवाफ पनि चाहन्छु ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय माया प्रसाद शर्मा

**<u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** समाननीय अध्यक्ष महोदयमार्फत मन्त्रीजीलाई भन्न चाहन्छु कि पुष्पलाल लोकमार्गको चौरजहारी जगतीपुर खण्ड रूकुम पश्चिमको चौरजहारी र जाजरकोटोको जगतीपुर खण्डमा आज १० वर्ष भैगो त्यहाँ पुल बनाउन लागेको आहिलेसम्म भएको छैन । अहिले रकम छुटिएको छ कि छैन छुट्याएको छ कि छैन त्यहाँ काम गर्ने ठेकेदारलाई के गरिएको छ । कोहोलपुर सुर्खेत राजमार्गको कुरा उठिराखेको छ । त्यसमा रकम छ कि छैन म अध्यक्षमार्फत मन्त्रीज्यूलाई सोधन चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेनुकुमारी यादवलाई समय उपलब्ध गराउँछु ।

**<u>माननीय भौतिक पूर्वधार तथा यातायात मन्त्री श्री रेनुकमारी यादव</u>**:- सम्मानीय अध्यक्ष महोदय पुनःमान्यज्यूहरूको आग्रह सुझावलाई म जवाफ दिन चाहन्छु । मन्त्रीज्यू मैले गैरजम्मेवारीपूर्वक सायद लाग्छ जवाफ दिएको छैन । म स्पष्ट धारणा राखेकी छु ।

सानो सानो टुक्रा माननीयज्यू अनुसार नै मागअनुसार पनि माननीयजी साथीहरू पूर्वमन्त्री मान्य सबैलाई थाहा पर्ने थियो ८० ओटा राजमार्गसँग कनेक्टिभिटी भएको धेरै सडकहरू हाम्रो अन्तर्गतमा पर्छ । मैले के भने के त्यो मापदण्ड किन तयार किन नहुन सक्यो भनेर ? कि सबैको माग अनुसार ३० किलोमिटर, २० किलोमिटर, २५ किलोमिटर र दश किलोमिटर ठुला ठुला राजमार्गको नाम तोकिएको छ । त्यो सडकहरूको नाम तोकिएको छैन । त्यो दिंदाखेरि र पहिलेदेखि पनि अहिलेसम्म निरन्तर बनेको सडकहरूको नाम कस्तो छ भने फाल्ना घरको गोठालादेखि फाल्ना घरको गेटसम्म नहरको पश्चिमबाट उतरसम्मको रोड त्यो कुन रोड हो कसको घरको गोठालाको

रोड हो । त्यो पहिला पनि रेड बुकमा लेखिएको तपाईंहरू पाउनुहुन्छ । म भन्दाखेरि के भने यो देशभरिको सडक फस्टचोटि सङ्घीयता आएपछि प्रदेशहरूले कुन कुन सडक बनाउने त्यो अहिलेसम्म मापदण्ड बन्न सकेको छैन । किनभने विगतमा धेरै सडकहरू प्रदेशमा थिए । त प्रदेशले हामी बनाउन सक्दैन, फेरि संघमा फर्काएर यसपालि पनि ३० कि.मि., २५ कि.मि. को सडकहरू फेरि संघबाट हामीले बनाउनुपर्ने आवश्यकता पर्यो । त्यसैकरण त्यसलाई मापदाण्ड बनाएर हामी कति सडक बनाउने त ? र प्रदेशले कुन कुन सडक बनाउने कुन ठाँउबाट कताबाट जोढ्ने त्यो प्रदेशको मापदण्ड नबनेको कारणले सम्पूर्ण जिम्मेवारीले करिब करिब जिम्मेवारी सङ्घमा आएको अवस्था छ त्यसलाई होमवार्क गरेर त्यो छुटाएर फेरि प्रदेशमा समस्या कस्तो छ । वाहाँहरूलाई मेनपावर छैन । वाहाँहरूले कुन कसकोबाट कुन काम गराउन नभएको कारणले पनि वाहाँहरू आफ्नो जवाफदेहिता र वाहाँहरूले फेरि सङ्घमा फर्काएको कारणले हामीले धेरै समस्या परेको हो । त्यसलाई मापदण्ड बनएर अगाडि बढियो भने यो छुट्याउनुपर्छ । अब स्थानीयतर्फ प्रदेश सरकार बनेपछि सबैले सङ्घ सबै सरकार बनाउने होइन । यो बनाउन पनि सक्दैन त्यसैकारणले प्रदेशले कुन किसिमको मापदाण्डबाट सडक बनाउने उसले छुट्याउनैपर्छ । स्थानीयले कुनबाट नगरपालिका गाँउपालिकासँग जोढ्ने त्यो छुट्याउनैपर्छ । त्यो छुट्याउने बित्तिकै सङ्घमा त्यति भार पनि पर्दैन र एकदम निश्चित सडकहरूलाई अगाडि बढाउनुपर्ने अवस्था हुन्छ ।

अर्को कुरा यसपालि पहिलाको यसमा २० लाख, २५ लाख छुट्याइन्थ्यो । त यसपालि सकेसम्म हामीले के प्रयास गऱ्यौं भने पच्चिस लाख बिस लाखले प्रसाद बाँडेर सडकको केही मतलब भएन सबै छरिएर बजेट बस्छ त्यसैकारणले कम्तीमा त्यो सडक परेकोमा पनि एक करोड दुई करोड तीन करोड हाल्दिएपछि टेन्डर लागेर कम्तीमा त्यो काम सुरुआत हुन्छ र त्यो फेरि प्रदेशमा पनि हस्तान्तरण हुन सक्छ । प्रदेशको मन्त्री माननीयहरू बनाउन सक्नुहुन्छ भन्ने यसपालि धेरै ठुलो प्रयास भएको छ । त्यसैअनुसार बजेट पनि विनियोजन भएको छ माननीयसदस्यहरू त्यसैकारणले मैले यो गर्ने होइन । यो प्रदशको पनि काम हो स्थानीयको पनि काम हो यो बनिरखेको छ । वाहाँहरू गरिरखु पनि भएको छ । विगतामा सायद हुन्छ होला । अर्को कुरा ८० ओटा सडक राजमार्गमात्रै थिएन पहिला पनि करिब तीन सय सडक थियो । सहायक राजमार्गमा यसपालि बढाइएको छ । यसपालि किन बढाइएको छ भने सम्पूर्ण मान्यज्यूहरूको अनुसार वाहाँहरूको पनि एक दुइओटा च्याट्ट सडक पर्नैपर्छ भनेर हामी हाल्यौं । तर

एउटा कुरा आग्रह गर्न चाहन्छु । यो हाम्रो देशमा एउटा विचित्रको विडम्बना पनि छ । यसले गैरजिम्मेवार भन्नुहुँदैन । भोलि तपाईं पनि यो सिटमा मन्त्री बन्न सक्नुहुन्छ । सबैको चासोको विषय हो । विडम्बना के छ भने मन्त्रालयबाट सबै विनियोजन भएको गएपछि योजना आयोग र अर्थमन्त्रालयको कर्मचारी पनि आफ्नो देशभरिको केही न केही बजेट थपेर वाहाँले एन्ट्री गराउनुहुन्छ । जसमा मन्त्रीजीहरू आफ्नो पछि पनि दश, बिस, पच्चिस थापिन्छ । वाहाँहरूको पनि जिम्मेवारीको कारणले फेरि योजना आयोगको भनाइ के छ भने हाम्रो देशमा एउटा प्रचलित सिस्टमअनुसार योजना बनाउने हकिकतमा भन्नुहुन्छ भने योजना आयोगको काम हो हामी योजना बनाउने होइन । यो राष्ट्रिय मार्गहरूको योजना बनाउने राष्ट्रिय योजना आयोग हो । पैसा दिने अर्थमान्त्रलय हो । मन्त्रालयले उसलाई द्रुत गतिमा काम गराउनुपर्ने अवस्था हुन्छ । तर हाम्रो चलन चलती सुरुदेखि के छ भने सबैको सहयोग सबैको कुरा सबैले लिएर योजना बनाउने चलन भएको कारणले यसपालि सडक बढेको छ माननीय सदस्यहरू ।

अब हाम्रो शेखर सिंहज्यूको पनि कुरा आयो, निश्चित रूपमा पुरानो सडक छ । जो बन्दै आएको थियो त्यो सडकहरूमा बजेट केही न केही परेको छ । सिलिङभित्र एउटा निर्धारित सिलिङ हामीले केही काम पर्ने अवस्था छ । त्यसैकारणले पनि यो सबै छुट्यायो भने मलाई लाग्छ कुन सडक बन्ने नबन्ने त्यो कुनौलीको सडक भन्नुभएको छ, त्यो प्रदेशस्तर हो कि सङ्घीयस्तर हो । त्यो पनि छुटिएको छैन तर पनि जो दैनिकी हरेक साल बजेट आएको थियो त्यो बजेट परेको छ । त्योअनुसार बन्छ त्यसैकारणले त्यसमा चिन्ता लिनुहुँदैन माननीयज्यूहरू । म पटक पटक आग्रह के गऱ्या छु भने धेरै कुराहरूले हामीले सम्पूर्ण मान्यज्यूहरू सबैले बसेर पनि प्रदेशमा गएपछि धेरै सङ्घमा मात्र म प्रतिनिधि सभामा पनि जवाफ दिएका थिएँ कि मात्र माननीयज्यूहरू नेता होइन । जिल्लामा पनि नेताहरू छन, प्रदेशमा पनि नेताहरू छन, पूर्वमान्त्री माननीय छन्, पूर्वप्रधानमन्त्रीहरू छन् । वाहाँहरूको अनुसार पनि सर सल्लाह लिएर केही बजेट केही योजना दिने आवश्यकता हुन्छ त्यसैकारणले केही बढ्नु ठुलो कुरा होइन, बन्नुपर्छ भने हाम्रो धारणा हुनुपर्छ सडक जति बने पनि पुला जति बने पनि पुलाको डिजाइनिङ र पुलाको एले जति नाला खोला छ पहिले नै मैले भने पुला बनेको छ । धेरै पुला टुटेको छ भत्केको छ। त्यो डिजाइनिङ यसपालि हामी त्यसमा पनि ध्यान दिएका छौं । डिजाइनिङ गरेर पुला एकदम मजबुद पुला बन्यो भने मलाई लाग्छ आवत जावत हुन्छ ।

अर्को कुरा के छ भने ठुलाठुला पुला यसमा यसपालि हामीले कनेक्टिभिटीको दार्चुला, धार्चुलाको महाकाली पुलाको एग्रिमेन्ट गर्यौं । त्यो बन्छ त्यो एउटा व्यापार मार्ग सुरु हुन्छ कामहरू त्यो किसिमले अगाडि बढ्छ । तर सानो सानो खोलाको पुला पनि यही ठाँउमा बन्दाखेरि बजेट कम यता सुरु गरियो उता सुरु गरियो पूरा नहुने हरेक व्यक्तिको आफ्नै गाँउमा हुनुपर्ने एउटा सम्भावनाको कारणले धेरै पुरा हुनसकेको छैन। त्यसैकारणले यो मापदण्ड बनाएर प्राथमिकताको अनुसारमा कुन पुला पहिले बन्नु जरूरी छ, कुन सडक पहिला बन्नु जरूरी छ । जस्तो हाइवेहरू द्रुत गतिमा अहिले सुरुआत भएको छ जस्तो मदानभण्डारी राजमार्ग, हुलाकी राजमार्ग यनीहरू अहिले द्रुत गति पक्डेछ । त्यसैकारणले यसमा हामीहरू सम्पूर्ण माननीयज्यूहरूलाई के आग्रह गर्न चाहन्छु । यो मात्रै यो जवाफदेहिता एकजनाको होइन यो सम्पूर्ण देशको जवाफदेहिता हुन्छ । निश्चित रूपमा मन्त्रालयको विशेष जिम्मेवारी र जवाफदेहिता भएको कारणले मापदण्ड बनाएर अगाडि बढ्नुपर्छ र त्यसमा हामी प्रयासमा छौं । अहिले पनि हामी होमवर्क गरिराखेका छौं । कुन सडकलाई प्राथमिकता दिने कुनलाई नदिने भनेर हाम्रो अहिले पनि दुई चार दिनदेखि भैरहेकोछ । त्यसैकारणले तपाईंको सुझाव पुनः जिज्ञासालाई कदर गर्दै फेरि यसमा मेरो पनि ध्यान जान्छ म गर्ने प्रयास गर्छु । धन्यवाद ।

**<u>सम्मानीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय परराष्ट्र मन्त्री डा. नारायण खड्कलाई परराष्ट्र मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेको प्रश्नहरूको मात्र जवाफ दिन समय उपलब्ध गराउँछु ।

**<u>माननीय परराष्ट्र मन्त्री डा. नारायण खड्का</u>ः-** सम्माननीय सभा अध्यक्ष महोदय, गत असार ८ गते बुधवार विनियोजन विधेयक २०७९/८० माथि परराष्ट्र मन्त्रालय अन्तर्गत यसका निकायहरूमा विनियोजित विधेयक, विनियोजित रकम र कार्यक्रमहरूको बारेमा पन्ध्रजना माननीयहरूज्यूले भाग लिनुभएको थियो । पन्ध्रजना सबै माननीयज्यूहरूले परराष्ट्र मन्त्रालयको तर्फमा बोल्नुभएन माननीय नारायण दत्त मिश्रज्यू, माननीय खिम लाल भट्टराईजी, माननीय माया प्रसाद शर्माज्यू, माननीय सिंह बहादुर

विश्वकर्माज्यू, माननीय विमला घिमिरेज्यू, माननीय भगवाती न्यौपानेज्यू, माननीय गोपी बहादुर सार्की आच्छामीज्यू, माननीय कृष्ण प्रसाद पौडेलज्यू, माननीय युवराज शार्माज्यूलगायत माननीय राजेन्द्र लक्ष्मी गैरेजयू लगायत माननीयज्यूहरू १५ जना माननीयज्यूहरूमा तीनजान माननीयहरूले मात्रै परराष्ट्रको बारेमा सामान्य प्रतिक्रिया दिनुभएको थियो । यसबाट पनि म अत्यन्त हार्दिक आभार व्यक्त गर्न चाहन्छु कि अधिकाङ्श माननीयज्यूहरूले परराष्ट्र मन्त्रालयको बारेमा खासै विनियोजित विधेयक र यसका शीर्षकहरूमाथि कार्यक्रममाथि खासै टीका टिप्पणी नगरेको हुनाले हाम्रो कार्यक्रमा मलाई लाग्छ । माननीयज्यूहरूले लाई राम्रै भनठान्नुभएको होला भन्ने मलाई लाग्छ । तथापि माननीयज्यूहरूले जुन धारणा व्यक्त गर्नभो त्यसको लागि म हार्दिक हार्दिक आभार पनि व्यक्त गर्न चाहन्छु । तथापि परराष्ट्र मन्त्रालयले यो सरकार गठन भएको एघार महिनामा हामीले यो मन्त्रालयले हाम्रो परपराष्ट्र नीतिअन्तर्गत हाम्रो राष्ट्र हितलाई प्रवर्द्धन गर्नका लागि हाम्रो राष्ट्र हितलाई प्रवर्द्धन गर्नको लागि हाम्रो सार्वभौमिकता हाम्रो क्षेत्रिय अखण्डता हाम्रो राष्ट्रिता हाम्रो स्वाभिमानलाई अझ वृद्धि गर्नको लागि गत एघार महिनाभित्रका गरेका कामहरूको बारेमा म यो सम्मानित सदनमा निवेदन गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, नेपालको स्वतन्त्रता, सर्वभौमसत्ता भौगोलिक अखण्डता स्वाधीनता राष्ट्रिय हितको रक्षा गर्दै सर्वभौमिक समानताको आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध निर्देशित रहने नेपालको संविधानले स्पष्ट गरेको माननीय सदस्यहरूमा अवगत नै छ । संयुक्त राष्ट्र सङ्घको वडा पत्र असंलगनता, पञ्चशीलका सिद्धान्त, अन्तर्राष्ट्रिय कानुन र विश्व शान्तिको मान्यतका आधारमा राष्ट्रियको सर्वोपरि हितलाई ध्यानमा राखी स्वातन्त्र परराष्ट्र नीति सञ्चालन संविधानको नीतिगत मागदर्शनको रूपमा रहेको छ । संविधानको मागनिर्देशन र नीतिगत व्यवस्था संघीय संसदबाट समय समयमा सरकारलाई प्राप्त हुने सुझाव तथा निर्देश र अन्तर्राष्ट्रिय सम्बन्धसम्बन्धी प्रचलित कानुन, मूल्य तथा मान्यतालाई पूर्ण रूपमा आत्मसात गर्दै पारस्परिक लाभका आधारमा स्वातन्त्र र सन्तुलित परराष्ट्र सम्बन्ध अवलम्बन गर्ने नीति नेपाल सरकारको रहिआएको छ । देशको राष्ट्रिय स्वाधीनता राष्ट्र हितलाई रक्षा गर्ने आर्थिक कूटनीतिकको सञ्चालनद्वारा मुलुकको सामाजिक, आर्थिक, विकासमा योगदान पुऱ्याउने शान्ति, स्थिरता आर्थिक रूपान्तरण र जनताको संवृद्धिका लागि पारस्परिक हित र लाभका आधारमा छिमेकीलगायत विश्वका सबै मित्र राष्ट्रहरूसँगका मित्रीपूर्ण सम्बन्ध लागि थप सुदृढ

बनाउनेतर्फ सरकारको कूटनीतिक प्रयासउन्मुख छ । परराष्ट्र सम्बन्ध सञ्चालनमा राष्ट्रिय सहमति कायम गर्नु अपरिहार्य छ भन्ने कुरामा वर्ममान सरकार र परराष्ट्र मन्त्रीको हैसियतमा मेरो दृढ विश्वास रहेको छ ।

यसै सन्दर्भमा नेपाल सरकारले संयुक्त राज्य अमेरिकाको State Partnership Program अगि नबढाउने निर्णय गरेको बेहोरा यस सम्मानित सदनमा अवगत गराउन चाहन्छु । विनियोजित विधेयकमाथि छलफलमा भाग लिने क्रममा माननीय सदस्यज्यूहरूले सरकारलाई धन्यवाद दिनुभको छ । एसपीपी कार्यक्रम अगि नबढाउने भन्ने कुरा अत्यन्तै खुशीको कुरा हो भनेर माननीयज्यूहरूले आफ्नो आधारण पनि व्यक्त गर्नुभएको छ । साथै नेपालको राष्ट्र हित र नेपालले अवलम्बन गर्दै आएको असंलग्न परराष्ट्र नीतिको विपरीत हुने गरी कुनै सामरिक वा राणनितिक गठबन्धनमा नेपाल प्रवेश नगर्ने यस सम्मानित सदनसमक्ष अनुरोध गर्न चाहन्छु । सरकारले अवलम्बन गरेको नीतिको फल स्वरूप अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको प्रतिष्ठा अझ बढेको छ । छिमेकी मित्र राष्ट्र दक्षिण एसियाली मुलुक प्रमुख शक्ति राष्ट्र विकास साझेदारलगायत सबै राष्ट्रहरूसँगको सम्बन्ध अझ मैत्रीपूर्ण एवम् सहयोगात्मक बनेको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा तथा उपक्षेत्रीय मञ्च नेपालको उपस्थिति थप प्रवाभकारी देखिएको छ । नेपालसँग दौत्य सम्बन्ध कायम भएको मुलुकहरूको सङ्ख्या १७७ पुगेको बेहोरा, म यहाँ अवगत गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, वर्तमान सरकारको गत एघार महिनाको अवधिमा सम्माननीय राष्ट्रपति, सम्माननीय प्रधानमन्त्री, परराष्ट्र मन्त्री तथा उच्च रानीतिक तहमा भौगोलिक तथा भर्चुअल माध्यमबाट बहुपक्षीय तथा द्विपक्षीय भेटघाट बैठक तथा छलफल भएका छन् । यसै गरी महत्त्वपूर्ण भ्रमण पनि भएका छन् । सम्माननीय राष्ट्रपतिज्यूबाट सन् २०२२ मा चीनको बुहाओमा सम्पन्न बुहाओ फोरमलाई भिडिओ सन्देशको माध्यममा सम्बोधन, बेलायतको ग्लासगोमा  आयोजित कपको COP 26 को वार्ल्ड लिडर सामिटमा समाननीय प्रधानमन्त्रीज्यूको सहभागिता र सम्बोधन समाननीय प्रधानमन्त्रीज्यूबाट संयुक्त राष्ट्र सङ्घको ७६ महासभाको अवसारमा आयोजित फुड सिस्टम समिट तथा हाइ लेभल डाइलग अन Energy अमेरिकी राष्ट्रपति जो बाइडिनद्वारा आयोजित लिडर समिट  फर डेमोक्रसीमा सम्बोधन श्रीलंङ्काको कोलम्बोमा भर्चुअल रूपमा आयोजित पाँचौं BIMSTEC शिखर सम्मेलनमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट नेपाली प्रतिनिधिमाण्डलका नेतृत्वजस्ता राष्ट्र प्रमुख र सरकार प्रमुखको तहबाट भएका सहभागित

सम्बोधनबाट अन्तर्राष्ट्रिय र क्षेत्रीय मञ्च यसमा नेपालको दृष्टिकोण मुखरित हुनुका साथै नेपालको राष्ट्र हितको प्रवर्द्धन महत्त्वपूर्ण योगदान पुगेको छ ।

सम्मानीय प्रधानमन्त्रीज्यूबाट छिमेकी राष्ट्रका भारतका प्रधानमन्त्री श्री माहामहिम नरेन्द्र मोदीको मन्त्रीपूर्ण निमन्त्रणमा भारतको तीन दिने २०७८/१२/१८ देखि २० औपचारिक भम्रण भएको थियो । सो भम्रणको अवसरमा सम्माननीय प्रधानमन्त्रीज्यू र भारती समकक्षीबिच नेपाल भारत सम्बन्धका बहुआयामिक क्षेत्रहरूमा छलफल भएको छ । जसले गर्दा दुई मुलुकबिचको सम्बन्धता तथा सम्झदारी थप उचाइमा पुगेको छ । संयुक्त राष्ट्र सङ्घको ७६ महासभामा परराष्ट्र मन्त्रीको रूपमा म आफूले नेपालको प्रतिनिधिमाण्डलको नेतृत्व गरेको थिएँ । उक्त महासभालाई सम्बोधन गर्ने क्रममा कोभिड-१९ विरुद्धको खोपको सार्वजानिक र समृद्धमूलक पुहुँच हुनुपर्ने । शान्ति कायममा नेपालले पुर्याएको योगदानलाई कदर गर्दै संयुक्त राष्ट्र सङ्घको मुख्यालय तथा फिल्ड मिशन नेतृत्वदायी भूमिकामा थप स्थान पाउनुपर्ने लगायतका मुद्दाहरूमा नेपालले आफ्नो स्पष्ट धारण राखेको थियो । परराष्ट्र मन्त्रीको हैसियतामा असंलगन राष्ट्रहरूको पहिलो शिखर सम्मेलन आयोजन भएको साठिऔं वर्ष पुगेको अवसरमा सर्भियाको बेलगेटमा आयोजित ..... हाइ लेभल मिटिङमा नेपालको प्रातिनिधित्त्व गर्दै असंलगन आन्दोलनप्रति नेपालको प्रतिबद्धता प्रकट गरेका बेहोरासमेत माननीय सदस्यहरूसमक्ष अनुरोध गर्न चाहन्छु ।

त्यसै गरी इन्डोनेसिया को बालीमा सम्मन्न Fourteen बाली डेमोक्रसी फोरम, टर्कीमा आयोजना भएको आन्ताली डिप्लोमेसी फोरम, श्रीलङ्कामा आयोजित आठारौं बिमिस्टेक जस्तो परराष्ट्र मन्त्रीस्तरीय महत्त्वपूर्ण बैठकहरूमा भागलिई नेपालको आधारण प्रष्ट पारेको छ । यसैबिचमा मित्र राष्ट्रहरूबाट पनि नेपालमा उच्चस्तरिय भ्रमणहरू भएका छन । यसै महिनाको सुरुमा नेपालका सम्माननीय प्रधानमन्त्रीको निमन्त्रणमा भारतका प्रधानमन्त्री माहामहिम श्री नरेन्द्र मेदीले बुद्ध जयन्ती अवसरमा नेपालको भ्रमण गर्नुभएको थियो । यो भ्रमणले दुई देश बिच सदियौंदेखि रहेको संस्कृतिक शान्ति सम्झौतालाई अझ सुमधुर बनाएको छ । छिमेकी मित्र राष्ट्र चीनका परराष्ट्र मन्त्रीले चैत्र ११-१३/७८ मा नेपालको भ्रमण गर्नुभएको थियो । उक्त भ्रमणको अवसरमा भएको नेपाल, चीन परराष्ट्र मन्त्रीस्तरीय वार्तामा नेपाल चीन सम्बन्ध र सहयोगका साथ सबै महत्त्वपूर्ण पक्षहरूमा सौहार्दपूर्ण वार्ता भएको मान्य सदस्यहरूसमक्ष अनुरोध गर्न चाहन्छु । सो अवसरमा आर्थिक तथा प्राविधिक सहयोगका साथै अन्य विषयमा साम्झौता

तथा समझदारी पत्रमा हस्ताक्षर तथा आदान-प्रदान भएको थियो । साउदी अर्बको परराष्ट्र मन्त्री  संयुक्त राज्य अमेरिकाका assistant secretary ले नेपालको भ्रमण गर्नुभई नेपाल र ती मुलुकबिच सम्बन्धका विभिन्न विषयमा छलफल गर्नुभएको थियो ।

यसका अतिरिक्त यस अवधिमा अन्य मुलुकका विभिन्न तहका प्रतिनिधिका साथै विश्व स्वास्थ्य संङ्गठनका महानिर्देशन एवम् अन्तर्राष्ट्रिय क्षेत्र सङ्गठनका महत्त्वपूर्ण व्याक्तित्वले नेपाल भ्रमण गर्नुभएको थियो । यस अवधिमा चीन, दक्षिण कोरिया, थाइल्याण्ड, नार्वे, फिनल्याण्ड, Switzerland, European Union दक्षिण अफ्रिकालगायतका मुलुकहरूसँग द्विपक्षीय परामर्श संयन्त्र बैठकहरू सम्पान्न भएका छन। May २५,२२ मा सम्पूर्ण नेपाल, चीन दिपक्षीय परामर्श संयन्त्रको बैठकमा दुई मुलुकबिच व्यापार पारवइन, सम्पर्क, सञ्चाल, लगानी, स्वास्थ्य, पर्यटन,  शिक्षा, संस्कृति, जनस्तरको सम्बन्धको विषयमा छलफल भएको थियो । दिपक्षीय भ्रमणको आदान-प्रदान भेटघाट छलफल जुनसुकै मुलुक अवलम्बन गर्ने विदेशिक सम्बन्ध तथा कूटनीतिक प्रचलित अभ्यास हुन् । राजनैतिक तथा कूटनीतिक भ्रमण तथा भेटघाटको आयोजना गर्दा नेपालले अवलम्बन गर्दै आएको स्वतन्त्र र सन्तुलित परराष्ट्र नीतिलाई ध्यानमा राखेर नै गरिने बेहोरमा सम्मानित सदनसमक्ष निवेदन गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, मुलुकको सार्वभौमसत्ता भौगोलिक अखण्डता, स्वतन्त्रता, स्वाधीनता सिमानाको सुरक्षा, सीमा व्यवस्थापन जस्ता विषयहरूमा सरकार गम्भीर रहेको बेहोरा सम्मानित सदनसमक्ष निवेदन गर्न चाहन्छु । राष्ट्रिय सीमाको नियमित रूपमा संरक्षण गर्ने गरी कार्यक्रम तय भएका छन् । लिम्पियाधुरा, लिपुलेक, कालापानीलगायतका नेपाल भारत सीमासम्बन्धी नसुल्झिएका विषयहरूलाई सुल्झाउनुको लागि कूटनीतिक स्तरमा वार्ता गर्न नेपालको तर्फबाट भारत सरकारसमक्ष निरन्तर प्रयास हुँदै आइरहेको छ । गत १३ अप्रिल बाइसमा सम्माननीय प्रधानमन्त्रीले गर्नुभएको भारतको औपचारिक भ्रमणको क्रममा दुईपक्षीय संयन्त्र मार्फत सीमासम्बन्धी विषय सम्बोधन गर्न आग्रह गरिएको छ । नेपाल भारत सीमासम्बन्धी Boundary Working Group को पाछिलो बैठक भारतको देहरादुनमा २८-३० अगष्ट १९ मा सम्पन्न भएको थियो । Boundary Working Group को आगामी बैठक यथाशीघ्र आयोजना गर्न नेपालको तर्फबाट प्रस्ताव भई भारतीय पक्षलाई पत्रचार गरिएको छ । नेपालको भारतसँगको सीमावार्ती क्षेत्रमा डुबानको समस्या रहेको र खास गरी नेपाल भारत सीमाका विभिन्न ठाँउहरूमा डुबान सम्साय बढ्ने गरी एकतर्फी रूपमा अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा भौतिक

संरचना निर्माण नगर्न तथा अन्तर्राष्ट्रिय सीमानाको मापदण्डबमोजिम हुने गरी मात्र त्यस्ता निर्माण कार्य गर्न साथै पूर्वसहमती बिना वा मापदण्ड बिना गरिएका कार्यहरू रोक्नका लागि आग्रह गरिएको छ ।

गत २५ देखि २७ मार्च २०२२ मा जनवादी गणतन्त्र चीनका स्टेट काउन्सिलर एवम् परराष्ट्र मन्त्री श्री महामहिम वाङईले गर्नुभएको नेपाल भ्रमणका अवसरमा दुई देशका परराष्ट्र मन्त्रीहरूबिच भएको दुई पक्षीय भेटवार्तामा आपसी परामर्शमा नेपाल चीन सीमा संयुक्त निरक्षणसम्बन्धी कार्य अगाडि बढाउने सहमति भएको छ । साथै गत २५ मे २२ मा virtual रूपमा नेपाल चीन कुटनितिक परामर्श संयन्त्रको चौधौं बैठकमा पनि संयक्त निरक्षणसम्बन्धी कार्य यथासके छिटो अगाडि बढाउन सहमती भएको छ । छिमेकी मित्र राष्ट्र चीनमा अध्ययन गरिरहेका नेपाली विद्यार्थीलाई अध्ययनका लागि चीन फिर्ता गर्ने विषयमा आवश्यक कूटनीतिक पहल भइरहेको छ । पहिलो लटमा २८१ मेडिकल student फिर्ता जाने भएका छन् । त्यसमध्ये १२० जनाले अनुमति पाइसकेका छन् । नेपालको राष्टिय हितका महत्त्वपूर्ण मूद्दाहरूमा विचार विमर्श गर्ने उद्देश्यले परराष्ट्र मन्त्रालयले स्थायी मञ्चको रूपमा प्रोफेसर यादुनाथ खनाल प्रवचन श्रृङ्खला सुरु गरेको छन् । यसअन्तर्गत प्रथम श्रृङ्खला यही २०७९ जेठ २४ मा सम्पन्न भएको छ । यो प्रवचन श्रृङ्खला आगामी वर्ष समेत गर्ने मन्त्रालयको योजना रहेको छ । नेपालको परराष्ट्र नीति वार्षिक नीति तथा काष्ठ सामग्री एवम् उपकरण प्राप्त गर्न मन्त्रालय र विदेशस्यत नियोगहरूमार्फत आवश्यक समन्वय र सक्रिया कूटनीतिक पहल गरिएको बेहोरा मान्य सदस्यहरूमा अवगत नै छ ।

विदेशमा अप्ठेरोमा परेका नेपालीहरूको उद्धार, उनीहरूको रोजगारको थमैती, आवश्यकता अनुसार नेपाल फर्कन सहजीकरण, उनीहरूलाई आवश्यक पर्ने कन्सुलर सेवा प्रदान गर्ने परराष्ट्र मन्त्रालयको मुख्य प्राथामिकता रहेको हुन्छ । वैदेशिक रोजगारलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने नीतिलाई मन्त्रालयले निरन्तर कार्यान्वयन गरिरहेको छ । अफ्गानिस्थानको नागरिकले सामाना गर्नुपरेको मानवीय विविधिमा केही समयअगाडि नेपाली नागरिकको तर्फबाट सङ्कलित राहात सामग्री सरकारी बजेट खर्च नगरीकन अफ्गानिस्तन रहेको संयुक्त राष्ट्र सङ्घको मिसनमार्फत त्यहाँको नागरिकलाई हस्तान्तरण गरिएको छ । नेपालको तर्फबाट विमानसहित राहात सामग्री लिएर कुनै विदेशी मित्र राष्ट्रका जनतालाई गरिएको यो नै पहिलो सहयोग हो । नेपालको यो सहयोगलाई संयुक्त राष्ट्र सङ्घ र अन्तर्राष्ट्रिय समुदायले सराहनीय र प्रशंसा गरेका छन् ।

गैरआवासीय नेपालहरूको लागि पुजी सहज, पुजी पहुँच सञ्जाल र प्रविधि नेपाल भित्र्याउने वातावरण बनाउन मन्त्रालयलाई प्रयत्नशील रहेको छ । गैरआवसीय नेपालहरूको लागि जारी गर्ने गरिएको हास्तलिखित परिचयपत्रलाई Digital Card को रूपमा जारी गर्ने गरी कार्यक्रम अगाडि बढाइएको छ । नेपालबाट हटाइएका तथा चोरी भई विदेश पुगेका पुरातात्विक महत्त्वका कलाकृति नेपाल फिर्ता ल्याउने कार्यमा महोत्त्वपूर्ण सफलता हासिल भएको छ ।

परराष्ट्र मन्त्रालयको संस्थागत सुदृढीकरणमा पर्याप्त ध्यान दिएको छ । परराष्ट्र मामिला अध्ययन प्रतिष्ठान प्रतिष्ठानलाई अझ सशक्त र स्रोत सम्पान्न बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छ । विभिन्न मुलुकमा नेपालले नेपालका राजदूत नियुक्ति गर्दा वर्तमान सरकारले नेपालको संविधान र राजदूत नियुक्तिसम्बन्धी निर्देशिका ७५ को पूर्ण पालना गरेको छ राजदूतहरूको कार्य विभरण तयार गरी मूल्याङ्कन गर्ने परिपाटि रहेको छ । नेपाल सरकारले हालसालै गरेको राजदूत नियुक्तिमा राजदूत नियुक्तसम्बन्धी निर्देशिका ७५ को अनुसरण गरिएबाट परराष्ट्र मन्त्रालयका सम्पूर्ण कर्मचारीको मनोबल बढेको मैले अनुभूत गरेको छु । कही दिनअगाडि मात्र नेपाल सरकारबाट सबै सरकारी निकायहरूले वैदेशिक एवम् कूटनीतिक सम्बन्धका विषयहरूमा पत्रचार गर्दा अनिवार्य रूपमा परराष्ट्र मन्त्रालयमार्फत गर्ने निर्णय गरेको हो बेहोरा मान्य सदस्यमा अवगत नै छ । केही मान्यज्यूहरूले योबारेमा पनि कुरा उठाउनुभएको थियो र सरकारलाई धन्यवाद दिनुभएको छ ।

परराष्ट्र मन्त्रालय र सोअन्तर्गतका नियमहरूबाट नागरिकहरूलाई प्रात्यक्ष रूपमा प्रभाव हुने सेवालाई प्रभावकारी बनाउन निरन्तर सुदृढीकरण अभियान जारी राखिएको छ । परराष्ट्र मन्त्रालय राहदानी विभागले गत मार्ग १ देखि विद्युतीय राहदानी जारी गर्ने कार्य सुरु गरेको छ । राहदानी वितरण कार्यलाई सहज बनाउन ७७ ओटै जिल्ला र विदेशस्थित नियोगबाट समेत आवेदन सङ्कलन र वितरण गर्ने गरी व्यवस्था मिलाइएको छ । राहदानी वितरण अझ सहज, सरल र व्यवस्थित बनाउन प्रायत्न जारी रहने छ । विभागले भ्रष्टचारविरुद्ध शून्य सहनशीलत लिएको छ । परराष्ट्र मन्त्रालयलाई कन्सुलर सेवा विभागबाट हुने कागजातको प्रमाणीकरण कार्यलाई सरल र सुलभ बनाउने स्थानीय निकायसँग सहकार्य गरेको छ ।

सम्माननीय अध्यक्ष महोदय, यस सम्मानित राष्ट्र सभामा विनियोजन विधेयक, ७९/८० अन्तर्गत परराष्ट्र मन्त्रालय एवम् मातहतका निकायहरूको लागि विनियोजन

गरिएको बजेट तथा कार्यक्रमउपर भएको छलफलअन्तर्गत क्रममा मान्यसदस्यहरूले उठाउनुभएका फेरि पनि म यहाँ निवेदन गर्न चाहन्छु केवल तीनजना मान्यजीहरूले मात्रै छोटकरीमा धन्यवाद दिनुभएको छ । सायद यसपछि सायद प्रश्न कमै आउने हो कि ? अगाडिको छलफललाई हेर्दाखेरि उठाउनु भएका विभिन्न विषय तथा राख्नुभएको जिज्ञासाहरूको सम्बन्धमा आफ्नो विचार राख्न समय दिनुभएकोमा सम्माननीय अध्यक्षप्रति हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु । मान्यज्यूहरूले जुन सुझाव, सल्लाह धारणा राखिदिनुभो त्यसको लागि पनि वाहाँप्रति हार्दिक हार्दिक आभार व्यक्त गर्न चाहन्छु धन्यवाद । नमस्कार ।

**पीठासीन**ः माननीय श्री अनिता देवकोटा ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, माननीय परराष्ट्र मन्त्री डा. नारायण खड्काले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु ।

विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहानुहुने प्रत्येक माननीय सदस्यहरूलाई एक मिनेट समय निर्धारण गरिएको छ । माननीय सुरेश कुमार आलेमगर ।

**माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- अध्यक्षज्यूमार्फत परराष्ट्र मन्त्रीज्यूलाई अन्तर्राष्ट्रिय सम्बन्ध विदेश नीतिबारे जिज्ञासा राख्ने व्यक्ति भएको हुनाले प्रोफेसर योदुनाथ खनाल श्रृङ्खला कहिले कहिले हुँदो रहेछ, कसरी आयोजन हुँदो रहेछ, त्यसको आयोजकको रहेछ, भन्ने कुरा जान्न चाहन्छु र विदेश मन्त्रालय भनेको भए चाहिँ स्वदेश मन्त्रालय हुन्थेन र प्रष्टै हुन्थ्यो, विदेश मन्त्रालय भनेको भए स्वदेश मन्त्रालय भन्ने हुन्थेन त्यो प्रष्टै हुन्थ्यो तर परराष्ट्र मन्त्रालय भनेको हुनाले वरराष्ट्र राष्ट्र मन्त्रालय भन्ने के रैछ ? भन्ने जिज्ञासा कायमै छ, यो प्रश्न होइन । यसको जवाफ मन्त्रीज्यूले दिइरहनुपरेन । धन्यवाद ।

**सम्मानीय सदस्य**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय परराष्ट्र मन्त्री डा. नारायण खड्कालाई समय उपलब्ध गराउँछु।

**माननीय परराष्ट्र मन्त्री डा. नारायण खड्का**:- धन्यवाद । माननीयज्यूहरूमा, माननीय सुरेश आलेमगरज्यूले योभन्दा अगाडि ठ्याक्कै यही प्रश्न गर्नुभएको थियो । यो खनाल Professor खनालको यो lecture series को बारेमा यो पहिलो पटक हामीले आयोजना गर्यौं र एकजना विद्वान नेपालीले Professor सूर्यप्रसाद शार्मा उहाँ आक्सफोर्डको प्रोफेसर हुनुहुन्छ । इन्टरनेसनल Law को एउटा जानेको कारणले वाहाँबाटै हामीले नेपालको Foreign Policy सम्बन्धी पहिलो यो प्रवचन श्रृङ्खला सुरु गर्यौं भर्खर पन्ध्र, बिस दिन अगाडि होटल सोल्टीमा र झन्डै झन्डै अढाइसय, तीन सय माननीयज्यूहरू अब त्यो लिस्ट चाहिँ अब यहाँ हाम्रो अन्तर्राष्ट्रिय विभागको मार्फतबाट सायद गयोहोला अनि परराष्ट्रसम्बन्धी जानकारहरू पूर्वसचिवहरू गरेर निकै ठुलै सङ्ख्यामा चाहिँ त्यहाँ उपस्थित हुनुहुन्थ्यो र यो पहिले श्रृङ्खला हो । अब यसपछि हामीले कहीले विदेशका पनि जानकारहरू परराष्ट्र मामिलामा नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको बारेमा, त्यो श्रृङ्खला आगामी साल, मलाई लाग्छ महीचाहिँ अप्रिल, May तिर हामी आयोजना गर्छौं र निश्चय नै माननीयज्यूलाई पनि यो प्रोग्राममा अहिले नै निमन्त्रण गर्नलाई म हाम्रो मन्त्रालयलाई, यो चाहिँ सूचना पनि गर्छु

र एउटा सानो माननीयज्यूले पर्दैन त भनिहाल्नुभो, यो भाषा अब परराष्ट्र भन्ने हाम्रो जिब्रोमा बसिसक्यो । भाषा कहिलेकाहीँ अप्ठेरो भए पनि सुरुमा त्यसलाई अभ्यास्त भइसकेपछि, त्यो भाषा त्यस्तै गरेर बुझिन्छ । Common Man ले पनि त्यसरी नै बुझछन् परराष्ट्र भन्दाखेरि, अब बाहिर पनि Ministry of Foreign Affairs, Ministry Of External Affairs इन्डियले Ministry of External Office भन्छ । अमेरिकाले State Department भन्छ त्यस्तै गरेर चाहिँ Foreign Department भन्छ बेलायतले । के भन्दाखेरि आफ्नो आफ्नो नाम राख्छन् । अब हामीले यहाँ पहिलेदेखि नै परराष्ट्र भन्ने राखिसकेको यो हाम्रो थगोमा पनि करिब करिब भइसक्यो अब फेरि विदेश मन्त्रालय भन्यो भने फेरि कसैको नक्कल गरेको हो कि भन्ने पनि काता काता छाप पर्ला भन्ने पनि हुन सक्ला । त्यसकारण परराष्ट्र भन्ने शब्द बसी नै सक्यो संविधानमा बस्यो हाम्रो जिब्रोमा बस्यो । हाम्रो त्यसैले अब भाषा कहिलेकेहीँ त्यस्तै हुन्छ । तथापि पुनः फेरि माननीयज्यू तपाईंलाई हार्दिक

धन्यवाद दिन चाहन्छु । अगाडि पनि यही कुरा राखुभएको थियो भन्दै बिदा हुन्छु । नमस्कार ।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, परराष्ट्र मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, माननीय मान्त्रीहरूले आआफ्नो मन्त्रालयअन्तर्गतको विनियोजन शीर्षकहरूमाथिको छलफलको क्रममा माननीय सदस्यहरूले उठाउनुभएका विषयहरूमा मात्र केन्द्रीय रही जवाफ दिन माननीय मन्त्रीज्यूहरूको ध्यानाकर्षण गराएको सन्दर्भमा पुनःस्मरण गराउन चाहन्छु ।

माननीय सदस्यहरू, अब माननीय भूमि व्यवस्था, सहकारी तथा गरिब निवारण मन्त्री शाशी श्रेष्ठलाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूको माथिको छलफलमा उठेका प्रश्नहरूको मात्र जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री श्री शाशी श्रेष्ठः-** सम्माननीय अध्यक्ष महोदय, आगामी आर्थिक वर्ष २०७९/८० को लागि प्रस्तावित विनियोजन विधेयकमाथिको छलफलमा यस गरिमामय सभामा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित विषयमा माननीय सदस्यज्यूहरूले गहन सुझाव र सल्लाह दिनुभएको छ । सर्वप्रथम म माननीय सदस्यज्यूहरूको रचनात्मक र सृजनात्मक सल्लाह सुझाव र महत्त्वपूर्ण विचारका लागि यहाँहरूप्रति हार्दिक कृतज्ञातासहित आभार व्यक्त गर्न चाहन्छु ।

माननीय सदस्यज्यूहरूले मन्त्रालयले सञ्चालन गरिरहेका र आगामी आर्थिक वर्षमा सञ्चालनको लागि प्रस्तावित गरिएका विभिन्न कार्यक्रम र प्रस्तावित बजेटको सम्बन्धमा पनि चासो र चिन्तासमेत व्यक्त गर्नुभएको छ । साथै माननीयज्यूहरूका केही जिज्ञासासहितका आफ्ना भावनाहरू पनि सम्माननित सभासमक्ष प्रस्तुत भएका छन् । म यहाँहरूको चासो र चिन्ताप्रति गम्भीर रहेको बेहोरा निवेदन गर्दै, यहाँहरूका चासो चिन्ता, जिज्ञासा र यहाँ उठाउनुभएका विविध विषयमा सम्बोधन गर्न यस सम्मानित सभासमक्ष उपस्थित भएको छु ।

सम्माननीय अध्यक्ष महोदय, छलफलको क्रममा आठजना माननीय सदस्यहरू, अब नामचाहिँ भन्नु नपर्लाकि जस्तो लाग्यो, नाम त छ मसँग मुख्यतया वैज्ञानिक भूमि सुधार भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या समाधान सुकुमबासीलाई सीपमूलक तालिम, मुक्तकमैया, हलिया, कम्लरी, हरुवा-चरुवाहरूको पुनःस्थापना र जीविकोपार्जन भूमिको वर्गीकरण खेतीयोग्य जमिनमा अनियन्त्रित ढङ्गबाट भइरहेको प्लटिङ रोकी स्थानीय तहमा भूउपयोग योजना तर्जुमा र कार्यान्वयन नाप, जाँच र दर्ता हुन बाँकी जग्गा गाँउ ..... जग्गा वेनिस्सा स्वबासी जग्गालगायतको नाप जाँच दर्ता तथा जग्गाधनी पुर्जा वितरण बाँझो रहेको जग्गाको समुचित उपयोग भूमि बैङ्क स्थापना र सञ्चालन गुठी जग्गाको संरक्षण र उचित व्यवस्थापन सडक बाटो वा यस्तै प्रकृतिको जग्गा नेपाल सरकारको नाममा लगत कट्टालगायतका विषयमा चासो व्यक्त गर्नुभएको छ । यसै गरी सहकारीमार्फत खेती गर्ने, सहकारीमा जम्मा भएको मध्ये कम्तीमा ५० प्रतिशत रकम उत्पादनशील क्षेत्रमा गर्नुपर्ने, सहकारीलाई उत्पादन र बजारीकरणसँग जड्ने, उद्यामशीलता विकास गरी सामाजिक तथा आर्थिक रूपान्तरण गर्ने, सहकारी क्षेत्रमा देखिएका आर्थिक अनुशासन बचतकर्ताहरूको रकम जेखिममा परेको विषय, सहकारीहरूको अनुगमन र नियमन, सहकारीहरूको बजारसम्मको पहुँच सुनिश्चितालगायत विषयमा पनि यहाँहरूको महत्त्वपूर्ण राय सुझाव र चासो व्यक्त भएको छ । गरिबी निवारणको विषयमा पनि गरिब घर परिवार पहिचान गर्ने । परिचय पत्र उपलब्ध गराउने र यसरी परिचय पत्र प्राप्त गरेका गरिब घर परिवारले पाउने सुविधाको बारेमा समेत माननीय सदस्यज्यूहरूले विभिन्न जिज्ञासाहरू राख्नुभएको छ र साथै रोजगारी सृजनामार्फत गरिबी निवारण गरिबी र सीमान्तीकृत परिवारहरूलाई सीपमूलक तालिम दिने जस्ता विषय पनि उठाउनुभएको छ । केही माननीय सदस्यज्यूहरूले मन्त्रालयको लागि विनियोजित बजेट अपुग हुने र थप बजेट व्यवस्था हुनुपर्ने विषयसमेत राख्नुभएको छ । म माननीय सदस्यहरूबाट प्राप्त सुझावहरूको लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै उठाइएका जिज्ञासाहरू सम्बोधन गर्ने प्रसाय गर्ने छु ।

सम्माननीय अध्यक्ष महोदय, सबैभन्दा पहिले म वैज्ञानिक भूमिसुधारको अवधारण सरकारले छोड्नै नसक्ने बेहोरा प्राष्ट पार्न चाहन्छु । सरकारले नै निकै लामो र निरन्तरको सङ्घर्षको पछाडि संविधानमा नै व्यवस्था गरिएको यस अवधारणलाई उच्च प्राथमिकताका साथ कार्यान्वयनमा लगेको छ । वैज्ञानिक भूमि सुधारका मूलतः दुई उद्देश्य हुन्छन् । पहिलो सामाजिक न्याय दोस्रो उत्पादनका स्रोत साधनमाथि उत्पादक शक्तिको सहज पहुँच अधिकार र सावामित्त्व स्थापित गर्दै उत्पादनका स्रोतहरूको दिगो व्यवस्थापन, उत्पादकत्त्वको वृद्धि कृषिको व्यवसायीकरण र आर्थिक विकास । सरकारले अहिले दुवै मोर्चामा काम गरिरहेको छ । सामाजिक न्यायको प्रत्यभूति गर्न संविधानले नै सुनिश्चित गरेको र दिशा निर्देश गरेको भूमिहीन, दलित सुकुमबासी, भूमिहीन

सुकुमबासीलाई जग्गाको मालिक बनाउने र समाजमा अन्य नागरिक सरहको हैसियत स्थापन गर्ने कार्यमा सरकार अग्रसर रहेको छ । यस्तै मुक्त कमैया हलिया कम्लरी हरुवा चरुवाहरूको पुनःस्थापनाको लागि पनि योजनाबद्ध रूपबाट काम गरिरहेको छ । भूमिमा माहिलाहरूको समान अधिकारको विषयमा विगतमै कानुनी व्यवस्था भए पनि कार्यान्वयन हुन नसकेका विषयलाई कार्यान्वयनमा ल्याएको छ । यस्तै उत्पादनमा वृद्धि र दिगो आर्थिक विकासको लागि भूउपयोग ऐन कार्यान्वयनमा ल्याइएको छ । हालै मात्र भूउपयोग नियमावली कार्यान्वयनमा ल्याई कृषि क्षेत्रको संरक्षणमार्फत उत्पादन र उत्पादकत्व वृद्धि व्यवस्थित शहरीकरण र सुरक्षित आवासका लागि आवश्यक मापदण्डसहितको व्यवस्था लागु गरिएको छ ।

सम्माननीय अध्यक्ष महोदय, भूमिहीन दालित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्याको दीर्घकालीन समाधानको लागि राष्ट्रिय भूमि आयोग र जिल्ला समितिहरू गठन भाई कार्य प्रारम्भ भाइसकेको छ । यस विषयमा केही माननीयज्यूहरूले फरक किसिमको र अवास्तविक तथ्य सम्मानित सदनमा राखेकोतर्फ मन्त्रालयको ध्यान आकर्षण भएको छ । २०७७ साल वैशाखमा गठित तत्कालीन भूमिसम्बन्धी समस्या समाधान आयोगले लगत लिएको टोकन दिइसकेको नक्साङ्कनमात्र बाँकी रहेकोमा पुर्जा वितरण गर्न किन २ वर्ष लाग्ने ? तत्काल पुर्जा दिन के ले छेक्यो भन्ने सवाल उठाउनुभएको छ । यसको साथै भूमिसम्बन्धी ऐन, २०२१ मा पनि भूमिहीन दलितलाई तीन वर्षभित्र जमिन उपलब्ध गराउने व्यवस्था रहेकोमा त्यसलाई कार्यान्वयनमा ल्याउन के योजना छ ? भन्ने जिज्ञासा पनि राख्नुभएको छ ।

सर्वप्रथम म यसको वास्तविक्ता के थियो भन्ने विषय राख्न चाहन्छु । संविधानसभाबाट २०७२ साल असोज ३ गते जारी भएको नेपालको संविधानको भाग ३ धारा ४७ मा मौलिक हकको कार्यान्वयन संविधान प्रारम्भ भएको तीन वर्षभित्र गर्नुपर्ने व्यवस्था रहेको छ । संविधानको धारा ४० को उपधारा (५) मा दलितको हकमा राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्ने छ भन्ने व्यावस्था गरेको छ । संवैधानिक व्यावस्था अनुकूल बनाउन २०७५ साल असोज २ गते भूमिसम्बन्धी ऐन, २०२१ मा सातौं संशोधनद्वारा संशोधन गरिएको हो । यस अगिको सरकारले तत्काल आयोग गठन गरी भूमिहीन दलितको समस्या तीन वर्षमा समाधान गरिसक्नुपर्ने संवैधानिक दायित्त्व पूरा गर्नुपर्नेमा भूमिसम्बन्धी ऐन, २०२१ मा तीन वर्षपछि मात्र संशोधन गरिएको थियो भने २०७७ साल वैशाखमा मात्रै आयोग गठन भएको बेहोरा सार्वविदितै छ ।

आयोगद्वारा केही स्थानीय तहहरूसँग समझदारी पत्र तयार गर्ने भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको प्रारम्भिक लगत सङ्कलन गर्ने र केही तथ्याङ्क

प्रणाली भनेको कम्प्युटरमा प्रविष्ट गर्नेबाहेक अन्य कुनै कामहरू सुरु हुन नसकेको थिएन । पुर्जा वितरण गर्नका लागि अनिवार्य रूपमा गर्नुपर्ने पूर्वतयारी कार्यहरू जस्तै निवेदनको तथ्याङ्क निवेदन सङ्कलन गर्ने आदि इत्यादि कुरा त मैले भनिनँ अझ । तथ्याङ्क प्रविष्टीकरण सूचना प्रकाशन निवेदनको जाँच बुझ फिल्डमा जग्गा नाप जाँच नाम जाँचको प्रतिवेदन तयार गरी सूचना प्रकाशन गर्ने, जिल्ला समितिमा सिफारिस गरी त्यस सम्बन्धमा निर्णय गर्ने, नक्सा तयार गर्ने, क्षेत्रफल गणाना गर्ने, जग्गा दर्ता गर्नेलगायतका कुनै पनि कार्य प्रारम्भसमेत भएको थिएन । पुर्जा तयारी त अलि परको कुरा भयो ।

बेलका, कनकाई, बेलकोट, सिन्धुली, बागमती, बर्दिबासलगायतका करिब एक दर्जन स्थानीय पालिकाले मैले यो मन्त्रालयको जिम्मेवारी हासिल गरिसकेपछाडि एक दुइआटो कुराहरू समाचारमा आएको थियो पुर्जा सबै तयारी भइसकेको छ । सिरानीमुनि पुर्जा छ यो वितरण गर्न मात्रै बाँकी हो भन्ने कुरा भइसकेपछाडि राष्ट्रिय भूमि आयोगसँग मैले चाहिँ कति तयारी भको छ भनेर सोधेको थिएँ । त्यसको लागि राष्ट्रिय भूमि आयोगले पत्रचार पनि गरेको थियो । त्यो पत्रचार धेरै पटक गर्दाखेरि पनि त्यसको जवाफ आएन अब कतिपयले त हामी काहाँ केही रेकर्डै छैन भन्ने कुराको पनि जवाफ दिएको मैले पत्र यी नै बोकेर पनि आएको छु । यो स्थिति थियो र एक दर्जन स्थानीय तहले आयोग गठनपूर्व नै आफ्नै आयोग भनेको भूमिसम्बन्धी समस्या समाधान आयोगको कुरा गरेको छु मैले अहिले पूर्व नै आफ्नो प्रयासमा नाप जाँच गरेको थियो र भूमिसम्बन्धी समस्या समाधान आयोग  गठनपश्चात् त्यसै कार्यलाई समावेश गरी निरन्तरता दिई कुल ८३५४ बिघा नाप जाँच भएको थियो । निवेदन प्रविष्ट भएपछाडि पुर्जा तयार गर्दासम्मन कति सिँढी पार गर्नुपर्दछ । त्यसको लागि कति समय लाग्दछ । यसबारेमा जानकार हुनुहुन्छ होला नै भन्ने ठान्दछु ।

सम्माननीय अध्यक्ष महोदय, २०७८ भाद्रमा राष्ट्रिय भूमि आयोग गठन भए पश्चात हालसम्म भूमिहीन, दलित, भूमिहीन सुकुमबासी र अव्यवास्थित बासोबासीलाई जग्गा उपलब्ध गराउनेसम्बन्धी कार्यविधि, २०७८ विगतमा आयोग समिति र कार्यदालका बाँकी काम सम्पन्न गर्नेसम्बन्धी कार्यविधि, २०७८ लगत सङ्कलनसम्बन्धी कार्यविधि, २०७८ पहिचान तथा प्रमाणीकरणको आधार र मापदण्ड, २०७८ तथा यस कार्यक्रमको लागि आवश्यक निर्देशिका हाते पुस्तिका तथा मापदण्डहरू तयार गरिएका छन् ३४२ स्थानीय तहसँग भूमिहीन दलित, भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्ने सन्दर्भमा सम्झदारी पत्र तयार गरी ३२६ स्थानीय तहमा सूचना प्रकाशन गरिएको छ भने ७० स्थानीय तहमा नाप नक्सा कार्य सुरु गर्नुका साथै निरन्तर कार्य विस्तार भइरहेको छ ।

वर्तमान सरकार सबभन्दा पिँदमा रहेका नागरिकको संविधानप्रदत्त हक अधिकार व्यहारमा नै कार्यान्वयन गर्न प्रतिवद्ध छ भन्ने ज्वलन्त उदाहरण सिन्धुलीको दुधैली नगरपालिकाको दलित मुसहर बस्तीबाट जग्गा धनी प्रमाण पुर्जा वितरण सुरु गरेकोबाट पनि पुष्टि हुन्छ । त्यसै गरी  चितवन, झापा, सुर्खेत कैलालीबाट जग्गा धनीपुर्जा विवरणको कार्य सुरु गरी ३७२ जग्गा धनीलाई पुर्जा वितरण गरिसकेको छ । यही महिनाभित्र पनि पुर्जा विवरणको तयारी भइरहेको छ । कुल करिब चौध लाख परिवार भूमिहीन दलित भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीमध्ये आयोगले आगामी वर्षमा तीन सय स्थानीय तहका पाँच लाख परिवारलाई जग्गाधनी पुर्जा वितरण गर्ने र आगामी दुई वर्षभित्र सम्पूर्ण काम सम्पन्न गर्ने लक्ष्य राखी काम अगाडि बढाएको सम्मानित सभालाई जानकारी गराउन चाहन्छु । आगामी दिनमा कुनै पनि बाहानामा भूमिसम्बन्धी जे जति विषयहरू छन् । फेरि पनि आयोग कार्यदल समितिहरू गठन गर्न नपरोस् । यो सदाको लागि समाधान होस् भन्ने यो अहिले हामीले चाहिरहेका छौं ।

सम्माननीय अध्यक्ष महोदय, यस आर्थिक वर्षको जेठ महिनासम्म गाउँ ब्लक विशेष नापी पुनःनापीतर्फ करिब १६००० हेक्टर जग्गा नाप जाँच भएको छ । आफ्नो स्वमित्त्वमा जग्गा रहेका तर लालपुर्जा नहुँदा सम्पत्तिको अधिकारबाट समेत वञ्चित भएका गाउँ ब्लकका बासिन्दाहरूलाई सहज र सरल रूपमा घरदैलोमा पुगी जग्गाधनी पुर्जा वितरण कार्य उच्च प्राथमिकतासाथ अगाडि बढाइएको छ । मैले मन्त्रालय सम्हाल्दै गर्दा जब गाउँ ब्लकको बारेमा सुनें यससम्बन्धी जानकारी माक्दा देशैभरि आठ नौओटा जिल्लामा यो समस्या छ भनिएको थियो अहिलेसम्म प्राप्त त्यो खोजी गर्दै जाने क्रममा अहिलेसम्म प्राप्त तथ्याङ्कअनुसार बाइसओटा जिल्लाका पच्चिस स्थानमा गाउँ ब्लकको जग्गा केही स्थानमा नाप जाँच नै नभएको र केही स्थानमा दर्ता र पुर्जा तयार गर्न नै बाँकी रहेको अवस्था रहेछ । विगतमा हरेक वर्ष नाप नक्साको लक्ष्य तोकिन्थ्यो र सोहीअनुसार प्रगति भयो कि भएन भन्ने मात्रै हेरिन्थ्यो । नाप नक्सा भएको क्षेत्रमध्ये कति पुर्जा वितरण भयो भएन भन्ने कहिले पनि हेरिदो रहेनछ ।

मैले मन्त्रालय सम्हाली सकेपछाडि नाप नक्सामात्र होइन नापी भएको क्षेत्रको पुर्जा वितरणलाई पनि उच्च प्रथामिकतामा राखी अभियानको रूपमा सञ्चालन गर्ने योजना बनाएअनुरूप कामलाई तदारुकता साथ अगाडि बढाइएको छ । कतिसम्मन भने पोका पारिराखेको यो पोका खोल्दाखेरि धुलैधुलोको खातसम्म खातले पुरिएको अवस्थासम्म भेटिएको स्थिति हो । अहिलेको अवस्थामा यसलाई उच्च प्राथमिकतामा सरकारी भाषामा P1 भन्दो रहेछ । उच्च प्राथमिकतामा राखेर अगाडि बढ्दै गर्दा पुर्जा वितरण प्रकृयाको लागि कुनै बजेटको व्यवस्था नभइकन किनभने यो पुर्जा वितरण गर्ने कार्य योजनामा नै नहुने भाको कारणले कुनै बजेटको व्यवस्था थिएन । कुनै बजेटको व्यवस्था नभइकन मौजुरा बजेटबाट लक्ष्य भन्दा धेरै प्रगति गरेका छौं । हालसम्म गाउँ ब्लक विशेष नापी

पुनः नापी गरेर जम्मा ४२५८५ पुर्जा वितरण भइसकेको छ यो अस्तिसम्मनको मात्रै तथ्याङ्क हो यो निरन्तर जारी नै रहेको छ । यो वर्ष गाउँ ब्लक नाप नक्साको लक्ष्य १५४ हेक्टर पुनः नापीतर्फ १९०० हेक्टर विशेष नापीतर्फ १२७०० हेक्टर रहेकोमा जेठ महिनासम्मको तथ्याङ्कअनुसार गाउँ ब्लकतर्फ ३०८.७४ हेक्टर निर्धारित लक्ष्यभन्दा झैन्डै दोबरभन्दा बढी पुनः नापीतर्फ १९००.३९ हेक्टर र विशेष नापीतर्फ १३५३९.८१ हेक्टर नाप नक्सा भइसकेको छ ।

नाप नक्साको मात्रै कुरा गर्दा पनि तथ्याङ्कको आधारमा चालु आर्थिक वर्षमा दिएको लक्ष्यभन्दा पनि उपलब्धि बढी उपलब्धि हासिल भइसकेको छ । आगामी आर्थिक वर्षभित्र गाउँ ब्लक जग्गाको नाप नक्साङ्कन कार्य सम्पन्न गरी जग्गाधनी पुर्जा वितरण गर्ने र वेनिस्सा स्वबासी छुट नाप नक्साङ्कन पुनः नापी र विशेष नापी कार्य सुचारु रहने बेहोरा पनि अनुरोध गर्न चाहन्छु । मैले योभन्दा अरु पनि थुप्रै विषयहरू छन् । यस सम्बन्धमा गरेको यहाँ जे सवाल उठेको छ उठेको सवालको मात्रै मैले सम्बोधन गर्न खोजिरहेको छु ।

सम्माननीय अध्यक्ष महोदय, सन्धुपालचोकको लिसङ्खुपाखर को विषय माननीय सदस्यले उठाउनु भएको छ । साविकमा नाप जाँच हुँदा कुनै कारणले वन बुट्यान वा सरकारी जग्गा जनिने कुनै शब्द लेखिन गएको कारणले दार्ता हुन नसकेका यस्ता जग्गाहरू देशका अन्य भू-भागमा पनि रहेका छन् यस्ता जग्गामा दशकौंदेखि जनताहरू बसोबास गरिआएको भएतापनि दर्ता नभएको र जनताले प्रमाण पुर्जा नपाएको अवस्था छ । यस्ता जग्गा नाप जाँच तथा दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा दिन सरकारले त्यस्ता जग्गाको अभिलेख सङ्कलन गर्ने आवश्यक छानबिन गर्ने सत्यापन गर्ने र उपयुक्त देखिएका जग्गा दर्ता गरी जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउने तयारी गरिरहेको बेहोरा सम्मानित सभासमक्ष जानकारी गराउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, भूउपयोग ऐन, २०७६ मा नै लागु भए पनि यसको प्रभावकारी कार्यान्वयनको लागि भूउपयोग नियमावली लागु भइसकेको थिएन । मान्त्रालयले मिति २०७७ साल वैशाख २९ नै भूउपयोग नियमावली मस्यौदा तयार गरी मन्त्रिपरिषद्मा पेस गरेको भए तापनि लामो समयसम्म मन्त्रिपरिषद्मा रहेर पुनः मन्त्रालयमा फर्किएको थियो । नियमावालीको अभावमा भूउपयोग ऐनका उल्लेखित व्यवस्थाहरू कार्यान्वयनमा ल्याउन कठिनाइ भइरहेको थियो । मन्त्रालयले विगतमा तयार भएको मस्यौदालाई व्यापक छलफलपश्चात् परिमार्जन गरी अझै प्रष्ट र कार्यान्वयनयोग्य बनाई २०७८ साल माघ १० गते मन्त्रिपरिषदमा पेस गरेको थियो । मिति २०७९ साल जेठ ९ गते उक्त नियमावली पारित भइसकेको छ । नियमावली पारित भएपछि अब भूउपयोग कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालनमा लाइने छ ।

यस विषयलाई नेपाल सरकारको नीति तथा कार्यक्रममा पनि समावेश गरिएको यहाँहरूलाई जानकारी भइसकेकै छ । यस विषयमा मन्त्रालयले आवश्यक गृहकार्य गरी निर्देशिका कार्यविधिहरू तयार गरी तत्काल कार्यान्वयनमा ल्याउने छ ।

सम्माननीय अध्यक्ष महोदय, सरकारले भूमिको समुचित उपयोग वैज्ञानिक वर्गीकरण र दिगो भूमि व्यवस्थानका लागि ७५३ ओटै स्थानीय तहको भूउपयोग नक्सा तथा तथ्याङ्क तयार गरी स्थानीय तहहरूलाई हस्तान्तरण गरिसकेको छ सम्बन्धित स्थानीय तहले नक्सा तथा तथ्याङ्कको आधारमा भूउपयोग क्षेत्र निर्धारण, भूमिको वर्गीकरण, भूउपयोग योजना तर्जुमा गरी लागु गर्ने व्यवस्था ऐन र नियमावलीले गरेको छ । सोको लागि प्राविधिक सहयोग आवश्यक परेमा मन्त्रालयले उपलब्ध गराउने व्यवस्था गरेको छ । यस ऐनको प्रभावकारी कार्यान्वयनमार्फत कृषि योग्य जग्गाको संरक्षण र समुचित उपयोगमार्फत उत्पादन र उत्पादकत्व वृद्धि गर्ने खाद्य सुरक्षा र खाद्य समप्रभुता सुनिश्चित गर्ने गाउँ बस्ती र आवास क्षेत्रलाई सुरक्षित जोखिमरहित र व्यवस्थित तुल्याउने योजनाबद्ध शहरी विकासलाई बढावा दिने सुरक्षित र सुविधा सम्पन्न औद्योगिक र व्यवसायिक क्षेत्रहरूको विकास गर्ने, वन वातावरणको संरक्षण र विकास सुनिश्चित गर्ने जलवायु परिवर्तनका असरले गर्दा निम्तिन सक्ने विभिन्न किसिमका विपत् जोखिमहरू न्यूनीकरण गर्न वातावरण र विकासबिच सन्तुलन कायम गर्नेलगायत गतिविधिहरू सञ्चालन र व्यवस्थापन हुने अपेक्षा गरिएको छ ।

केही माननीय सदस्यज्यूहरूले भूमि बैङ्कको विषय पनि उठाउनुभएको छ । बाँझो रहेको जग्गाको समुचित उपयोग सुनिश्चित गर्न उत्पादन र उत्पादकत्व बढाउन र खाद्य सुरक्षाको अवस्थामा सुधार ल्याउन भूउपयोग ऐनमा व्यवस्था भएको भूमि बैङ्क स्थापना र सञ्चालन गर्ने विषयमा सरोकारवालाहरूसँग थप छलफल र विचार विमर्श गरी अझ स्पष्ट र कार्यान्वयनयोग्य बनाई यथाशीघ्र यससम्बन्धी छुट्टै नियमावली जारी गरिने छ । यो हामीले अलि अगाडि नै गर्न खोजेका पनि थियौं यो गर्न क्रममा नियमावली ल्याउनको लागि नै अलि बढी समय लाग्ने स्थिति भएको र भूमि बैङ्कले थप केही छलफल र स्पष्टताको माग गरेको थियो र त्यो थप छलफल र स्पष्टता स्पष्ट गर्नै गर्दाखेरि भूउपयोग नियमावली ल्याउनलाई नै ढिलो हुने र जसको कारणले गर्दाखेरि हाम्रो कृषि योग्य जमिनहरू खण्डीकरण हुने कत्ताकाट भएर खण्डीकरण हुने राज्य पनि नोक्सानमा हुने, ठागिने र सम्बन्धित चाहिँ जनताहरू पनि ठगिने स्थिति भाको कारणले गर्दाखेरि यसलाई जति सक्दो छिटो ल्याएर भूमि खान्ने यद्यपि धेरै अगाडि नै ल्याउनुपर्ने थियो भन्ने लागेको हो तर ढिलै भए पनि यसलाई अब ढिलो गर्नुहुँदैन भन्ने हिसाबबाट भूमि बैङ्कसम्बन्धी छलफल गर्ने र यसलाई छिट्टै ल्याउने यो नियमावली चाहिँ ल्याएर भूमि खण्डीकरण हुनबाट भए पनि केही समयको लागि भए पनि बचौं भन्ने उद्देश्यका साथ ल्याएको कुरा पनि म यहाँहरूसमक्ष निवेदन गर्न चाहन्छु ।

मन्त्रालयले हालै सरकारी जग्गा लिजमा दिनेसम्बन्धी कार्यनीति ल्याएको छ । यो कार्यनीति भूमि बैङ्कको विकल्पमा नल्याइएको बेहोरा माननीय मन्त्रीज्यूहरूलाई प्रष्ट पर्न चाहन्छु । सार्वजानिक हित र देशको समग्र सामाजिक, आर्थिक विकास र समृद्धिमा सहयोग पुर्याउने सङ्घ, संस्था, उद्योग कम्पनीहरूलाई राज्यले सरकारी जग्गा निश्चित समयको लागि निश्चित शूल्क लिएर लिजमा उपलब्ध गराउने व्यवस्थालाई नियमन गर्न लिज नीति आयोगको हो । भूमि बैङ्कमार्फत कुनै व्यक्तिले आफूले उपयोगमा ल्याउन नसकेको र नचाहेको नम्बरी जग्गा उपयोगमा ल्याउने र उत्पादन प्रणालीमा जोड्ने बाँझो र उपयोगविहीन जग्गा नदी उकास वा अन्य जग्गा उपयोगमा ल्याई कृषि उत्पादन र उत्पादकत्व बढाउने जस्ता उद्देश्य राखेको छ भने सामाजिक आर्थिक विकासको क्षेत्रमा योगदान पुऱ्याउने सङ्घ, संस्था, उद्योग कम्पनीलाई आफ्नो गतिविधि सञ्चालन गर्ने कार्यको लागि निश्चित समयको लागि लिजमा दिने विषय लिजनीतिअन्तर्गत रहेको छ । लिज नीति भूमि बैङ्कको उद्देश्यसँग कुनै सम्बन्ध नरहेको बेहोरा पनि प्रष्ट पर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, मननीय सदस्यज्यूहरूले सरकारले जग्गाको वर्गीकरण नगर्ने अनि जग्गाको वर्गीकरण नगरेको जग्गा धितो राखेर ऋण लिन नपाउने व्यवस्थाले जनतालाई सास्ती दिएको विषय पनि उठाउनुभएको छ । म यस सम्मानित सभासमक्ष यस विषयमा प्रष्ट पार्न चाहन्छु कि सरकारले धितो राख्न रोक लगाएको होइन । स्थानीय तहबाट जग्गाको वर्गीकरण भएपश्चात् मात्र कित्ताकाट र धितो राखी ऋण लिन पाउने व्यवस्था गरेको हो । त्यसमा पनि हाललाई जग्गाको किसिम के हो कृषि क्षेत्र हो ? वा गैरकृषि क्षेत्र हो ? यति मात्रै खुलाए पुग्ने व्यवस्था गरेको हो । यसको मुख्य उद्देश्य नै कृषियोग्य जग्गाको संरक्षण र खाद्य सुरक्षाको अवस्थामा सुधार ल्याउनु रहेको हो । अहिले आएको नियमावलीले मात्रै यो व्यवस्था गरेको होइन । भूउपयोग ऐनले नै यो अधिकार स्थानीय तहलाई प्रदान गरिसकेको हुनाले अब हामीले नै जग्गाको वर्गीकरण गर्न मिल्ने देखिएन बरू हामीले स्थानीय तहलाई यस विषयमा आवश्यक प्राविधिक सहयोग गर्न सक्छौं यही विषयलाई कार्यान्वयन गर्न मन्त्रालयले हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहमा अनुरोध गरिसकेको छ । नेपाल सरकारले ७५३ ओटै स्थानीय तहको भूउपयोग नक्सा तथा तथ्याङ्क तयार गरी स्थानीय तहहरूलाई हस्तान्तरण गरिसकेको छ । यसैको आधारणमा अब यसलाई आवश्यकताअनुसार अध्मावधिक गरी स्थानीय तहले जग्गाको वर्गीकरण गर्न सक्छ । यसमा हामी सहयोग गर्न तत्पार छौं भन्ने कुरामा पुनः दोहोऱ्याउन चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरूले बाटो, घाटो, सडक वा यस्तै प्रकृतिको विकास निर्माण आयोजनाको जग्गाको लगत कट्टा गर्न बाँकी जग्गा लगत कट्टा गरी नेपाल सरकारको नाममा कायम गर्ने विषयमा समेत राय सुझाव राखुभएको छ । मन्त्रालयले यस कार्यलाई प्राथमिकतामा राखेको छ । यस कार्यको सफल कार्यान्वयनको

लागि बहुपक्षीय सरोकार आवश्यक देखिन्छ । सम्बन्धित विकास निर्माण सञ्चालन गर्ने आयोजना सम्बन्धित स्थानीय तह, स्थानीय प्रशासन जनताको चासो र नापी तथा मालपोत कार्यालयहरू यसका सरोकारवालाहरू हुन यी सबैको सामूहिक सरोकार र अग्रसरता भएमा मात्रै यसको कार्यान्वयन सहज हुने देखिन्छ । मन्त्रालयले हाल सम्पूर्ण विकास निर्माण आयोजना सञ्चालन गर्ने मन्त्रालयहरूलाई जग्गाको मुआब्जा वितरण गरेर लगत कट्टा गराइसकेपछि मात्र आयोगजनाको सञ्चालनको र फर फारक गर्न अनुरोध गरेको छ । स्थानीय तह र स्थानीय प्रशासनलाई समेत आफ्नो क्षेत्रमा सञ्चालित आयोजना र जग्गा प्राप्ति विवरण अध्यावधिक गराउन अनुरोध गरेको छ । नापी र मालपोत कार्यालयहरूले अग्रसरता लिई यो काम गर्न गराउँन निर्देशन परिपत्र र सोको कार्यविधि तयार गरी पठाइसकेको छ । यस विषयमा सहकार्य र समन्वय गर्न प्रदेश सरकारहरूलाई समेत अनुरोध गरिएको छ । लुम्बिनी प्रदेश सरकारले यसको कार्यविधि र कार्यक्रम बनाई लागुसमेत गरेको जानकारी हामीलाई प्राप्त भएको छ ।

सम्माननीय अध्यक्ष महोदय, विगतमा पुनर्स्थापना हुन बाँकी रहेका मुक्तकमैया, हलिया, कमलरी र हरुवा-चरुवाको जीविकोपार्जनसम्बन्धी विषयमा पनि मन्त्रालयले गाभीरतापूर्वक काम अगि बढाएको छ । मन्त्रालयको सो पहलमा सम्बन्धित सरोकारवालाहरू सम्बन्धित सरोकारवालाहरू भन्दा मुक्तकमैया, हलिया, कमलरी, हरुवा-चरुवा, सुकुमबासीहरूलाई चाहिँ मन्त्रालयमै बोल्याई छलफल गरी प्रारम्भिक रूपमा समस्याको पहिचान गर्नुका साथै यसको लागि उक्त लक्ष्यित समुदायको वास्तविक अवस्था पत्ता लगाई निजहरूको क्षमता अभिवृद्धिका लागि सरकारले गर्नुपर्ने कार्यहरूसमेतको सिफारिस गर्ने गरी संविधानसभा सदस्य श्री श्याम श्रेष्ठको संयोजकत्वमा कमैया, हलिया, कमलरी, हरुवा-चरुवाको क्षेत्रमा निरन्तर काम गरिरहेका व्यक्तित्वहरू र मन्त्रालयको प्रतिनिधिसहित पाँच सदस्य अध्ययन कार्यदल गठन गरिएकोमा उक्त कार्यदलले मिति २०७९ साल वैशाख ८ गते आफ्नो सुझावसहितको विस्तृत प्रतिवेदन पेस गरेको छ । सोही सझावअनुरूप मन्त्रालयले आवश्यक योजना र कार्यक्रमहरू तयार गरिसकेको छ । साथै सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ बमोजिम विषयगत समितको बैठक बसी सङ्घ, प्रदेश र स्थानीय तहबिचको सहकार्य र समन्वयमार्फत प्रदेश सरकार स्थानीय तह र सम्बन्धित विषयगत मन्त्रालय र निकायबाट हुनुपर्ने कार्यका लागि तत तत निकायमा कार्यान्वयनका लागि प्रतिवेदन पठाइएको छ र पत्राचार पनि गरिएको छ । मुक्तकमैया, हलिया, कमलरी र हरुवा चरुवाको क्षमता विकास उत्पादन र रोजगार लक्षित विशेष कार्यक्रम सञ्चालन गर्ने स्थानीय तहमार्फत सिप विकास तालिम सञ्चालन गर्ने योजना बनाइएको छ । यसको लागि हाल मन्त्रालयलाई प्राप्त बजेट अपुग हुने देखिए तापनि कार्यान्वयनको क्रममा अर्थ मन्त्रालयबाट थप बजेट प्राप्त हुने आश्वाशन प्राप्त भएको छ ।

सम्माननीय अध्यक्ष महोदय, केही माननीय सदस्यज्यूहरूले गुठी व्यवस्थापनको प्रभावकारिताको सम्बन्धमा पनि प्रश्न उठाउनुभएको छ । जनकपुरलगायत देशका विभिन्न क्षेत्रमा गुठी जग्गाको अतिक्रमण र दुरुपयोग भएको गुनासो गर्नुभएको छ । यस विषयलाई मन्त्रालयले दुई किसिमले हेरेको छ । पहिलो-गुठी सम्पदा र दोस्रो गुठी जग्गा गुठी सम्पदा धर्म, संस्कृति, परम्परा, जात्रा, पर्व जस्ता मौलिक पहिचानसँग सम्बन्धित विषयहरू समुदाय र समाजका साझा विषयहरू सामूहिकतामा वा सामाजिकतामा आधारित विषयहरूको संरक्षण र विकाससम्बन्धी निर्णय प्रक्रियामा समुदायकै सहभागिता हुने गरी कानुनी व्यवस्था तयारी गरिँदै छ ।

गुठी जग्गाको विषयमा संविधानको धारा २९० मा भएको व्यवस्थाअनुसार गुठीको मुलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गाका मोही र भोगाअधिकार भएका किसानको हकमा असर नपर्ने गरी संघीय सरकारले कानुन बनाई गुठी जग्गाहरूको व्यवस्थापन गर्ने छ । विगतमा सबै सरोकारवालाहरूसँग उचित छलफल र परामर्श नगरिकनै ल्याएको गुठी विधेयक, सरकारले फिर्ता गर्नुपरेको अवस्थालाई मध्यनजर गर्दै मन्त्रालयले आफ्नै सो पहलमा गुठी सम्बद्ध विषयमा उपत्यकाभित्र र उपत्यकाबाहिर सम्पूर्ण सरोकारवालाहरूसँग छलफल एवम् अन्तरक्रिया गरी समस्या समाधानको लागि आवश्यक गृहकार्य गरिसकेको छ र छिट्टै उक्त विधेयक सम्मानित सदनसमक्ष पेस गर्ने तयारी भइरहेको छ ।

सरकारी, सार्वजनिक, सामुदायिक र गुठी जग्गाको उचित संरक्षण व्यवस्थापन उपयोगका लागि त्यस्ता जग्गाहरूको जिल्लागत र पालिकागत विवरण तयार गर्ने कार्य भइरहेको छ । विगतमा नेपाल सरकारबाट गठित सरकारी सार्वजनिक गुठी जग्गा छानबिन समितिको प्रतिवेदन कार्यान्वयन गर्न मन्त्रिपरिषद्मा पेस गर्न आवश्यक अध्ययन र तयारी भइसकेको छ ।

सम्माननीय अध्यक्ष महोदय, सहकारी क्षेत्रको प्रभावकारी व्यवस्थापन सम्बन्धमा पनि माननीय सदस्यहरूबाट जिज्ञासा र सुझावहरू प्राप्त भएको छ । मैले यी सबै विषयलाई गाम्भीरतापूर्वक लिएको छु । सहकारीको सिद्धानत मूल्य, मान्यता, मर्म र भावनाअनुरूप सदस्य केन्द्रीयता सो शासन सो नियम र अन्तरिक लोकतान्त्रिक विधिबाट केही सहकारी संस्थाहरू सञ्चालन हुन नसक्दा सदस्यहरू पीडित हुनुपरेको यर्थाथ हाम्रा अगाडि देखेका छन् । मन्त्रालयले यस विषयलाई गम्भीरतापूर्वक लिएर सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धनको लागि विस्तृत अध्ययन छलफल र परामर्श गरी यही २०७९ साल जेठ १२ गते सहकारी सङ्घ संस्थाहरूको अन्तरिक सुशासन प्रवर्द्धनको लागि ३५ बुँदे एकीकृत निर्देशन जारी गरिसकिएको छ । सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घ संस्थालाई जारी गरिएको तेस्रो संशोधन निर्देशन २०७९ स्वीकृत भई लागु भएको

छ । समस्याग्रस्त सहकारी संस्था वा सङ्घको प्रभावकारी व्यवस्थापनको लागि योजनाबद्ध कार्य अगाडि बढाइएको छ । समस्त सहकारी क्षेत्रको नियमन क्षमता अभिवृद्धि सहकारीमा सुशासन प्रवर्द्धन र सहकारी क्षेत्रको विकासको लागि सहकारीसम्बन्धी सोच पत्र तयार गर्ने कार्य भइरहेको छ । यो अन्तिम चरणमै पुगिसक्या छ । राष्ट्रिय सहकारी नीति, २०६९ मा पुनरावलोकन तथा समयानुकुल परिमार्जन गर्न कार्यदल गठन भई कार्य भइरहेको छ । भोलि नै यसको लागि अन्तिम रूप दिइँदै छ ।

सहकारी संस्थाहरूको एकीकृत सूचना सुशासन प्रवर्द्धन र प्रभावकारी नियमनमा सूचना प्रविधिको प्रयोगलाई जोड दिँदै सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (जसलाई कोपोमसु भनिन्छ) मा देशभरका सहकारी संस्थाहरू आवद्ध गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइएको छ । सहकारीलाई उत्पादनसँग जोड्न उद्यमशीलत विकास गर्न र सहकारीको माध्यमबाट रोजगारी सृजना गर्न फलफूल तथा तरकारी उत्पादनको प्रभावकारी व्यवस्थापन तथा बजारीकरणका लागि ७१ ओटा सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि गर्न कार्यलय सामग्री र ५८ ओटा सहकारी संस्थाहरू कृषि सामग्री वितरण गरिएको छ । चालिसओटा सहकारी संस्थाहरूलाई बजारीकरणहरूमा सहयोग गरिएको छ र ती सहकारी संस्थाहरूलाई सहकारी व्यवस्थापन, लेखा व्यवस्थापन, व्यवसायिक योजना निर्माणसम्बन्धी विभिन्न तालिम प्रदान गरिएको छ । बिसओटा सहकारी संस्थाहरूको व्यवसायिक योजना निर्माणमा सहयोग गरिएको छ । देशको आर्थिक, सामाजिक विकासको लागि सहकारीको भूमिकालाई आझ प्रभावकारी बनाउने सहकारीलाई उद्यमशीलता स्वरोजगार आय आर्जन उत्पादनसँग जोडी आम नागरिकको जीवनस्तरमा सुधार ल्याउने गरी कार्यक्रम सञ्चालन गर्न मन्त्रालयले दृढ रहेको बेहोरा पनि म अनुरोध गर्न चाहन्छु र सहकारीबाट नै रोजगारी सृजना गरेर गरीबी निवारण गर्ने योजना पनि बनाएको बेहोरा पनि यहाँ अनुरोध गर्न चाहन्छु ।

सम्माननीय अध्यक्ष महोदय, गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमअन्तर्गत २६ जिल्लाका भोजपुर, खोटाङ, सिराहा, सिन्धुली, रामेछाप, रौतहट, गोरखा, तनहुँ, बाग्लुङ्ग, अर्घाखाँची, प्यूठान, रोल्पा, रुकुम, बर्दिया, जाजरकोट, डोल्पा, जुम्ला, कालीकोट, मुगु, हुम्ला, बझाङ, बाजुरा, अछाम, कैलाली, रुकुम पश्चिम गरिब परिवार पहिचान गरी परिचयपत्र तयार भइसकेको र वितरणको लागि पठाइएको छ । थप २३ जिल्लाको ताप्लेजुङ, धनकुटा, महोत्तरी, रसुवा, काभ्रेपलान्चोक, म्याग्दी, लमजुङ, स्याङ्जा, बाँके, दैलेख, दार्चुला, डडेल्धुरा, संखुवासभा, सोलुखुम्बु, पाँचथर, यदयपुर, धादिङ्ग, मकवनपुर, दाङ, पाल्पा, सुर्खेत, सल्यान, डोटी गरिब घर परिवारको प्रारम्भिक सूची तयार भई गुनासो सुनवाइ कार्य सम्पन्न भइसकेको छ । अन्य पन्ध्र जिल्ला ओखलढुङ्गा, सप्तरी, धनुषा, सर्लाही, बारा, पर्सा, दोलखा, सिन्धुपाल्चोक, नुवाकोट, मनाङ, मुस्ताङ, गुल्मी, रुपन्देही, कञ्चनपुर, बैतडीको तथ्याङ्क सङकलन भई प्रशोधनको

कार्य भइरहेको छ भने बाँकी १३ जिल्लामा इलाम, मोरङ, सुनसरी, तेह्रथुम, ललितपुर, भक्तपुर, काठमाडौं, चितवन, कास्की, पर्वत, नवरपरासी पूर्व, नवरपरासी पश्चिम तथ्याङ्क सङकलनको कार्य भइरहेको छ ।

आगामी वर्षभित्र गरिब घर परिवार पहिचान र परिचय पत्र वितरण कार्य सम्पन्न हुनेछ । गरिब घर परिवार पहिचान भई परिचय पत्र वितरण भएका स्थानीय तहमा लक्षित कार्यक्रम सञ्चालन गर्न मन्त्रालयले अर्थमन्त्रालयमा विस्तृत अवधारणसहित आवश्यक स्रोत व्यवस्थापनका लागि अनुरोध गरेको छ । साथै अन्य विभिन्न विषयगत मन्त्रालय प्रदेश सरकार स्थानीय तहबाट सञ्चालन हुने गरिब लक्षित कार्यक्रमहरूलाई यसै परिचय पत्रसँग आवद्ध गरी सेवा सुविधा प्रधान गरिने अवधारणा अगि सारिएको छ । यसबाट गरिब विपन्न परिवार केन्द्रित कार्यक्रम सञ्चालन गरी गरिबी निवारणको लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउन सकिन्छ भन्ने विश्वास लिएको छु ।

सम्माननीय अध्यक्ष महोदय, केही माननीय सदस्यज्यूहरूले मन्त्रालयले अघि सारेको यो योजना र कार्यक्रमहरू सञ्चालन गर्न बजेट अपुग हुने भएकोले कतै यी काम कार्यक्रमहरू अलपत्र त पर्ने होइनन् भन्ने चासो र चिन्ता प्रकट गर्दै बजेट थप हुनुपर्ने सुझाव पनि दिनुभएको छ । मन्त्रालय माननीयज्यूहरूसँग सहमत छ र माननीय सदस्यज्यूहरूको चासो र चिन्तालाई जायज ठान्द छ । हामीले माननीय अर्थमन्त्रीज्यूसमक्ष यस विषयलाई गाम्भीरतापूर्वक उठाएका छौं र माननीय अर्थमन्त्रीज्यूबाट यस विषयमा सकारात्मक आश्वासन पाएका छौं । तसार्थ काम गर्दै जाँदा स्रोतको अभाव नहुने र आवश्यकताअनुसार कार्यक्रम सम्पन्न गर्न थप बजेट प्राप्त हुने कुरामा हामी विश्वास्त छौं ।

अन्तमा सम्माननीय अध्यक्ष महोदय, आर्थिक वर्ष २०७९/८० को नेपाल सरकारको नीति कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन गर्न तथा भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण क्षेत्रमा समयसापेक्ष रूपान्तरण प्रभावकारी कार्यसम्पादन र गुणस्तरीय सेवा प्रवाहका लागि मन्त्रालय प्रतिवद्ध रहेको बेहोरा निवेदन गर्दै माननीय सदस्यहरूका महत्त्वपूर्ण सल्लाह सुझाव एवम् प्रतिक्रिया छ । जसले सबै कार्यलाई चाहिँ एउटा संमृद्ध बनाउनको लागि आगामी दिनमा अझ चाहिँ अगाडि बढ्नको लागि चाहिँ थप टेवा पुग्ने छ भन्ने विश्वास पनि लिएको छु र यो यसको लागि म माननीय सदस्यहरूलाई पुनः एकपटक हार्दिक आभारवक्त गर्न चाहन्छु । धन्यवाद । नमस्कार ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न

चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूको माथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउने बेहोरा जानकारी गराउँछु ।

माननीय सदस्यहरू, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित विनियोजन विधेयक, २०७९ माथिको विनियोजन शीर्षकमा माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले दिनुभएको जवाफको सम्बन्धमा स्पष्टीकरण सोध्न कुनै पनि माननीय सदस्यबाट नाम प्राप्त नभएको बेहोरा जानकारी गराउँदछु ।

माननीय सदस्यहरू, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजेन्द्रप्रसाद श्रेष्ठलाई संघीय मामिला तथा प्रशासन मन्त्रालयसम्बन्धीको विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको मात्र जवाफ दिन समय उपलब्ध गराउँछु ।

<u>माननीय संघीय मामिला तथा सामान्य प्रशासन श्री राजेन्द्रप्रसाद श्रेष्ठ</u>:- सम्माननीय सभामुख महोदय, सभामुख महोदयको आज्ञाले यस गरिमामय राष्ट्रिय सभाका माननीय सांसदज्यूहरूले उठाउनुभएका विभिन्न विषयहरूमा म प्रष्ट पर्ने प्रयत्न गर्ने छु । विनियोजन विधेयक, २०७९ का सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित विषयहरूमा अत्यन्तै महत्त्वपूर्ण सुझावहरू, टिप्पणीहरू, आलोचनाहरू माननीय सांसदज्यूहरूले गर्नुभएको छ । त्यस विषयलाई केन्द्रीकृत म केही कुराहरू राख्ने अनुमति चाहन्छु ।

सम्माननीय सभामुखज्यू, आज हामीले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको छलफल गरिरहँदा धेरै जसो माननीय सांसदज्यूहरूको विषय वाहाँले उठाउनुभएको प्रश्न संघीय निजामती ऐनका सन्दर्भम, त्यसरी नै संघीयतालाई कसरी बलियो बनाउन सकिन्छ भन्ने सन्दर्भमा त्यसरी नै सुशासनलाई कायम गरेर प्रशासन यन्त्रलाई कसरी अगाडि बढाउने भन्ने सन्दर्भमा केन्द्रित भएको मैले पाएको छु । यस सन्दर्भमा भन्नुपर्दा संघीयतको कार्यान्वयनको सन्दर्भमा हाम्रो मन्त्रालयले एकदमै महत्त्वपूर्ण ढङ्गले केही विषयवस्तुहरूलाई उठान गरिरहेकै छ । संघीय निजामती ऐन म मन्त्री बन्नुभन्दा अगाडि नै त्यस्तो बेला जुन बेला चाहिँ संसद अवरुद्ध भइरहेको अवस्था थियो र

त्यतिबेला यसको हतारो छ भन्ने हिसाबले त्यसलाई संसदबाट प्रतिनिधि सभाबाट फिर्ता लिने काम भएको थियो र त्यसलाई जारी गर्ने प्रयत्नहरू पनि भइरहेका थिए । तर राजनीतिक रूपमा त्यससँग सम्बन्धित विषयवस्तुहरूलाई अगाडि बढाउँदै गर्दा सबै जसो राजनीतिक दलहरूको महाधिवेशनमा गयो अनि गठबन्धनमा त्यसबारे चाहिँ सबै दल आफ्नो आफ्नो सम्मेलन अधिवेशनमा जाँदा केही समस्याहरू भए त्यसपछि गरौँला भन्नेभो' त्यहाँबाट निर्वाचन डिक्लियर महगो निर्वाचन डिक्लियर भइसकेपछि फेरि ल्याउन स्थितिको समस्या भो' र अहिले संसदसमेत सुचारु भएको स्थितिमा त्यसलाई छिटोभन्दा छिटो हामी दर्ता गर्ने प्रक्रियामा जाने छौँ र त्यो संघीय निजामती ऐनलाई ल्याइने छ ।

त्यसरी नै संघीयतलाई नै बलियो बनाउन संघीय मामिला प्रशिक्षण प्रतिष्ठानको ऐन ड्राफ्ट भएर अब केही दिनमै हामी चाहिँ संसदको दुइटा सदनमध्ये एउटामा प्रस्तुत गर्ने हामीले जमर्को गरेका छौँ । त्यसरी नै विशेष संरचनासम्बन्धी संविधानको धारा ५६(५) ले गरेको व्यवस्थाका सन्दर्भमा पनि अन्तिम चरणमा ऐन बनाइसकिएको स्थिति छ र त्यसलाई पनि हामी अब यो संघीय मामिला भ'को हुँदाखेरि राष्ट्रिय सभा, जसले चाहिँ प्रवेशहरूको समेत प्रतिनिधित्व गर्छ House of Provinces रूपमा यसले काम गरिरहेको हुन्छ । त्यसले गर्दाखेरि संघीय मामिलासँग सम्बन्धित विषयवस्तुहरूलाई राष्ट्रिय सभाबाट नै Origin गर्न पायो भने राम्रो हुन्छ भन्ने सोचले मैले मन्त्रालयमा छलफल पनि चलाएको छु ।

त्यसरी नै विश्व व्यापी रूपमा संघीयताका पक्षमा काम होस् भन्ने हिसाबले Forum of Federation मा पनि मेम्बसिपको लागि हामी तयारी गरिसकेका छौँ र सम्बन्धित संस्थाले हामीलाई लाग्ने चार्जसमेत निशुल्क गरिसकेको स्थिति छ र मन्त्रिस्तरमा निर्णय पनि गरिसक्छौँ र यसबाहेक पनि अरू धेरै कामहरू हामीले नवनिर्वाचित जनप्रतिनिधिलाई प्रशिक्षण दिने जस्ता विषयवस्तुहरूलाई पनि लगेऊ । यस हिसाबले संघीयतालाई बलियो बनाउन त्यसलाई सुदृढीकरण गर्नका लागि संघीय मामिला मन्त्रालय प्रतिबद्ध छ भन्ने कुरा मैले यहाँ राख्न चाहन्छु र अब संघीय निजामती ऐन आउँदा कर्मचारीहरूको मनोबल बढोओस् प्रशासान यन्त्रलाई चाहिँ चुस्त दुरुस्त र प्रशासनयन्त्रलाई भ्रष्टाचारमुक्त चाहिँ बनाउन पर्छ भन्ने कुराहरू पनि उठेको थियो ।

हामीले यसपटक विगतमा जुन चाहिँ सङ्ख्या O&M गरेर कर्मचारीतन्त्रको साइजको बारे तोकेको थियो र समायोजन गर्दा सङ्घ, प्रदेश र स्थानीय तह गरेर चाहिँ तीन तहमै वर्गीकरण गरेर पठाइएको थियो । ती समस्याहरूलाई कसरी समाधान गर्न सकिन्छ भन्ने सन्दर्भमा पनि ध्यान दिएका छौँ र यो ऐन, जारी भएपछि कर्मचारीहरूको मनोबल बढोस् । धेरै ठाउँमा जुन फरक फरक श्रेणी कही तह भइरहेको छ । त्यसलाई पनि एउटै बनाउन सकियोस् भन्नेमा छौँ जस्तो अहिले स्थानीय तहमा तहगत

व्यवस्था छ । प्रदेशमा तहगत व्यवस्था छ विभिन्न अरू ठाउँहरूमा तहगत केन्द्रमै पनि सङ्घमै पनि स्वास्थ्य मन्त्रालयमा तहगत छ । अरू मन्त्रालयहरूमा श्रेणीगत छ ।

यस्ता कतिपय कारणले गर्दाखेरि चाहिँ बार बार प्रश्नहरू उठने गर्दछ त्यसकारणले यसपटक हामीले त्यसलाई पनि समान ढङ्गले लैजाउँ भनेर हामीले राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल गरेका थियौं । जुन प्रणाली अपनाहन्छ एउटैमा गयौं भने यो प्रणाली सफल हुन्छ । त्यस हिसाबले अहिले हामीले संघीय निजामती ऐन ल्याउँदा निश्चित अवधिभित्र त्यसलाई चाहिँ तहगत व्यवस्थामा लाने र त्यसले गर्दाखेरि कर्मचारीहरूको मनोबल चाहिँ वृद्धि हुन्छ । कसरी वृद्धि हुन्छ भने एकै दिन भर्ना भा'को छ भने पनि कोही कर्मचारी स्वस्थ्या मन्त्रालयमा छ भने ऊ पाँच सात वर्षभित्र प्रमोसन भइसकेको हुन्छ एक तहमाथि गइसकेको हुन्छ तर श्रेणीगत व्यवस्था भएको ठाउँमा दस वर्ष, पन्ध्र वर्ष लागेको हुन्छ अनि आफूसँगैका ले दुई तह माथि गएर काम गरिसकेको हुन्छ । अरू मन्त्रालयहरूमा चाहिँ समान श्रेणीमा उही श्रेणीमा रहिरहेको हुन्छ । त्यसले गर्दा केही समस्या भ'को हुँदाखेरि तहगत व्यवस्था गर्ने र त्यसपछि त्यसलाई चाहिँ Batch पर्मोसनको सिस्टसबाट गयो भने त्यसले चाहिँ धेरै कर्मचारीतन्त्रको मनोबल पनि उच्च हुन्छ भन्ने हामीले चाहिँ ठहर गरेका छौं । त्यस हिसाबले सबै तहका सबै श्रेणीकाहरूलाई एकै ठाउँमा ल्याउनका लागि एउटा समान व्यवस्था गर्ने सन्दर्भमा हाम्रो सोचाई त्यसरी नै बढिरहेको कुरामा जानकारी गराउन चाहन्छु ।

त्यसरी नै कर्मचारीतन्त्रलाई सेवामुखी बनाउने भ्रष्टाचारमुक्त बनाउने भन्ने सन्दर्भमा पनि हामी त्यसमा एकदमै प्रतिबद्ध छौं । कर्मचारीतन्त्र सुशासनयुक्त र भ्रष्टाचारमुक्त कसरी बनाउन सकिन्छ भन्ने सन्दर्भमा पारदर्शी प्रणाली कर्मचारीतन्त्रभित्र चाहिँ अनुमानयोग्य सरुवा र त्यसरी नै चक्रिय होस् भन्ने हिसाबले पनि हामीले व्यवस्थापन गर्न खोजेका छौं ।

यहाँ सांसदज्यूहरूबाट जे प्रश्न उठेको छ खास गरी यो सरुवाहरूमा आर्थिक रूपमा चलफेल हुने गर्दछ । बार्गेन हुने गर्दछ भन्ने कुराहरू आइराख्या हुन्छ यो धेरै लामो समयदेखि यस्ता कुराहरू आइराख्या हुन्छ । कस्तो समस्या मैले देखिरा'छु भने सरुवाको लागि भनेर चाहिँ कर्मचारी साथीहरू पनि आइराख्या हुन्छ अनि भएन भने त्यसपछि यहाँ चाहिँ समस्या भो' भन्ने हिसाबले जान्छ अनि निमित्तका लागि भनेर चाहिँ विविध ठाउँबाट आइरहेको हुन्छ तीन महिनाभन्दा बढी काज सरुवा हुन पाइँदैन भन्ने व्यवस्थाहरू छन् तर त्यो कुराहरू चाहिँ कर्मचारी अभावले पनि लागु हुन सकेको छैन । विगतमा सर्वोच्च अदालतबाट अन्तरिम आदेशका कारणले समायोजनपछि जुन समस्याहरू उत्पन्न भो' त्यसले गर्दाखेरि झन्डै साढेदुई सयभन्दा बढी स्थानीय तहमा तोकिएको मापदण्डभन्दा मुनिको एक तहमुनिको चाहिँ कर्मचारीहरू रहन गएका छन् त्यो कुरालाई सुधार्दै सुधार्दै कहिले आधाभन्दा बढी ठाउँमा त सच्याइसकिएको स्थिति छ तर पनि अझै

त्यो सचिन पा'को छैन अनि कुनै ठाउँमा त्यस्तो समस्या आयो भनेले यो सरुवा भयो निमित्त भयो अझै त्यहाँ चाहिँ चलखेल भयो भन्ने प्रश्नहरू उठिरहेको हुन्छ । यो हाम्रो कलचरभित्रै समस्याहरू पनि रहेका छन् । हामीले सुसंस्कृत बनऊँ सुशासनयुक्त बनऊँ भनिरहँदा पनि विगतदेखि नै यस्तो चल्या'छ अहिले पनि त्यस्तो चलेका होला फलाना मन्त्रीले पनि यस्तो गरेको होला भन्ने टाइपको हुन्छ ।

म के भन्न चाहन्छु भने केही समयअगाडि स्थानीय निर्वाचन भयो वैशाख ३० गते त्योभन्दा ४५ दिन अगाडिको चाहिँ म्याद राखेर निर्वाचन आयोगले हामीलाई पत्र पठाएको थियो जुनअनुसार चैत्र १५ गतेपश्चात् कुनै सरुवा नगर्नु थियो निर्वाचन सकियो निर्वाचन सकिएपछि निर्वाचनका परिणामहरू आउन थाले प्ररिणामहरू आउन थालिसकेपछि त्यति बेला पनि सरुवा हुने बेला भएन अहिले त आर्थिक वर्षको यो २०७८/७९ को अन्तिम महिना भइसकेको अवस्था छ यो अन्तिम महिना भइसकेको स्थितिमा सामान्यतः यस्तो बेला सरुवा हुँदैन र अहिले चाहिँ निर्वाचित मेयर त्यसरी नै गाउँपालिकाका अध्यक्षज्यूहरू वाहाँहरूले चाहिँ कर्मचारी नै नभएर मुख्य प्रशासकीय अधिकृत नै नभएर यस्तो समस्याहरू भ'को छ कम से कम । एकजना चाहिँ पठाइदिनुस् न भनेर वाहाँहरूले चाहिँ सिफारिस गरेर वा वाहाँहरूले अनुरोध गरेर आएका ठाउँमा केही ठाउँहरू निकै थोरै त्यो पनि कुनै सरुवा होइन कि कर्मचारी नै नभएको भन्ने आधारमा यो बजेटलाई नै समस्या भयो भनिसकेपछि केही ठाउँहरूमा वाहाँहरूकै अनुरोधका आधारमा कर्मचारीहरू व्यवथापन गर्नेबाहेक अरू कुनै सरुवाई भा' छैन भनेपछि झन्डै तीन महिनादेखि सरुवै भ' छैन तर चाहिँ प्रचारमा आफ्नो स्वार्थ पूरा नभएपछि जे पनि भन्दिने पार्टीभित्रका बाहिरका राजनीतिक पूर्वाग्रह राखेर चाहिँ यहिँ अवस्थामा प्रचार गर्दाखेरि समस्या सृजना हुन सक्छ भन्ने हिसाबले प्रचार-प्रसार गर्दिने यस्ता कामहरू हुँदो रहेछ त्यसले गर्दाखेरि हामीले यो राजनीतिक अग्रह पूर्वाग्रह होइन् तथ्य कुरा के त ? जहाँ चाहिँ अहिले सरुवै भा' छैन अनि यो चलखेल बार्गेनिङ यस्ता चाहिँ गलत कुराहरू त्यो पनि अहिले अब सामान्यतः साउन महिनाभन्दा अगाडि हुने अवस्था छैन त्यसैले अत्यावश्यकीय र चाहिँ विभिन्न मन्त्रालयहरूबाट अन्तरमन्त्रालय सरुवाका वा अन्तरतह सरुवा जुन कुराहरू छन् त्यो मात्रै हामी काहाँबाट हुने हो त्यसबाहेक आआफ्नो मन्त्रालयबाट सबै सम्बन्धित मन्त्रालयले नै गर्दो रहेछ भन्ने कुरालाई मैले यहाँ स्पष्ट गर्न चाहेँ र त्यसपछि यहाँ अब संघीयताको बारे किन मानिसहरू नकारात्मक सोच राखे ? यसलाई कसरी सकारात्मक बनाउने भन्ने प्रश्नहरू पनि यहाँ आएको छ र यसबारेमा म के भन्न चाहन्छु भन्दा संघीयताको बारे किन नकारात्मक आयो होला ? हामी सबैले चाहिँ चिन्तन मन्न गर्नुपर्ने विषय छ जुन मोडलबाट हामी गइरहेको छौं जनतालाई सुविधा दिने सेवाग्राहीहरूको निकट सत्ता पुऱ्याउने भरि'छौं तर सेवाग्राहीहरूको निकट सत्ता पुगिरा' छैन ।

सिंहदबारबाट स्थानीय तह वा प्रदेशसम्म गएको छ तर प्रदेशको केन्द्रसम्मन आउँदा अलिकति टाढा भयो भनेर तीन तह स्थानीय तहलाई नै बनाइयो तर स्थानीय तहको केन्द्रमा आउन पनि हिमाली जिल्लाहरूमा अहिले कस्तो छ भन्दाखेरि एउटा ठाउँबाट अर्को ठाउँमा आउन चार दिन लाग्ने, पाँच दिन लाग्ने गाडी पुग्या छैन अनि जनताको निकट सत्ता भनियो तर ३६०० झन्डै हाराहारीबाट ७५३ मा थियो अब एक ठाउँ भा'को छ अनि हिँडेर आउनुपर्ने ठाउँमा त निकै कठिनाइ भयो नि त हिजो चाहिँ पाँच घण्टा सात घण्टा आइपुग्ने ठाउँमा पाँच दिन, सात दिनसम्मन लाएको आवस्था डोल्पातिर र अरू विभिन्न हिमाली भेगतिर छ समस्या त्यसैले यस्ता ठाउँहरूलाई सेवाग्राहीहरूको निकट सत्ता जनता निकट सत्ता पुर्याउन कैलाई संघीय शासन व्यवस्था हो भने त्यसका पनि सेवा एउटै वडामा पनि धेरै ठाउँमा चाहिँ सेवा केन्द्रहरू राखिदिन सकिन्छ । यस सवालमा अलिकति संघीयतामा भइरहेका समस्याहरूलाई रिभिजिट गर्नुपर्दछ । यहाँ अस्ति भर्खरै राष्ट्रिय सभाबाट हाम्रो माननीय खिमलाल देवकोटाज्यूले एउटा प्रस्ताव पनि पेस गर्नुभएको छ संघीयतामा कसरी चाहिँ अगाडि बढ्ने भन्ने सन्दर्भमा त्यसमा धेरै साथीहरूले एकदमै राम्रो ढङ्गबाट सुझावहरू पनि दिनुभा' छ । यी सबैलाई ध्यानमा राखेर अबका दिनमा वाहाँहरूको सुझावलाई समेत हाम्रो मन्त्रालयले पूर्ण सहयोग गरेर वाहाँहरूबाट आउने सुझावहरूलाई पनि कार्यान्वयन गरेर संघीय शासनको वास्तविक मर्म र भावनाअनुसार त्यसको आधारभूत सिद्धान्तहरूलाई फलो गर्दै स्थानीय तहलाई पनि हामीले राम्रो ढङ्गबाट आगाडि बढाउने छौं र स्थानीय तहलाई साचो अर्थमा त्यसलाई सरकारको तेस्रो तहको रूपमा जुन तल ग्राउन्डमै छ जनतासँग सबैभन्दा निकट छ वाहाँहरूलाई पनि ठिक ढङ्गले प्ररिचालन गर्दै वाहाँहरूसँग समन्वय गर्दै सहअस्तित्वलाई स्वीकार गर्दै र वाहाँहरूका सुझावहरूलाई पनि ध्यानमा राखेर सहकारी संघीयतालाई बिलियो बनाउने हिसाबले लाग्ने नै छौं । हाम्रो मन्त्रालयको सनर्दभमा आएका केही महत्त्वपूर्ण विषयवस्तुहरू यिनै हुन् र मैले माननीय सांसदज्यूहरूबाट उठाउनुभएका विविध विषयहरूलाई यति नै कुरामा अन्त्य गर्ने अनुमति चाहन्छु । यो विषयमा गम्भीर महत्त्वका प्रश्नहरू उठाउनुभएकोमा म सभामुखज्यूमार्फत सम्पूर्ण माननीयज्यूहरूमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजेन्द्रप्रसाद श्रेष्ठले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउने बेहोरा जानकारी गराउँदछु । स्पष्टीकरण

माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई एक मिनेट समय निर्धारण गरिएको छ । माननीय खिमलाल देवकोटा ।

**माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, सबभन्दा गल्ती काहाँनेर भयो भने मन्त्रीज्यूले त भन्नुभयो निजामती ऐनको बारेमा हामीले संसदको सम्पत्ति बनाइसकेको विधेयकलाई चाहिँ हामीले फिर्ता लियौं सबैभन्दा कमजोर भयो मन्त्रीज्यू । अब यो यदि प्रतिनिधि सभा होइन कि यो विधेयक राष्ट्रिय सभामा आओस् । राष्ट्रिय सभामा त्यो विधेयकमा काहाँ काहाँ के के काम गर्नुपर्छ हामी गर्छौं नम्बर एक । नम्बर दुई हिजो दस लाख रुपियाँ अनुदान पाउँदाखेरि गा.वि.स. मा मैले पहिला गा.वि.स. मा शाखा अधिकृतहरू काम गर्थे अहिले दस करोड भन्दाबढी अनुदान पाइरा' छन् त्यहाँ त शाखा अधिकृतको त कुरै छोडदिनुस् अ.हे.व. हरू नितित्त छन् तपाईंले अहिले भर्खरै भन्नुभो' अढाई सय अढाइ सयदेखि लिएर तीन सय पालिकाहरूमा अहिले त्यहाँ करोड होइन कि अरब रकम गा'को छ तर त्यहाँ काम गर्ने भनेको जम्मा त्यो अ.हे.ब. है मसँग एउटा Bachelor क्याम्पस पढ्दाखेरि एकजना साथी अहिले मेयर हुनुभा' छ मलाई फोन गनुभयो मलाई एकजना साथी पठाइदे कि तँ एक दुई दिन बस्ने गरी आइज बजेट बनाउन पाऱ्यो कर्मचारी बनाउने हो भन्दाखेरि यो अ.हे.ब. ले कसरी बजेट बनाउँछ भन्नुभो' यो समस्या छ मन्त्रीज्यू तपाईंको मात्रै समस्या होइन यो मुलुकको समस्या हो । अर्को प्रश्न पारदर्शीको कुरा मैले गरेँ ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष**:- माननीय सुरेश आलेमगर ।

**माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, सबभन्दा पहिले त माननीय मन्त्रीज्यूलाई अन्तर्राष्ट्रिय Federal System भएका देशहरूको सङ्गठन Forum Federation को सदस्यता लिन पहल गर्नुभएकोमा र संघीय मामिला अध्ययन प्रशिक्षण प्रतिष्ठान गठन गर्नुभएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु । यो मन्त्रालयको योजना कार्यक्रममा प्रवेश गर्दा यो, एक लाखको बजेट पनि विनियोजन भएको रहेछ त्यो के प्रदेश तालिकाअन्तर्गत पर्दैन र ? नम्बर एक। सडक, पुल, कुलो आदि इत्यादिको पनि बारेमा पनि यसमा छ त्यो सम्बन्धित मन्त्रालयको पर्दैन नम्बर दुई । गुम्बा, मन्दिर आदिको निर्माण इत्यादि बारेमा पनि बजेट विनियोजन भएको रहेछ । त्यो पनि सम्बन्धित मन्त्रालयको पर्दैन र ? यदि

पार्दैन भने त्यो overlapping, duplication हुँदैन र ? अनि ती मन्त्रालयसँग demarktion कसरी हुन्छ र अन्तमा यो जुन पुस्तक छ मसँग मन्त्रालयको वार्षिक विकास कार्यक्रमसम्बन्धी यसमा संघीय मामिला तथा सामान्य प्रशासन मत्रालयअन्तर्गतको सामान्य प्रशासन खण्डमा कुनै बजेट देखिँदैन यो के रहेछ ? यसमा देखाउन नपर्ने रहेछ । कि अथवा के हुँदो रहेछ यो मेरो जिज्ञासा धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय डा. विमला राई पौडयाल ।

**माननीय डा. विमला राई पौडयाल (मनोनीत)**ः- सम्माननीय अध्यक्षज्यू, मेरो प्रष्टीकरण भन्दाखेरि पनि अनुरोध हो मन्त्रीज्यूलाई । यो कर्मचारी समायोजन ऐन र जुन निजामती कर्मचारी ऐन । जे जे हामीले राखेका छौं व्यवस्था गरेका छौं अहिलेसम्म पारित गर्न सकेका छैनौं । यो किन यति धेरै लैङ्गिक अमैत्री भएको तीन महिनाको बच्चा च्यापेर एउटा सुत्केरी चाहिँ धनकुटाको एउटा कुनमा प्रदेशअन्तर्गत परिन् रे त्यहाँ काम गर्छिन् उनको श्रीमान् चाहिँ काठमाडौंमा काम गर्छन् दुइटै सरकारी कर्मचारी तर दुइटालाई एकै ठाउँमा राख्दिनको लागि उनले कहिले सांसद गुहार्नुपर्छ र कहिले मन्त्री गुहार्नुपर्छ यो नियममै किन राखिँदैन नियमावली नै किन बनाइँदैन लैङ्गिक मैत्री लैङ्गिक भूमिका लैङ्गिक आवश्यकतालाई हेरेर श्रीमान् श्रीमती सँगै बस्ने व्यवस्था कम्तीमा सुत्केरी हुँदा त्यो गर्न किन सकिँदैन यसो गरौं न भनेर मैले अनुरोध गर्न चाहैं । Thank you.

**सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजेन्द्र प्रसाद श्रेष्ठलाई समय उपलब्ध गराउँछु ।

**माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री राजेन्द्र प्रसाद श्रेष्ठ**ः- सम्माननीय अध्यक्षज्यू, मैले अघि सम्बोधनको क्रममा प्रतिनिधि सभामा धेरै सम्बोधन गर्ने बानी परेका हुँदा समामुख भने छु । यसको लागि म क्षमाप्रार्थी छु । सम्माननीय अध्यक्षज्यू, अब यहाँ उठेका प्रश्नका सन्दर्भमा संघीय निजामती ऐन राष्ट्रिय सभामा ल्याउँदा राम्रो हुन्छ भन्ने एउटा सुझाव आएको छ । यस बारे चाहिँ म त्यसका वैधानिक व्यवस्थाहरू के हुन सक्छन, आर्थिक विधेयकहरू प्रायः जसो प्रतिनिधि सभामा नै आउने,

गर्ने चलन रहिरहेको सन्दर्भमा र प्रोभिन्सियल एफियर्सहरू, स्टेट एफियर्सहरूलाई चाहिँ राष्ट्रिय सभामा आउने चलनहरू धेरै जसो देशमा देखिन्छ । त्यसले गर्दाखेरि यस बारे मैले विज्ञ साथीहरूसँग छलफल गरेर निर्क्योल गर्ने छु ।

अब अनुदानको अब हिजो १० लाख जादाँ एकात्मक राज्यमा पनि धेरै काम हुन्थ्यो । आज भइरहेको छैन भन्ने प्रश्न पनि उठेको छ । शाखा अधिकृतहरूको मात्र हैन उपसचिवदेखि विविध ठाउँहरूमा मापदण्डअनुसार गइराखेको छ । अब संघीय निजामती ऐन नआउँदाखेरि उनीहरूले भर्ना गर्न पाइरहेको छैन । त्यसले गर्दा खेरि समस्याहरू छ । र संघका कर्मचारी जो समायोजित भएर गएका छन् । र उनीहरू पनि हामीले त संघका लागि न पहिला सिग्नेचर गरेर आएको हो हाम्रो सम्झौता त्यो हो । त्यसले गर्दा हामी संघमा नै रहन पाउनुपर्छ । भनेर समय समयमा आन्दोलन हुने मुद्दा राख्ने यस्ता पनि भइरहेको छ । तर पछिल्लो कालमा त्यो समायोजन भइसकेको टुङ्गिएको भन्ने आएको हुँदा अहिले अलिकति सहज बनेको स्थिति रहेको छ । र अहिले धेरै ठाँउमा यो व्यवस्थापनको कुराहरूलाई हामीले मिलाउँदै गइरहेका छौं । त्यसरी नै अब यसपटकको बजेटमा पनि १ लाखको आयो भन्ने पनि कुराहरू उठेको छ । सामान्यतः यसपटक बजेट भाषणमै पनि नीति र कार्यक्रममा पनि तीनटा कुराहरू चाहिँ उल्लेख भएको छ । एउटा- राष्ट्रिय गौरवका आयोजना, अर्को-रणनीतिक महत्त्वका ठुला ठुला योजनाहरू र रूपान्तरणकारी कार्यक्रमहरू यी तीन खाले कामहरू चाहिँ संघले गर्ने अरू बाँकी प्रदेश र स्थानीय तहले नै गर्ने छ भन्ने कुराहरू आएको नै छ । र अब विभिन्न रूपमा केन्द्रमा रहेका बजेटहरू पनि विभिन्न शीर्षकमा कुनै ५ करोडभन्दा घटीका, कुनै ३ करोडभन्दा घटीका, कुनै १ करोडभन्दा घटीका यसरी वर्गीकृत गरेर यहाँ आए पनि त्यसलाई चाहिँ प्रदेश र स्थानीय तहले नै कार्यान्वयन गर्ने हो भन्ने कुरा यसपटक चाहिँ बजेट भाषणमा आइसकेको हुँदाखेरि तिनीहरू हिजोको एकात्मक राज्यको बेला जुन ढङ्गले चाहिँ सेन्ट्रल्ली सबै बजेट एल्लोकेट हुन्थ्यो । अब संघीय राज्यमा पनि त्यसको अवशेषहरू रहिरहेको थियो । यसलाई अब चाहिँ समाप्त गर्ने दिशामा नै गएको छ । त्यसले गर्दा खेरि ती कार्यक्रमहरू तोकिएको सीमा भन्दा तलका कार्यक्रमहरू प्रदेशबाट र स्थानीय तहबाटै हुने बेहोरा जानकारी गराउन चहान्छु । र अरू धार्मिक संस्थाहरूमा पनि धेरै गुनासाहरू थिए खास गरी गुम्बा व्यवस्थापनका सन्दर्भमा हामीलाई पूर्वाग्राह भन्ने राख्यो भन्ने पनि थियो । यसपटक चाहिँ भूकम्पबाट क्षतिग्रस्त भएका त्यस्ता

गुम्बाहरूलाई पनि कार्यक्रममा राखेर एक किसिमबाट सबैलाई न्याय उहाँहरूको पनि मागको चाहिँ सम्बोधन भएको छ ।

र त्यसरी नै अब अन्तिममा एउटा लैङ्गिक मैत्री भएन कि भन्ने छ जुन छ । कानुनतः श्रीमान् श्रीमती चाहिँ अफिसमा काम गरेको छ भने सँगै खटाउनुपर्ने व्यवस्था पनि छ । तर जबसम्म मन्त्रालयमा त्यसबारे चाहिँ जानकारी आउँदैन मन्त्रालयले थाहा पाउँदैन त्यसले मन्त्रालयमा त्यस्तो कुराहरू आएका जति छन् ती सबैको चाहिँ हामीले तत्काले गर्दिने गरेका छौं । कुनै न कुनै रूपमा श्रीमान् श्रीमतीलाई सँगै चाहिँ काममा व्यवस्थापन गर्ने काम चाहिँ हामीले गर्दै आएको बेहोरा पनि यहाँ जानकारी गराउछु । यति नै कुराहरू राखेर म आफ्नो भनाइ यही टुङ्ग्याउन चहान्छु । धन्यवाद ।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्यहरू, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसाललाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसम्बन्धी विनियोजन शीषर्कहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको मात्र जवाफ दिन समय उपलब्ध गराउँदछु ।

<u>**माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री पम्फा भुसाल**</u>:- सम्माननीय अध्यक्ष महोदय, सरकारको तर्फबाट संघीय संसदमा पेस भएको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग सम्बन्धित विषयमा माननीय सदस्यहरूले महत्त्वपूर्ण र गहन सल्लाह सुझाव दिनुभएको छ । यहाँहरूको चासो र चिन्ताप्रति सम्मान व्यक्त गर्दै सदनमा उठेका जिज्ञासाहरूलाई सम्बोधन गर्न म यहाँ उपस्थित भएको छु ।

नेपालको समग्र विकासमा ऊर्जा, जलस्रोत तथा सिँचाइ क्षेत्रको विशिष्ट भूमिका रहेको छ । असीमित आवश्यकता पूर्वाधारको अभाव र सीमित स्रोत साधानको बाबजुद मन्त्रालय स्रोतको प्राथिमकताका साथ यस क्षेत्रको समग्र विकासको लागि दृढताकासाथ लागिपरेको छ । यसका लागि माननीयहरूको निरन्तर सहयोग तथा सुझावको महत्त्वपूर्ण योगदान रहने विश्वास मैले लिएको छु ।

सम्माननीय अध्यक्षज्यू, अब मन्त्रालयसँग सम्बन्धित विभिन्न विषयमा माननीयज्यूहरूले उठाउनुभएको विषयमा म स्पष्ट पार्न चहान्छु । आगामी दुई वर्षभित्र सबै नेपाली जनतामा भरपर्दो र गुणस्तरीय विद्युत् सेवा पुग्ने गरी योजना बनाई कार्यान्वयन गरिने छ । मैले मन्त्रालय सम्हालेपछि मासिक २० युनिटसम्म विद्युत् खपत गर्ने विपन्न नागरिकलाई निःशुल्क विद्युत् सेवा दिने र मिटर जडान गर्ने व्यवस्था मिलाएको छु । देशभरका झण्डै ५२ लाख ग्राहकमध्ये करिब २६ लाख ग्राहकले यो सुविधा पाएका छन् । सिँचाइमा प्रयोग हुने विद्युत्मा ७५ प्रतिशतसम्म सहुलियत दिने गरी प्रति यूनिट २ रुपैयासम्म महशुल कायम गरिएको छ भने विद्युतीय चुलोको प्रयोगलाई प्रोत्साहन गर्न ग्रार्हस्थ्य वर्गको विद्युत् महशुल कम गरिएको छ । साथै खानेपानी र सिँचाइमा डिमान्ड शुल्क हटाइएको छ । खानेपानीतर्फ इनर्जी शुल्क करिब ५० प्रतिशतले घटाइएको छ । अधिकाङ्श वस्तु तथा सेवाको मुल्य बृद्धि भइरहेको अवस्थामा विद्युत्को क्षेत्रमा विगत २ वर्षमा २ पटक गरी २० प्रतिशत विद्युत् महशुल घटाइएको निवेदन गर्न चहान्छु । विद्युत् महशुलमा दिइएको छुट गत मङ्सिर १ गतेदेखि नै कार्यान्वयनमा आइसकेको छ ।

विद्युत खपत बढाउन ग्राहकले क्षमता बृद्धिको माग गरेमा तत्काल बृद्धि गर्ने व्यवस्था गरिएको छ । उत्पादिक विद्युत् स्वदेशमै खपत हुन नसकेमा निर्यात गर्ने नीति लिएको छ । सोअनुरूप वर्षाको समयमा बढी हुने ३६४ मेगावाट विद्युत् छिमेकी देश भारतमा निर्यात भइरहेको छ । नेपालमा उत्पादित विद्युत् नेपालमै खपत गर्नुपर्छ भन्ने माननीयहरूले उठाउनु भएको विषयमा विमती छैन । विद्युत्को आन्तरिक खपत बढाएरै देश समृद्ध हुन्छ । सरकारले विद्युत् खपत कार्ययोजना बनाई कार्यान्वयन गरी पनि रहेको छ जसका कारण यस वर्ष आन्तरिक विद्युत् खपत करिब २० प्रतिशतले बढेको छ । हाल प्रति व्यक्ति वार्षिक विद्युत् खपत ३३० युनिट रहेकोमा आगामी वर्ष उल्लेख्य मात्रामा वृद्धि गरिने छ । आगामी आर्थिक वर्षदेखि हरेर वर्ष करिब ७ सयदेखि १ हजार मेगावाट विद्युत् हाम्रो विद्युत् प्रणालीमा थपिँदै जाने छ । यसरी हेर्दा आउँदो २ वर्षमा २ वर्षका सुख्खा याममा समेत नेपालको विद्युत् नै आन्तरिक माग धान्ने छ । तर वर्षायाममा भने उत्पादनको करिब ५० प्रतिशत विद्युत् बढी हुने देखिन्छ । यदि बढी विद्युत् भारत तथा बाङ्गलादेशसँगको विद्युत् बजारमा निर्यात गर्न सकेनौं भने टेक अर पे आधारमा गरिएको विद्युत् विक्री सम्मझौताबाट देशले ठुलो नोक्सानी पनि ब्यहोर्नु पर्दछ ।

सम्माननीय अध्यक्ष महोदय, नेपालले हाल वर्षायाममा बढी भएको ३६४ मेगावाटसम्मको विद्युत् भारतीय प्रतिस्पर्धी बजारमा दैनिक १० देखि १२ करोड नेपाली रुपैंयामा विक्री गरिरहेको छ । गत सुख्खा याममा देशको आन्तरिक माग धान्न भारतबाट आयत भएको विद्युतको औषत मूल्य ९ रुपैंया ७ पैसा प्रति यूनिट रहेको छ भने यो वर्षातमा अहिलसम्मको निर्यातको दर औषत ११ रुपैंया ३८ पैसा प्रति यूनिट भइरहेको छ । आगामी आर्थिक वर्षायाममा बढी हुने करिब १५ देखि २० अरब नेपाली रुपैंया बराबरको विद्युत् निर्यात गर्न सकिने छ भने आगामी ५ वर्षमा हरेर वर्ष करिब ७० अरब नेपाली रुपैंया भन्दाबढीको विद्युत् निर्यात गर्न सकिने सम्भावना छ ।

विद्युत् उत्पादनको क्षेत्रमा उल्लेखनीय योगदान गर्दै आएको नीजी क्षेत्रलाई नेपालमा खपत भएर बढी हुने विद्युत् निर्यात लागि अन्तरदेशीय विद्युत् व्यापारको अनुमति दिने प्रक्रिया पनि अगाडि बढाइएको छ । सरकारले एलपी ग्यौँसलाई क्रमिक रूपमा विद्युतीय चुलोमार्फत प्रतिस्थापन गर्न "विदेशी ग्याँस छोडौं, स्वदेशी विद्युत् जोडौं" भन्ने नारा लिई कार्य योजना बनाई कार्यान्वयन गर्दै आएको छ । सोको साथै औधोगिक ग्राहकलाई गुणस्तरीय विद्युत् आपूर्तिका लागि १३२ केभी र १३३ केभी सवस्टेशन र प्रशारण लाइनका संरचना विस्तार एवम् स्तरोन्नति कार्य अगाडि बढाइएको छ ।

जनतालाई भरपर्दो र गुणस्तरीय विद्युत् सेवा उपलब्ध गराउन हालको प्रशारण तथा वितरण संरचनामा उल्लेखिय सुधार गर्नुपर्ने छ । त्यसका लागि थप प्रशारण संरचनाहरू निर्माणगर्नु पर्दछ । प्रशारण लाइन निर्माणका क्रममा जग्गा प्राप्ति र वन क्षेत्रको प्रयोग मुख्य चुनौतीको रूपमा रहेको छ । यो समस्या मन्त्रालयको मात्र नभई राष्ट्रकै समस्या हो यसको स्थायी समाधानका निम्ति आवश्यक नीति र कानुन निर्माणमा माननीयज्यूहरूबाट रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा राख्दछु ।

ऊर्जा सुरक्षाको दृष्टिले जलाशाययुक्त आयोजनाको निर्माण गर्न आवश्यक छ । सोको लागि रोड सेन्टरबाट नजिक रहेको १२ सय मेगावाट क्षमताको जलाशाययुक्त बुढीगण्डकी जलविद्युत आयोजनाका लागि जग्गाको मुआब्जा वितरण कार्य करिब सम्पन्न भइसकेको र घरगोठको मुआब्जा वितरण कार्य भइरहेको छ । राष्ट्रिय गौरवको यो आयोजना नेपालले विकास गर्न कम्पनी खडा गरि आगामी आर्थिक वर्षमा निर्माण प्रक्रिया सुरु गरिने छ । "पहिले विद्युत् बत्तीको लागि, अबको विद्युत् उज्ज्वल भविष्यको लागि" भन्ने मान्यताका साथ अब औद्योगीकरण, यातायात सञ्चालन, सिँचाइमार्फत कृषि विकास, लिफ्टमार्फत खानेपानी, विद्युतीय सामग्रीको प्रयोग गरी उज्यालो भविष्यको लागि ऊर्जाको

प्रयोग गर्नु पर्दछ भन्ने नीतिका साथ गुणस्तरीय विद्युत् सेवा उपलब्ध गराउन सवस्टेशन, प्रशारण एवम् वितरण लाइन निर्माणमा विशेष प्राथमिकता दिएको छ ।

मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा आगामी वर्ष पूर्ण रूपमा विद्युतीकरण गरिने छ । साथै प्रदेश १, कर्णाली र सुदूरपश्चिम प्रदेशमा वितरण प्रणाली विस्तार लागि बहुवर्षीय ठेक्का सम्झौता सम्पन्न गरी आगामी २ वर्षभित्र पूर्ण विद्युतीकरण गरिने छ । अगामी आर्थिक वर्षमा ग्रामीण विद्युतीकरण तथा नवीकरणीय ऊर्जालाई समेत प्राथमिकता दिई बजेट विनियोजन गरिएको छ । विद्युत् आपूर्तिको सुनिश्चितासहित चार्जिङ स्टेशनहरू निर्माण तथा सञ्चालन गर्ने कार्य जारी गरिएको छ । र यस क्रममा यसै आर्थिक वर्षभित्र नेपाल विद्युत प्राधिकरणबाट ५० ओटा चार्जिङ स्टेशन निर्माण गरिनुका साथै निजी क्षेत्रबाट निर्माण भइरहेका चार्जिङ स्टेसन लागि ट्रान्सफर्मर र आवश्यक विद्युतीय पूर्वाधार पुऱ्याउने व्यवस्था गरिएको छ । निजी क्षेत्रहरूबाट पनि देशका विभिन्न भागमा चार्जिङ स्टेसनहरू सञ्चालनमा आएका छन् ।

आगामी आर्थिक वर्षमा वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्रमार्फत २५ हजार घरधुरीमा विद्युत् वितरण गर्नुका साथै १ लाख घरधुरीमा विद्युतीय चुलोलगायत स्वच्छ खाना पकाउने प्रविधि विस्तार गर्ने लक्ष्य लिएको छ । दुर्गम क्षेत्रबाट काठमाडौं उपत्यकामा आई क्याम्पस अध्ययन गर्ने र लोपोन्मुख, आदिवासी जनजाति तथा दलित वर्गका विद्यार्थीलाई समेत विद्युतीय चुलो वितरण गरिने छ ।

जलवायु परिवर्तनसम्बन्धी सम्मेलनको ट्वान्टी सिक्समा सन् २०४५ सम्म कार्वन उत्सर्जन शून्यमा पुऱ्याउने नेपालको राष्ट्रिय अठोट पुरा गर्न नवीकरणीय ऊर्जाको विकासमा तीव्रता दिन र पेट्रोलियम पदार्थलाई क्रमशः कम गर्न विद्युतीय सवारी साधन, विद्युतीय चुलोको प्रयोग, हरित ऊर्जा विद्युतीय उपकरण प्रयोगमा जोड दिइने छ ।

सम्माननीय अध्यक्ष महोदय, कृषि उत्पादन तथा उत्पादकत्त्व अभिवृद्धि गरी विद्यमान कृषिजन्य उत्पादनको आयत प्रतिस्थापन गर्न सकेमा मात्र दिगो आर्थिक विकास सम्भव छ । देशमा उपलब्ध जलस्रोतको बहुआयामिक उपयोग गरी कृषियोग्य भूमिमा वर्षैंसम्म दिगो एवम् भरपर्दो सिँचाइ सुविधा पुऱ्याइने छ । निर्माणको क्रममा रहेका राष्ट्रिय गौरवका बहुउद्देश्यीय तथा अन्तरजलाधार जलप्रस्थान्तरण आयोजनालाई यथाशक्य छिटो सम्पन्न गर्नुका साथै नौमुरे, राप्ती कपिलबस्तु, तमोर चिस्याङ, मारी दाङ लगायतका आयोजनाहरूको विस्तृत अध्ययन गरी निर्माण थालिने छ । कृषियोग्य जमिनमा तत्काल सिँचाइ सुविधा पुऱ्याउन छिटो सम्पन्न गर्न सकिने भूमिगत जलसिँचाइ आयोजना

निर्माणलाई प्राथमिकतामा राखिएको छ । समृद्ध तराई-मधेश सिँचाइ विशेष कार्यक्रममार्फत तराई र भित्रीमधेशका २५ जिल्लामा ३ हजार सेलो ट्युवेल र १७५ ओटा डिप ट्युवेलमा वितरण प्रणाली तयार गरिने छ । यसबाट थप १५ हजार हेक्टर कृषियोग्य जमिनमा भूमिगत सिँचाइ सुविधा पुग्ने छ । सतह सिँचाहबाट सिँचाइ सुविधा नपुगेका नदी किनारका टारमा लिफ्ट प्रविधिबाट सिँचाइ सुविधा विस्तार गरी साना फाटहरूबाट समेत कृषि उत्पादनबृद्धि गर्ने नीति लिएको छ ।

देशभरका नदी कोरिडोरमा करिब १६ सयभन्दा लिफ्ट सिँचाइहरू योजनाहरू अध्ययनका क्रममा रहेका छन् जसमध्ये हालसम्म करिब ३०० को वस्तुगत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको छ । त्रिशुली र कालीगण्डकी नदी कोरिडोरमा योजना तयारी सम्पन्न भएकाले यथासम्भव छिटो कार्यान्वयनमा लगिने छ । भेरी नदी कोरिडोरमा समेत यस्ता आयोजना सञ्चालन गर्नुका साथै भेरी नदी नियन्त्रणसम्बन्धी कार्यलाई पनि प्राथमिकता दिइने छ ।

सम्माननीय अध्यक्ष महोदय, नेपालका विभिन्न नदी नाला र जलाधार क्षेत्रमा आउने बाढी, पहिरो तथा भूक्षयका कारण हरेर वर्ष ठुलो धनजनको क्षति हुने गरेको छ । संघीय सरकारको कार्यक्षेत्रमा रहेका ४१ ओटा ठुला तथा मझौला नदी नियन्त्रणका लागि गुरुयोजना तयार गरी कार्यान्वयन गरिएको छ । हाल सम्म ४१ नदीमा १२ सय ५ किलोमिटर तटबन्ध निर्माण कार्य भइसकेको छ भने १२ हजार ५ यस हेक्टर जग्गा उकास भएको छ । आगामी आर्थिक वर्षमा थप ९० किलोमिटर तटबन्ध निर्माण र ६ सय हेक्टर जग्गा उकास कार्य सम्पन्न गर्ने लक्ष्य लिइएको छ । देशको पहाडी भूभागमा हुने ठुलो पहिरो नियन्त्रण कार्य संघीय सरकारबाट गर्ने र मझौला तथा साना पहिरोहरू प्रदेश र स्थानीय तहबाट गर्ने गरी बजेट विनियोजन गरिएको छ । बाढी पहिरोको समयमा तत्काल निर्माण गर्नुपर्ने कार्यका लागि बजेट विनियोजन गरिएको छ । चालु मन्सुन अवधिमा औषतभन्दा बढी वर्षाहुने जल तथा मौसम विभागले अनुमान गरेकाले बाढी पहिरोबाट हुन सक्ने विपद्को प्रतिकार्यका लागि योजना बनाई कार्यान्वयन तयार गरिएको छ । नेपाल भारत सिमानामा हुने डुबान समस्या समाधानका लागि नेपाल भारत संयुक्त समितिहरूलाई क्रियाशिल बनाइएको छ । बैठकबाट सहमति भएका विषयहरूको कार्यान्वयन अवस्थाबारे आवश्यक अनुगमन गर्ने व्यवस्था मिलाइएको छ ।

सम्माननीय अध्यक्ष महोदय, जल तथा मौसम विज्ञान विभागमार्फत देशभर मौसमको पूर्वानुमान तथा सूचना प्रकाशन गर्ने गरिएको छ । विगतमा भन्दा पूर्व सूचना

प्रणाली थप विश्वसनीय बनाइएको छ । यसलाई अझ प्रभावकारी एवम् भरपर्दो बनाउन जल तथा मौसमका स्वचालित केन्द्रहरू जडान र विस्तार गरिने छ । जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा परिरहेको असरको वैज्ञानिक अध्ययन अनुसन्धान गर्नुका साथै हिम प्रणालीको निरन्तर अनुगमन गर्न हाल सञ्चालित ९ ओटा हिम केन्द्रलाई पूर्ण स्वचालित प्रणालीमा स्तरोन्नति गरिने छ । जलवायु परिवर्तनका कारण उत्पन्न हिम ताल विस्फोटको जोखिम न्यूनिकरण गर्न संखुवासभामा १, सोलुखुम्बुमा २ र मनाङमा १ गरी जम्मा ४ हिम तालमा पानीको सतह घटाउने तथा तल्लो तटीय क्षेत्रमा पूर्व सूचना प्रणालीको निर्माण गरी सञ्चालनमा ल्याइने छ । सम्माननीय अध्यक्ष महोदय, आगामी दिनहरूमा समेत मन्त्रालयले आफ्नो कार्य सम्पदानका क्रममा माननीयहरूको सुझाव एवम् जनसरोकारलाई प्रमुख आधारको रूपमा अङ्गीकार गर्दै जाने विश्वास दिलाउन चहान्छु । यहाँहरूले दिनुभएको सल्लाह र सुझावसमेतको आधारमा आगामी दिनमा मन्त्रालयले निर्माण गर्ने नीति कार्यक्रम र मन्त्रालयको सेवा प्रवाहमा सकारात्मक सुधार हुने मैले विश्वास लिएको छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसालले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँदछु ।

स्पष्टीकरण माग गर्न चहानुहुने प्रत्येक माननीय सदस्यहरुलाई १ मिनेट समय निर्धारण गरिएको छ । माननीय सुरेश कुमार आले मगर ।

**माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**ः- सम्माननीय अध्यक्ष महोदय, म पटक पटक उठिरहेको छु । त्यसको लागि क्षमा चहान्छु । हाम्रो गण्डकी प्रदेशको मनाङ र तनहुँ जिल्लाको जुन सडकको चाहिँ नोक्सानी भएको छ त्यो यो मन्त्रालयअन्तर्गत पर्दैन होला । तर तनहुँ जिल्लाकै भानु नगरपालिकाअन्तर्गत वडा नं. ६ अन्तर्गत पर्ने चुँन्दिभरा कुलोलाई गत भादै, असोज महिनाको बाढीले धेरै नोक्सान पुऱ्याएको थियो त्यो बारेमा बजेटमा पनि छैन । र त्यसको लागि यदि त्यो बाँधमा पनि नोक्सानी पुऱ्याएको, कुलो पनि बगाएर लगेको, खेत

पनि बगाएर लगेको हुनाले यदि त्यहाँ बनेन भने अहिले चाहिँ खेत बाँझो रहने अवस्था छ । त्यसैले त्यसको लागि चाहिँ केही विशेष व्यवस्था गरियोस् भनेर मन्त्री समक्ष अनुरोध गर्न चहान्छु । र अर्को म चाहिँ भाषाको विद्यार्थी भएको हुनाले भाषातिर पनि मेरो ध्यान निकै जाने गर्दछ । यो मन्त्रालयको नाम रहेको छ ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय हुनत बजेट विनियोजनअन्तर्गत यो पर्दैन तर मन्त्रायलको नामसँग पर्ने भएको हुनाले जलस्रोत भनेको एउटा ऊर्जा नै हो । सोलार पावर एउटा ऊर्जा हो । हावाबाट काइलाबाट निस्किन्छ, ती पनि ऊर्जा नै हुन । ती २ ओटा ऊर्जा त नेपालमा उत्पादन भाछैनन् । तर जलस्रोत सोलार पावर भाछन् ..... (समय सकिएको) ।

**सम्माननीय अध्यक्ष** :- माननीय सदस्यहरू, माननीय खिमलाल भट्टराई ।

**माननीय श्री खिमलाल भट्टराई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्ष महोदय, मेरो यो लुम्बिनी क्षेत्रलाई विशेष क्षेत्र भनेको हुनाले सरकारले त्यसको खासगरिकन विद्युतीकरणसित सम्बन्धित लुम्बिनी क्षेत्रमा काठको पुल विस्थापन गर्ने विषय र आवश्यक सिमेन्टका पोलको व्यवस्थापन गर्ने र लो भोल्टेज हटाउन विद्युतीकरणको लागि आवश्यकताअनुसार ट्रासफर्मर व्यवस्था गर्ने विषयमा मन्त्रालयको के योजना छ ? म सोध्न चाहन्छु । धन्यवाद ।

**सम्माननीय अध्यक्ष**:- माननीय डा. विमला राई पौडयाल ।

**माननीय डा. विमला राई पौडयाल(मनोनीत)**:- सम्माननीय अध्यक्षज्यू, मैले मेरो प्रश्नमा पनि भनेको थिएँ । यो अरू त त्यस्तै हो भारतसँगको हाम्रो यो विद्युत् व्यापारको सम्झौतामा भारतले लगानी गरेको भारतको कम्पनीले लगानी गरेको र त्यहाँबाट उत्पादन भएको विजुली मात्र विक्री गर्न सकिने छ भन्ने प्रावधान त्यहाँको ऐनमा पनि भएको र त्यही ऐनलाई हामी चाहिँ सम्झौताको रूपमा ग्रहण गरेको भन्ने कुरा बाहिर आएको छ । यसमा मन्त्रीज्यूले स्पष्ट पारिदिनुहुनको लागि म अनुरोध गर्छु ।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसाललाई समय उपलब्ध गराउँछु ।

**माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री श्री पम्फा भुसाल**:- सम्माननीय अध्यक्षज्यू, माननीयज्यूहरूका थप जिज्ञासाका निम्ति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । धेरै छैनन् अब सामान्यतयाः हामी संघीय लोकतन्त्रिक गणतन्त्रमा गएका छौं । हामीलाई विभिन्न सिँचाइमा, तटबन्धमा र पहिरो नियन्त्रणमा तीन तहका सरकारले गर्ने कार्यक्षेत्रको कार्यविभाजन गरिएको छ । मैले बताथिएँ ४१ ओटा नदीमा हामीले काम गर्छौं । र सिँचाइको चाहिँ निश्चित दायरा छ । निश्चित ठुला सिँचाइ आयोजना केन्द्रले, मध्यम खालका प्रदेशले र साना खालका चाहिँ स्थानीय तहले गर्ने व्यवस्था गरेको छ । मैले बुझेसम्म यो चुँदीरगमा केन्द्रीय सिँचाइका आयोजना त छैन तर फेरि एकदम भएको आकस्मिक क्षतिको बारेमा चाहिँ हामी गर्छौं । मैले यसलाई नोट गरेको छु । मैले त्यहाँको हाम्रो सिँचाइ विभाग र त्यहाँ नजिक भएको हाम्रो मन्त्रालयसित सम्बन्धित सिँचाइसित सम्बन्धित गोर्खाको पालुङटारमा अफिस छ । त्यसलाई चाहिँ त्यहाँ अनुगमन गर्न पठाएर आपतकालीन चाहिँ प्रदेशसित समन्वय गरेर उहाँहरूको पहुँचमा हैन भने हाम्ले छिट्टै नियन्त्रणमा मैले जोड दिने त्यो प्रक्रियालाई अगाडि बढाउने विश्वास दिलाउन चाहन्छु माननीयज्यूलाई । मन्त्रालयको नाम अब थियो यो पहिले नै त्यसो त फेरि जलस्रोत भनेको फेरि ऊर्जाको एउटा सेक्टर पनि हो तर अरू पनि छन् तर यहाँ ऊर्जा, जलस्रोत र सिँचाइ भनिएको छ मैले त्यतातिरपट्टि त्यति धेरै त दिया थिइँन माननीयज्यूले अलिकति माइन्ड गर्दिनु भएको छ म गरौंला छलफल त तर अहिले नै बदलिहाल्छु भनेर चाहिँ भन्न सक्दिँन ।

माननीय खिमलाल माननीयज्यूले लुम्बिनी क्षेत्र जो एउटा विशेष क्षेत्रको रूपमा रहेको क्षेत्रमा एउटा काठको पुल हटाएउने कुरा र विद्युतीकरणको उठाउनु भ छ हामी क्रमशः खास गरेर समथर काठका पोल हटाउने कङक्रिटका पोल राख्ने योजनामा हाम्रो मन्त्रालयको रहेको छ । त्यहाँ काठका पुल भएका कुरा चाहिँ मैले नोट गरें । मैले त्यसलाई चाहिँ विस्थापित गरेर कङक्रिटका पोलहरू राख्ने भन्ने छु । विद्युतीकरण हाम्रो ठुलो समस्या थियो मैले अगि पनि यसो राखेको थिएँ । जग्गा प्राप्ति र वन चाहिँ एउटा ठुलो समस्या हाम्रो वर्षौंबाट पूर्व-पश्चिम प्रशारण लाइनमा हेटौंडा नारायणगढ, बर्दघाट

हाम्रो जो एउटा प्रशरण लाइन थ्यो । एउटा जग्गाको प्रकरणले रोक्किराखेको थियो । आज म सुखद् म यहाँ जानकारी दिन चहान्छु । हिजोमात्र धेरै वर्षपछिको स्टे अडर सर्वोच्च अदालतले खारेज गर्देको छ । र पूर्वी नवपरासीको दुम्कीवासमा दुइटा टावर बन्न नपाउँदा हामिले चाहिँ बुटवल, नवलपरासी, रूपन्देहीलगायतका पश्चिम जिल्लामा चाहिँ एउटा भरपर्दो विद्युतीकरण विद्युत् सेवा दिन सक्याथेनौं । अब केही महिनाभित्र चाहिँ हामी त्यहाँको त्यो टाउवहरु दुइटा टावरहरू मात्रै पुरा हुनेबित्तिकै अनि लाइन जडान गरेर चाहिँ भरपर्दो विद्युत् दिन सक्छौं । र रुपन्देहीको हकमा चाहिँ हाम्रो एउटा सबस्टेसन लुम्बिनी आसपासमा एउटा सबस्टेसन बन्दै छ । मेरो विचारमा त्यो एक महिनाभन्दा बढी सायद समय लाग्दैन त्यो सबस्टेसन बनि सक्दाखेरि लुम्बिनीले चाहिँ एउटा लुम्बिनी-भैरहवा क्षेत्रले चाहिँ भरपर्दो विद्युत् सेवा पाउने मैले जानकारी गराउँन चाहन्छु ।

माननीय विमला राई पौडयालज्यूले राखेको हाम्ले विद्युत् व्यापार भरखरै भारतमा सुरु गरेका छौं गत वर्ष ३९ र यो वर्ष ३६५ बाट विद्युत् खरिद गर्ने नीतिमा चाहिँ अब सबै देशले आफ्नो आफ्नो नीति बनाउन स्वतन्त्र छन् स्वायत्त छन् । सार्वभौम छन् । मैले पनि पढेको भारतले अरू देशबाट विद्युत् खरिद गर्ने मामलामा आफ्नो देशसँग सीमा जोडिएको तर फेरि विद्युत् व्यापार या उत्पादनसम्बन्धी कुनै सम्झौता नगरिएको देशले निर्माण गरेको विजुली खरिद गरिन्न भन्ने उहाँहरूको डोमेस्टिक कोड अफ कन्डक छ । र अहिले हाम्ले नेपालले आफ्नै लगानीमा कतिपय भारतले नै विगतमा बनाइदिएका र अनि निजी क्षेत्रबाट बनाएका जलविद्युत्को चाहिँ व्यापार अहिले भइराखेको छ । र थप अझै त्यस्तै नेपाली लगानीमा बनेका या अन्य जल विद्युत् आयोजनाबाट उत्पादित भएको थप विजुली हामी फेरि दिनका निम्ति वार्ता संवाद गरिरहेका छौं । अहिले बर्खामा हामीले यसै पनि ७/८ सय मेगावाट बढी हुन्छ । केन्द्रीय फेरि विद्युत् लाइन ७ देखि १ हजार विद्युत् आउँदैछ । यहाँ उपभोग हुन नसकेको तर खेर जाने विजुली चाहिँ हामीले विक्री गर्नै पर्ने छ । हामीले हाम्रो मापदण्डअनुसार गर्द्यौ भन्ने कसैलाई दबाब दिन मिल्दैन । हामीले हाम्रो मापदण्डमा अरू स्वतन्त्र देश सर्वभौम देशले आफ्नो देशको गर्नुहुन्छ होला । यहीअन्तर्गत चाहिँ अहिले हाम्रो विद्युत् व्यापार भइरहेको जानकारी गराउँछु । र प्रश्न सोधेर हाम्रो विषयलाई प्रष्ट पार्ने मौका दिनुभएकोमा म प्रश्नकर्ता माननीयज्यूहरूलाई धन्यवाद दिन चहान्छु । र राष्ट्रिय सभाका सबै माननीयज्यूहरूप्रति आभार व्यक्त गर्छु । धन्यवाद ।

**पुनः पीठासीनः**- सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सना ।

**सम्मानीय अध्यक्षः**- माननीय सदस्यहरू, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीलाई महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको उठेका प्रश्नहरूको मात्र जवाफ दिन समय उपलब्ध गराउँछु ।

**माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री उमा रेग्मीः**- सम्माननीय अध्यक्षज्यू, वास्तवमा महिला, बालबालिकासम्बन्धी प्रस्तुत गरिएको विनियोजनमा माननीय सदस्यज्यूहरूले अत्यन्त महत्त्वपूर्ण सुझावहरू, जिज्ञासाहरू राख्नुभएको छ । सुझाव दिनुभएको छ । यसको लागि म सम्पूर्ण माननीयज्यूहरूलाई धेरै धन्यवाद दिन चहान्छु । विशेष गरी १० जना माननीयज्यूहरूले जिज्ञासा राख्नुभएको छ । उहाँहरूलाई विशेष धन्यवाद दिन चहान्छु ।

अब तितो सत्य भन्नै पर्छ मैले कहाँबाट सुरु गरूँ कि बजेट सबभन्दा धेरै जनसङ्ख्या भएको महिला, बालबालिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति यौनिक, लैङ्गिक, अल्पसङ्ख्यकहरू गर्दा ७५ प्रतिशतभन्दा बढी जनसङ्ख्या भएको मन्त्रालय सबैको ..... ७५ प्रतिशतभन्दा बढी जनसङ्ख्याको अभिभावकत्त्व दायित्व बहन गर्नुपर्ने मन्त्रालय तर केको विडम्बना हो मैले बुझ्न सकेको छैन् । अहिलेसम्म सबैभन्दा कान्छो यो मन्त्रालय सबैभन्दा कान्छो भन्दा पनि अस्ति हिजो मात्रै म उहाँ महानगरमा गएको थिएँ चितवन मैले उपमहानगरपालिकाहरूको पनि सुनें नगरपालिकाहरूको पनि बजेटहरू सुनें कसैको ३ अरब ४ अरबभन्दा कम छैन् । तर यो मन्त्रालय प्रजेक्ट हो कि यो मन्त्रालयको भूमिका के हो अझै स्पष्ट हुन जरूरी भयो । किनभने एक अरबको मुख पनि देख्न नसकेको बजेटको दृष्टिकोणले म त्यहाँ मन्त्रालयमा मन्त्री भएर आउँदा ८० करोडको बजेट जम्माको अवस्था थियो । अलिकति लबिङ गर्दा गर्दा बल्ल बल्ल अरबको मुख देख्यो यो मन्त्रालयले । १ अरब ७८ करोड भएको छ ।

माननीयज्यूहरूको असाध्यै राम्रो सुन्दर सुझावहरू छ । बर्थिङ सेन्टरहरू किन भएन अथवा यहाँ किन पुगेन । बजेट कमी एकदम माननीय सुरेश आलेमगर कता जानुभो' उहाँलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु । उहाँले अरू मेरो भन्नु केही छैन तर यो मन्त्रालयमा बजेट चाहिँ एकदमै कमी भयो भन्नुभयो यसको मर्म साह्रै बुझ्नुभयो अरू माननीयज्यूहरूले पनि लास्ट लास्टमा चाहिँ बजेट कमै भा' हो भाकोहो कुराहरू राख्नुभयो । त्यस कारणले बजेट भए पो कार्यक्रम ल्याउने बजेट बाँड्ने ठाउँहोस् । सम्बन्धित सरोकारवालाहरूसँग पुऱ्याउने उहाँहरूको आवश्यकतालाई चाहिँ सम्बोधन गर्ने । बजेटकै यो स्थिति छ । यो मन्त्रालय के गर्न खोजिएको भन्ने कोइसन छ । कोइसन नै कोइसन भइरा'छ । मलाई लाग्छ यहाँहरूलाई पनि त्यो कोइसन भयो होला । त्यसकारणले बजेटको अभावले गर्दा हामीले चाहेर पनि गर्न सकेनौं । धेरै कुरा गर्नुपर्ने थियो । यत्रो सरोकारमा सबै ७५ प्रतिशतभन्दा बढी जनसङ्ख्याको सरोकारमा सरोकारको मन्त्रालय भएको हुनाले सबैलाई सम्बोधन गर्नुपर्ने थियो त्यो पनि गर्न सकिएको छैन । अब जे छ त्योभित्र पनि जे छ थोरै तिनो त्यसलाई विनियोजन गर्ने प्रयास गरिएको छ । र त्यो सेक्टरलाई सकेको सम्बोधन गर्ने प्रयास गरिएको छ । त्यसकारणले सम्माननीय अध्यक्षज्यू, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको लागि आ.व. २०७९/८० को लागि प्रस्तावित तथा बजेट तथा कार्यक्रममाथि २०७९ असार ६ गते यस सम्मानित सभामा छलफल भएको थियो । उक्त छलफल कार्यक्रममा माननीय सांसदज्यूहरूले दिनुभएको अमूल्य सुझाव तथा सल्लाहप्रति सम्मानीय अध्यक्षज्यूमार्फत हार्दिक आभार प्रटक गर्न चाहन्छु । छलफलमा माननीय सांसदज्यूहरूले उठाउनुभएको विषयहरूप्रति मन्त्रालयको तर्फबाट देहायअनुसार स्पष्ट पार्ने अनुमति चाहन्छु ।

सम्मानीय अध्यक्षज्यू, दुर्गम क्षेत्रका ज्यान जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिलाको जीवन रक्षाका लागि २०७५ सालदेखि राष्ट्रपति महिला उद्यान कार्यक्रममार्फत भए उद्धार गरी नजिक सुविधायुक्त स्वास्थ्य केन्द्र अस्पताल पुऱ्याई सेवा उपलब्ध गराउँदै आएको । कार्यविधिले तोकेको १९ वटा पूर्ण तथा २९ वटा आंशिक रूपमा उद्धार सेवाका लागि जम्मा ४८ वटा जिल्लामा लागु भएको छ । आम जनताले उक्त सेवा उपयोग गर्न सक्ने बनाउन व्यापक प्रचार प्रसार गर्ने कार्यक्रम रहेको छ । हामी यसरी हवाइ उद्धार सुत्केरीहरूको थोरै भए पनि हवाइ उद्धार कार्यक्रम २०७५ सालदेखि नै राख्दै आएका छौं । तर सांसदज्यूहरूले माननीयज्यूहरूले भन्नुभा'को छ कि योभन्दा

बर्थिङ सेन्टर नै राम्रो हो । बर्थिङ सेन्टर नै हुनुपर्‍यो त्यो स्थायी समाधान हो भन्नुभा'को छ । पक्कै पनि त्यो स्थायी समाधान हो । तर के भनु ? यो मन्त्रालयको यस्तो किसिमको बजेटले कसरी बर्थिङ सेन्टरहरू खोल्न सकिन्छ । त्यसो भएको हुँदा तर अब बसेर यो बजेटमा प्रयास गर्दा पनि नभएको अवस्था छ । र यसलाई छलफलमा अगाडि बढाएर बिच्चैमा हुन्छ कि आगामी बजेटमा हुन्छ । प्रयास गर्ने बर्थिङ सेन्टर नै राम्रो हो त्यसको लागि मन्त्रालयको तर्फबाट हामी प्रयास गर्ने छौं । यसको दीर्घकालीन समस्या समाधानको लागि बर्थिङ सेन्टर ।

घरेलु हिंसा तथा लैङ्गिक हिंसाका पीडितहरूको लागि मन्त्रालयमा लैङ्गिक हुंसा निवारण कोष रहेको छ । हिंसा पीडितका लागि आवश्यकताको आधारमा मनोसामाजिक परामर्श स्वास्थ्य उपचार खर्च कानुनी उपचारको लागि सहयोग एवम् व्यवसाय गर्नको लागि बीउ पुँजी पुर्नस्थापनाको लागि सहयोग उक्त कोषबाट हुने गरेको छ ।

मानव विकास सूचाकाङ्क पछाडि परेका जिल्लाका विपन्न र एकल महिलाहरूको लागि सीप क्षमता र योग्यताको आधारमा रोजगारी आर्थिक तथा सामाजिक अवसर प्रदान गरी महिलाको आर्थिक अवस्थामा सुधार ल्याई आर्थिक ससक्तिकरण गर्न जिविकोपार्जन सुधार गर्न कार्यक्रम सञ्चालन भइरहेको छ । उद्यमशिलता र सिप भएका उद्यमी बन्न महिलाहरूलाई वित्तीय पहुँच टेवा पुँजी तथा प्राविधिक सहयोग गर्ने कार्यक्रम सञ्चालन भएको छ । स्थानीय स्तरका महिलाहरूको नेतृत्व क्षमता विकासका लागि आवश्यक तालिम अभिमुखीकरण तथा क्षमता अभिवृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गरिने प्रस्तुत 'महिला पहिला' कार्यक्रमले राज्यको हरेक क्षेत्रको महिलाको अर्थपूर्ण सहभागिता बढाउने अपेक्षा लिएको छ । महिला सुरक्षा विशेष गरी बेलुका अबेरसम्म काम गर्ने महिलाहरू यात्राका क्रममा राती अबेर गन्तव्यमा पुगेका र घरसम्म सुरक्षित रूपमा पुग्ने वातावरण सृजना गर्नका लागि नेपाल प्रहरी महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशानालयसँग समन्वय गरी सञ्चालन गरिने छ । सडक बालबालिका तथा जोखिमपूर्ण कार्यमा संलग्न बालबालिकाको उद्धार तथा स्वास्थ्य उपचारमा सहयोग गर्न बजेट विनियोजन गरिएको छ । बालविवाह अन्त्यलगायतका प्रदेशस्तरीय कार्यक्रमहरू प्रस्तावित गरिएको छ । काठमाडौं र ललितपुरमा बढी सार्वजनिक कार्यालयहरू रहेको र महिला कर्मचारीहरू धेरै रहेकाले सिंहदरबार परिसर र ललितपुरमा दिवा शिशु स्याहार केन्द्रको क्षमता विस्तार गर्ने कार्यक्रम रहेको छ । विद्यालयस्तरका बालबालिकाहरूलाई लागु औषध दुर्व्यसन साइवर क्राइम तथा बाल विवाह सचेतनामूलक कार्यक्रम गर्ने

गरिएको छ । बालबालिका खोजतलास सेवा केन्द्र १०४ र बाल हेल्प लाइन १०९८ सञ्चालनमा रहिरहेको अवस्था छ । यसबाट सडक बालबालिका तथा हिंसामा परेका बालबालिकाको उद्धार संरक्षण तथा पुनर्स्थापन गर्ने कार्य निरन्तर भइरहेको छ ।

विराटनगर नेपालगञ्जलगायतका बाल सुधार गृहको सुधारका लागि बजेट प्रस्ताव गरिएको छ भने तनहुँको ढकालटारमा नयाँ बाल सुधार गृह निर्माणको लागि बजेट प्रस्ताव गरिएको छ । सबै पालिकामा पालिकाकै सहभागितामा बालउद्यान निर्माण गर्ने उद्देश्यकासाथ बालउद्यान निर्माणसम्बन्धी नमुना मापदण्ड तयारगरी सबै पालिकामा पठाइसकेको छ । बेचबिखनमा पर्ने सम्भावित वर्गका रूपमा रहेका किशोरीहरूलाई लक्षित गरी साइबर क्राइम तथा यसबाट हुनसक्ने अपराध र सोबाट अपनाउनुपर्ने उपायहरूसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने गरेको छ । ज्येष्ठ नागरिकहरूसँग विद्यमान अनुभव ज्ञान, सीपलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न सकेमा ज्येष्ठ नागरिकहरूको सम्मान पनि हुने र उहाँहरूमा रहेको ज्ञान सीप क्षमता एवम् अनुभव अर्को पुस्ताले ग्रहण गरी त्यसको उचित उपयोग हुने भएकोले यस्ता कार्यक्रमहरू प्रस्ताव गरिएको छ । ज्येष्ठ नागरिकहरूमा अल्जाइमर तथा मनोसामाजिक समस्या देखिने तथा उनीहरूलाई छुट्टै स्याहारकर्ताको आवश्यकता पर्ने भएकोले यसपालिको बजेटमा स्याहार सुसारकर्ता तालिम सञ्चालन गर्ने कार्यक्रम प्रस्ताव गरिएको छ । काठमाडौँको गोठाटारमा ४५ बेड क्षमताको अस्पतालसहितको १६५ जना क्षमता भएको वृद्धाश्रम निर्माण कार्यका लागि चालु आ.व.मा डीपीआर तयार भई खरिद प्रक्रियामा रहेको छ । तीन वर्षभित्र उक्त वृद्धाश्रम तयार गरी हाल पशुपति वृद्धाश्रममा रहेका ज्येष्ठ नागरिकहरू स्थानान्तरण गरी सुरक्षित र स्वस्थ वातावरणमा बस्ने व्यवस्था गर्ने कार्य अगाडि बढाइएको छ । ज्येष्ठ नागरिकको दिवा भेटघाट तथा अनुभव आदन प्रदानको लागि ज्येष्ठ नागरिक मिलन केन्द्र स्थानीयस्तरमा सञ्चालन गर्ने गरी विगतका वर्षहरूदेखि नै कार्यक्रम रहेको छ । ज्येष्ठ नागरिकमाथि हुने हिंसा र दुर्व्यवहार न्यूनिकरणका लागि विभिन्न सङ्घ सङ्स्था तथा सञ्चाल माध्यमको सहयोगमा सचेतना कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम प्रस्ताव गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिहरूलाई अपहेलना परनिर्भरता हुन नपरोस् र सम्मानजन बाँच्न सक्ने वातावरण सृजना गर्नका लागि प्रदेश सरकारसँग समन्वय र सहकार्यमा प्रत्येक प्रदेशमा अपाङ्गता ग्राम निर्माण गर्ने सोचअनुरूप कार्य अगाडि बढिरहेको छ । अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने सहायक सामग्रीहरू प्रदेशस्तरमै उत्पादन तथा निःशुल्क वितरणको लागि बजेट प्रस्ताव गरिएको छ । पूर्ण अपाङ्गता

भएका व्यक्तिलाई आवासीय रूपमा पुनर्स्थापना गर्नका लागि आवासीय पुनर्स्थापन केन्द्र सञ्चालन सहयोग गर्ने कार्यक्रम प्रस्ताव गरिएको छ । महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक सबैलाई राज्यको स्रोतको उपयोग गरी सेवाप्रवाह गरिँदै आएको छ । राज्यअन्तर्गत रही गठन भएको विभिन्न सङ्घ सङ्स्थाहरूले यति क्षेत्रहरूमा विशिष्ट सेवा प्रदान गर्दै आएकोले सरकारी निजी क्षेत्रको सहकार्यको अवधारणाले विभिन्न सरोकारवाला संघ संस्थालाइसमेत परिचालन गरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको क्षेत्रमा कार्य गर्दै आएको छ ।

सम्माननीय अध्यक्ष महोदय, अब अहिलेको बजेटमा हामीले सकेसम्म अर्थ मन्त्रालयसँग समन्वय गरी त्यो ट्याक्स सेनेटरी प्याडमा ट्याक्स फ्रि गर्नको निम्ति सिफारिस गरिएको र ट्याक्स फ्रि पनि भएको छ । र महिलाहरूलाई मात्रै संघीयता लागेको अवस्था पनि छ । म तपाईंहरूलाई निवेदन गराऊँ । अहिले कुनै न नै प्रकारका सम्पर्क कार्यालयहरू जिल्लाहरूमा रहिरहेकै छन् । तर यो संघीयता सुरु हुनेबित्तिकै संघीयता विरोधी कार्यालयहरू खारेज गरेन भने संघीयता विरोधी हुन्छ भने सबभन्दा भनेर सबभन्दा पहिला महिला विकास कार्यालय खारेज गरियो । जसले गर्दाखेरि सीडीओहरूले पनि मलाई भन्नुभा'को छ । यो अत्यन्त जिल्लामा अप्ठेरो पर्‍यो । त्यसकारणले केही न केही सम्पर्क गर्नुपर्‍यो भन्ने कुरा राख्नुभएको छ । धेरै महिलाहरूले धेरै अरू सरोकारवालाहरूले पनि भन्नुभएको छ । तापलेजुङ्गको महिलालाई पनि अप्ठेरो पर्‍यो भने सिंहदरबारमा आइपुग्नुपर्यो पहुँच पुर्‍याउनु पर्‍यो । र कञ्चनपुरको कालिकोटको महिलालाई पनि अप्ठ्यारो पर्‍यो भने सिंहदरबारै ताक्नुपर्‍यो यसले गर्दा अत्यन्त अप्ठेरो बालबालिकालाई पनि कञ्चरपुरमा अपहरणमा परेको बालबालिकालाई सिंहदरबारमा खबर आइपुग्नुपर्‍यो । यसले गर्दा ज्यादै नै नराम्रो अवस्थामा गुज्रिएको हुनाले हामीले यसपालि नीतिमा चाहिँ कही न कही एउटा सम्पर्क एकाई फोकल पोइन्ट भने पनि चाहिन्छ भनेर हरेक जिल्लामा एउटा फोकल पोइन्टको रूपमा सम्पर्क इकाई स्थापना गरौं भनेर चाहिँ प्रस्ताव गरेका थियौं । त्यसमा नीतिमा चाहिँ स्थानीय र प्रदेश समन्वयमा गर्ने भन्ने नीतिमा आएको छ तर बजेटले बजेटको आउँदाखेरि सम्बोधन भएको छैन् । त्यसकारणले अर्थ मन्त्रीज्यू पनि यहिँ हुनुहुन्छ । सम्माननीय अध्यक्षज्यूमार्फत म ध्यानाकर्षण गर्न चाहन्छु । यसलाई टुङ्गैमा पुर्‍याउनको लागि अझै बैठक अझै सिटिङ स्थानीय र प्रदेशको के भूमिका हुने संघको के भूमिका हुने त्यसको छलफल गर्नै बाँकी छ । त्यसकारण त्यसलाई छलफल गरेर एउटा टुङ्गोमा पुर्‍याउन सक्यौं भने केही न

केही फोकल पोइन्ट जिल्ला लिल्लामा हुन सक्थ्यो भने महिला बालबालिका ज्येष्ठ नागरिकप्रतिका दुर्व्यवहारहरू अपहरण हुने केसहरू धेरै किसिमका समस्याहरूको एउटा सम्पर्क पोइन्ट भएपछि त्यसले चाहिँ काम गर्न पाउँछ र त्यो किन पनि आवश्यक छ भने गएको साल यो पालिकाहरूमा पठाएको थोरै बजेटमध्ये पनि थोरै पठाएको बजेटमध्ये पालिकाले महिलाका महिला मन्त्रालयले पठाएको बजेटमा कुनै ध्यान दिएन र पालिकाहरूमा त्यति थोरै बजेट पठाएको पनि १६ करोड बजेट फ्रिज भएर आयो । त्यो यहाँबाट पठाएको बजेटको कुनै वास्ता गरेन पालिकाहरूले त्यसले गर्दा त्यसलाई चाहिँ अनुगमन गर्न पठाको बजेट महिलाको बारेमा, ज्येष्ठ नागरिकको बारेमा, बालबालिकाका बारेमा थोरै पठाएको बजेटबाट पनि त्यसलाई सदुपयोग गर्न नसकेर वेवास्ता गरेर फ्रिज भयो भने त्यसमा सम्पर्क इकाई भयो भने त्यो इकाइले गएर चाहिँ त्यहाँ घच्घच्याउने अनि त्यो बजेटलाई कार्यान्वयन गर्ने सरोकारवालाहरूको समस्यालाई बुझ्ने काम हुन्छ । तर एउटा न्यायिक समिति भएतापनि त्यसले चाहिँ महिलाहरूको सवालमा त्यसरी काम गरेको छैन पालिकामा र पालिकाको सामाजिक समिति भनेर पालिकासँगै राखेर समितिले पनि महिलाहरूका बालबालिका ज्येष्ठ नागरिक यीनीहरूको समस्यालाई सम्बोधन गर्न सकेको छैन् ।

त्यसकारणले जुन अहिलेको नीतिमा आएको छ । यो फोकल पोइन्ट एउटा इकाई यसलाई साकार रूप दिन माननीय अर्थमन्त्रीज्यूले पनि पक्कै सहयोग गने छ भन्ने हामीले विश्वास लिएका छौं । र अब सडक बालबालिकालाई चाहिँ सडकबाट मुक्त गर्नको निमित्त र पनि हामीले कार्यक्रमहरू अहिलेको बजेटमा राखिएको छ । त्यस्तै प्रकारले विभिन्न ठाउँमा हामीले त्यसको व्यवस्थापन पनि गरेका छौं ।

र ज्येष्ठ नागरिकहरूको अब प्रश्न उठेको थियो । यसपालि अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकहरू जो ओछ्यानमै परिरहनुभा' को छ । उहाँहरूलाई गएर हामीले कानुन नियममा छ र मन्त्रालयले संघीय मन्त्रीज्यू अहिले गै सक्नुभयो । ज्येष्ठ नागरिक दिवसको अवसरमा घोषणा नै गरेको संघीय मन्त्रीजीले घोषनै गर्नुभा' हो र उहाँले पालिका पालिकामा पत्राचार पनि गर्नुभा' छ । जो ओछ्यान परेका छन् । जो उठेर बैङ्कसम्म पुग्न सक्दैन् । ज्येष्ठ नागरिकहरू, अपाङ्गता भएका व्यक्तिहरू उहाँहरूलाई बैङ्कसँग समन्यव गरेर घरको हात हातमै लगेर पैसा दिने भन्ने कुरो घोषणा भइसकेको हो र नियम छ तर पनि त्यो कार्यान्वयन अझै हुन सकेको छैन र संघीय

मन्त्रीज्यू अहिले यहाँ बोलेर गइसक्नुभा' को छ । उहाँहरूसँग समन्वय गरेर त्यसलाई पनि कार्यान्वयन गराउन जरुरी छ ।

र उहाँहरू ओछ्यानै परेका अपाङ्गता भएका व्यक्ति र उसको लागि केरिङ किभहरूको सुरुवात हामीले गरेका छौं । तालिम दिनलाई चाहिँ हेरचाह गर्ने व्यक्तिको सुरुवात चाहिँ अहिलेको बजेटमा गरिएको छ । त्यसो भएको हुँदा त्यसलाई कमसेकम सुरुवात भइसकेपछि हुने खानेले चाहिँ देखेर उहाँहरूले चाहिँ देखेर उहाँहरूले चाहिँ गर्नुहुने छ । त्यसको सदुपयोग गर्नुहुने छ । तर हुँदा खानेहरूलाई अप्ठयारो पर्छ । त्यो वर्गलाई चाहिँ राज्यले पनि केहि हेर्नुपर्छ र केही व्यवस्थापन गर्नुपर्छ । पहिला त हामीले त्यसको जनशक्ति तयार गर्नलाई तालिमको व्यवस्था गरिरहेका छौं ।

त्यस्तै प्रकारले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको, उहाँहरूलाई उहाँहरूका समस्या छन् । एउटा नागरिकताको समस्या छ अर्को विवाहसम्बन्धी समस्या छ । बढो गम्भीर समस्या उहाँहरूको छ तर पनि उहाँहरूले पनि गरिखानुपऱ्यो । अब त्यो चाहिँ सबैको एउटा दृष्टिकोण स्पष्ट दृष्टिकोण नआइकन एउटा मन्त्रालयले मात्रै गरेर टुङ्गोमा पुग्न गाह्रो छ । तर हामीले के प्रस्ताव गरेका छौं । गरी खानुहोला भनेर यसपालिका उहाँहरू लैङ्गिक अल्पसङ्ख्यक मैत्री बजेटको चाहिँ लागि उद्यमशीलताको विकास गर्न उहाँहरूलाई उद्यमशीलतासम्बन्धी तालिम गर्न पनि बजेट छुट्याइएको छ ।

र यसै किसिमले हामीले समाज कल्याण परिषद्लाई पनि एउटा, यही मन्त्रालयअन्तर्गत हो । महिला बालबालिका मन्त्रालयअन्तर्गत समाज कल्याण परिषद् पनि हो । ऊलाई चाहिँ एउटा त्यस्तो भृकुटीमण्डप ज्यादै अव्यवस्थित रूपमा रहेको भृकुटीमण्डपलाई चाहीं बढाबढ ऊ गरेर ई टेन्डर गरेर त्यसलाई चाहिँ हामी व्यवस्थित गर्न लागेका छौं ।

अहिले धेरै एम्व्यासटरहरू मन्त्री आउनेबित्तिकै धाउनुपरेको थियो । कि लाइन लाएर आउनुभएको थियो अनि त्यसपछि बुझ्दै जादाँ प्रजेक्टहरू वर्षौंदेखि खाताखात रहेछन् । त्यसकारणले हाम्रो प्रजेक्टहरू यहाँबाट गएन भनेर उहाँहरूले गुनासो गर्नुभयो । हामी आइसके पछि म मन्त्री भएर आइसकेपछि तिनीहरूलाई चाहिँ अब राज्यमै आएको छ । जे आए पनि त्यो रकम चाहिँ हाम्रै देशमा आएको छ । त्यसकारणले त्यसलाई छिटो छरितो गर्नुपर्छ भनेर लगभग ७५ अरबको प्रजेक्ट चाहिँ हामीले स्वीकृत गरिसकेको अवस्था छ । त्यसकारणले त्यसलाई पनि समाज कल्याण

परिषद्लाई नै एकदम नियमन गराउने त्यलाई डिजिटलाइज गरेर पारर्दशी बनाउने पक्षमा हामी लागिरहेका छौं ।

अन्तमा यो संघ संस्थाहरूतर्फ छुट्याइएको बजेट धैरै काठमाडौं र ललितपुरमा जस्तो देखिन्छ । किन भने धैरे अपाङ्गता भएका व्यक्तिहरू अल्जाइमर भएका अथवा विभिन्न किसिमका अपाङ्गता भएकाहरू सबै उहाँहरूको संस्था यहाँ चाहिँ काठमाडौंमा बढी रहेको हुनाले उहाँहरूलाई सबैलाई नछुट्याउन भन्ने हेतुकासाथ बजेट विनियोजन गर्दा धैरे काठमाडौं र ललितपुरमा बढी भएको जस्तो देखिन्छ । तर त्यो होइन त्यस्ता संस्थाहरूले त्यहाँ काम बढी गरेका कारणले बढी देखिएको हो ।

अरू माननीयज्यूहरूले जो जोले चाहिँ विभिन्न प्रश्न राख्नुभएको छ प्रश्न राख्नुभाकोमा यहाँ चाहिँ तुलसाजीले राख्नुभाको थियो । विनियोजन खर्च रकम घटाई १ रुपैया कायम गर्ने भनेर हामी कहाँ धैरे खर्चै छैन । बजेटको कुरा मैले भने यहाँहरूले त्यसो भन्नुथियो माननीय सुरेश आलेले भन्या जस्तै बजेटै पुगेन भनेर यहाँबाट समग्र महिलाहरू अपमान हो, ज्येष्ठ नागरिकहरूको अपमान हो, बालबालिकाको यो मन्त्रालयको अपमान हो । कि १ अरब ७८ करोड बजेट एउटा प्रजेक्ट जत्रो पनि छैन । हामीले एउटै प्रजेक्ट समाज कल्याण अन्तर्गत १० अरबको प्रजेक्ट स्वीकृत गरिरहेका हुन्छौं तर मन्त्रालयको हालत एउटा नगरपालिकाको जति छ । १ अरबमात्रै बजेट भएको नगरपालिका कम होला । उपमहानगरपालिकाको धैरे र' छ महानगरको त ७ अरब रै' छ र ३ अरबभन्दा बढी छ उपमहानगरपालिकाको त्यसकारणले नगरपालिकाको भन्दा पनि कमै बजेट छ । अनि बजेटको बरू घनिद रूपमा एकदमै आवाज बुलन्द गर्न जरूरी थियो कि बजेट पुगेन । यो मन्त्रालयलाई बजेट थप हुनुपर्छ ध्यानाकर्षक गर्न जरूरी थियो ।

यहाँहरूले जो जोले हो माननीय सुरेश आलेमगर आउनु' भो उहाँले त्यति नै एकदम सटिक रूपमा अरू म केही भन्न चाहन्नँ कि बजेट चाहिँ ज्यादै कम भो भनेर सुरेश आलेमगरले भन्नु' भो फेरि पनि कृतज्ञता ज्ञापन गर्छु र सबैले चाहिँ महसुस गरिदिनुहोला भनी अनुरोध गर्न चाहन्छ । अब के खर्च कटौती त्यति बटेजमा नि के कटौती गर्न चाहन्नु हुन्छ ? माननीय तुलसाजी त्यसकारणले गर्दा त्यो प्रस्ताव फिर्ता लिनुहोला भनेर म अनुरोध गर्न चाहन्छु । अरू माननीयज्यूहरूले राखेको प्रश्नमा मैले समग्रमा जवाफ दिएँ केही कुरो भए सायद मेरो जवाफले पुग्यो पनि होला सप्पैलाई छोयो पनि होला तर केही रहेछ भने जिज्ञासा भए फेरि पनि छलफल गरौंला हस् । धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चहान्नुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा माग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनुहुने हुने प्रत्येक माननीय सदस्यहरूलाई १ मिनेटको समय निर्धारण गरेको छु । माननीय तुलसा कुमारी दाहाल ।

**<u>माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षमार्फत म मन्त्रीज्यूलाई केही प्रश्न सोधन चाहन्छु । मैले केही कुराहरू उठाएको थिएँ । र जस्तो केही प्रदेशहरूमा चाहिँ ज्येष्ठ नागरिकहरूको बिचमा चाहिँ यो पुस्ता हस्तान्नतरण गर्ने अनुभव र सिपहरू चाहिँ नयाँ पुस्तालाई हस्तान्तरण गर्ने कुरा चाहिँ राख्नुभ' को छ र बजेट विनियोजना गर्नुभ' को छ त्यो कुन कुन प्रदेशमा हो अलिकति जान्न चाहन्छु । अर्को ज्येष्ठ नागरिक मिलन केन्द्रको कुरा गर्नुभा' को छ त्यो कहाँ कहाँ हो त्यो पनि जवाफ पाऊँ र सुत्केरी आमालाई भत्ता दिने कुरा २५ ओटा जिल्ला गर्नुभा' को छ ती जिल्लाहरू कुन कुन हुन यसको बारेमा पनि जवाफ पाऊँ । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय खिमलाल देवकोटा ।

**<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, मन्त्रीज्यूले चाहिँ यो मन्त्रालयको भूमिका स्पष्ट छैन भन्नुभा' छ । पालिकालाई बजेट पठाइदिएको १६ करोड फिर्ता गरैं भन्नुभो' दुइटा कुरा मन्त्रीज्यू, एउटा-हरेक पालिकामा महिला सेल छ, बालबालिका सेल, ज्येष्ठ नागरिक सेल उनीहरूको शाखा महाशाखा खोलिसकेको छ । प्रदेशहरूमा महिला मन्त्रालय छ । मैले अनुरोध गर्छु मन्त्रीज्यूलाई यो मन्त्रलाय विशेष गरी यो मन्त्रालय हुनुभन्दा अगाडि महिलाहरूको अवस्था दयनीय थियो अहिले सबल छ, यो मन्त्रालय हुनुभन्दा अगाडि बालबालिकाको अवस्था दुर्बल थियो अहिले सक्षम छ, यो मन्त्रालय हुनुभन्दा अगाडि ज्येष्ठ नागरिकको अवस्था एकदम

हेपिएको, दबिएको थियो अहिले मुलुक प्रवाहीकरण छ भने ठिक छ राखौं । है भने प्रदेश प्रदेशमा मन्त्रालय छ, पालिका पाललिकामा छ, एकदम स्रोत साधन छ । यो मन्त्रालयले गर्ने नीति, नियम, कानुन, मापदण्ड प्रधानमन्त्री कार्यालयमा एउटा महाशाखा राखौं । यो मन्त्रालय खारेज गरौं मैले यही प्रस्ताव गरें । हस् त धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय डा. विमला राई पौडयाल ।

**<u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**ः- सम्माननीय अध्यक्षज्यू, मेरो दुइटा कुरा छ । एउटा चाहिँ मैले भनेको कुरामा पैसा लाग्दैन । र्‍यापिड रेस्पोन्स हुनुपर्‍यो । मन्त्रालयको जहाँ आवश्यक छ त्यहाँ मन्त्रालय पुग्नुपर्‍यो सामाजिक सञ्जालभन्दा अगाडि भन्ने हो मेरो भनाइ । त्यसको लागि पैसा लाग्दैन त्यो गरौं भन्ने लाग्छ ।

जिल्लामा दर्ता भएका सानासाना एनजीओ र कार्यक्रमहरूलाई चाहिँ हामीले केन्द्रबाट पैसा वितरण गर्ने काम बन्द गरौं भन्या हो मैले । त्यसमा मन्त्रीज्यूको भनाइ के रह्यो ? प्रतिवद्वता के रह्यो ? त्यो सुन्न चाहन्छु ।

तेस्रो चाहिँ स्यानीटरी प्याडमा ट्याक्स चाहिँ फ्रि गरौं भनेको धेरै प्रगति गर्‍यौं भन्नुभा' छ । मैले चाहिँ यो उल्टो बाटोबाट हिडेको सम्झेको छु । किन भने दुई वर्षदेखि स्यानिटरी प्याडको कुरा आ' को छ । त्यसमा चाहिँ कति पालिकाहरूले आफैले महिलाहरूलाई सङ्गठित गरेर पालिकालाई पुग्ने गरिकन स्यानिटरी प्याड उत्पादन गर्न थालिसकेका थिए । घरेलु उद्योग झन धेरै ध्वस्त बनाइएको जस्तो मलाई लाग्छ । यो उल्टो बाटो भएन र भन्ने हो मेरो भनाइ हस् । थ्याङक्यू ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री उमा रेग्मीलाई समय उपलब्ध गराउँछु ।

**<u>माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री उमा रेग्मी</u>**ः- माननीय तुलसा दाहालजीले सोध्नु भएको छ । सम्माननीय सभामुखज्यू, अध्यक्षज्यूमार्फत प्रदेश प्रदेशमा ज्येष्ठ नागरिक ग्राम बनाउने, अपाङ्ग ग्राम बनाउने हाम्रो उद्देश्य छ । र अपाङ्ग

ग्रामको लागि बजेट विनियोजन भएको छ । ज्येष्ठ नागरिक ग्राम बनाउने पनि हाम्रो मन्त्रालयको योजनामा रहेको छ ।

अब माननीय खिमलाल देवकोटाले भन्नुभयो भूमिका स्पष्ट छैन । भूमिका अत्यन्त छ । महिला, बालबालिका ज्येष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति लैङ्गिक तथा अल्पसङ्ख्यक यिनीहरूको अभिभावक मन्त्रालय हो । यो मन्त्रालय भनेको भूमिका छैन भनेको हैन । बजेट छैन मात्रै भनेको भूमिका किन नहुनु । यत्रो धेरै आएर जोडिनुहुन्छ, भने किन न हुने । अब मन्त्रालयलाई  कार्यालयहरू त खारेज भए भए यही मानसिकताले गर्दा अब मन्त्रालय नै खारेज गरौं  भन्नु दुःखपूर्ण कुरा हो । किनभने यो धेरै ७५/८० पर्सेन्ट जनङ्ख्याको अभिभावकको हुन सक्ने त ? कल्ले यसको चाहिँ गर्न सक्ने किन बजेट फ्रिज भन्ने प्रश्न पालिकाले ध्यान नदिएर फ्रिज भयो । यति बजेट पठाइएको थियो हाम्रो मन्त्रालयबाट अब पालिका पालिकामा जति छ त्यति पठाइयो । पठाउँदाखेरि त्यतातिर महिलाको बारेमा, ज्येष्ठ नागरिकको बारेमा, बालबालिकाको बारेमा पालिकाले ध्यान नदिएको त्यो भएको बजेट पनि फ्रिज भएर १६ करोड फ्रिज भएर आयो । किन चाहियो त भन्दा अहिले जिल्ला जिल्लामा चाइनाको अहिले चाहिँ समन्वय इकाई चाहियो महिला विकास खारेज भएको अत्यन्त नराम्रो नकारात्मक प्रभाव रह्यो । त्यसले गर्दाखेरि समन्वय इकाई किन चाहियो भने अब जिल्ला जिल्लामा त्यसको अनुगमन गर्न, भएको थोरै बजेटको पनि अनुगनम गर्न र बजेटलाई चाहिँ सदुपयोग गर्नको निमित्त उहाँहरूका कहाँ आउने अनेक किसिमका समस्याहरू कहाँनेर महिलाहरू बलत्कारमा पर्छन् ।

मैले भनिहालें कञ्चनपुरका महिलाहरू बलत्कार पऱ्यो । काठमाडौं आउनुपर्ने सिंहदरबार, ताप्लेजुङको महिला बलत्कारमा पऱ्यो अथवा ऊलाई चाहिँ बेचिन लग्यो । यहाँ आउनुपर्ने सिंहदरबार पहुँच हुनुपर्ने । कालिकोटमा महिला समस्यामा परे सिंहदरबारमा पहुँच हुनुपर्ने । यो अवस्थाले चाहिँ अत्यन्त अप्ठयारो भको' छ । र पालिकामा उहाँ छ र गरिएको छ भने प्राक्टिकलमा पनि गरिया' छैन । हामीले पनि वाच गरेका छौं । पालिकाले गर्न सक्दैन्  बजेट गएको पनि त्यलाई बजेटको सदुपयोग गरेको छैन । र कर्तव्य पनि गरेको छैन । पालिकाहरूमा त्यसकारणले के गर्ने हो पालिकालाई कर्तव्य गराउने हो भने त्यो कुनै पनि मन्त्रालय नचाहिएला । अन्यथा त यत्रो सरकारको मन्त्रालय यसलाई बलियो बनाऊँ भन्ने मेरो मक्सत हो । अझै बढी

बजेट थपौं । मन्त्रालय जस्तो बनाऔँ । मन्त्रालय जस्तो छैन । एउटा यत्रो प्रोजेक्ट जस्तो छ । र यलाई चाहिँ मन्त्रालय जस्तो बनाम् भन्ने चाहिँ मेरो विचार हो ।

अब विमला बानियाज्यूले भन्नुभो' कि सानसाना योजनाहरू संघ संस्थामार्फत किन द्या ? तिनै त प्रभावकारी छन् । अरू त हाम्रो कुनै पनि सम्पर्क कार्यालय छैन । त्यो पनि नदिने हो भने पनि गएर महिलाहरूलाई डोको बोक्ने महिलाहरूलाई, गाउँ गाउँका महिलाहरूलाई तिनले गएर उद्यमशीलतासम्बन्धी सिप सिकाउँछन् । अलिकति टेवा पुँजी पनि दिइन्छ । जलले गर्दा उनीहरूले थोरै भए पनि गरेर खाने अवस्थाको सृजना हुन्छ । र अलिकति गरेर खाने महिलाहरूलाई उद्यमशीलताको सिप सिकाउन सक्यौं भने संघ संस्थैमार्फत भए पनि अब पालिकामार्फत पठाएको फ्रिज भएर आउँछ । हाम्रो कुनै सम्पर्क कार्यालय छैन । अनि संघ संस्थामार्फत नदिए कसरी हुन्छ ? त्यसलाई पनि खारेज गर्‍यौं भने जिरोमा आउछ, शून्यमा आउछ । त्यसकारणले हामीलाई बाध्यता छ संघ संस्थामार्फत गर्न पर्ने बाध्यता छ । वास्तवमा हाम्रो सम्पर्क इकाई भएर त्योअनुसार जान सक्यो र त्योअनुसार काम हुन सक्यो भने त्यो जरूर छैन् तपाईंसँग सहमत छु । माननीयज्यूसँग र त्यसलाई खारेज गरे हुन्छ त्यति बेला । तर अहिले त कहीं पनि छैन । यो मन्त्रालयको उपस्थिति भने कै कसले सञ्चालन गरेको भन्दा महिला बालबालिका ज्येष्ठ नागरिक मन्त्रालयले गरेको भनेर एउटा म्यासेज जाने एउटा महिलाहरूको माझमा जाने, बालबालिकाको माझमा जाने, ज्येष्ठ नागरिकहरूको माझमा जाने एउटा उपाय एउटा बाटो हो त्यो । अहिले एउटा लिङ्क हो त्यो त्यसो भएको हुदाँखेरि त्यो आवश्यकता छ ।

र यहाँ अस्ति साथीहरूले महिला पहिलाको कुरा उठाउनुभएको थियो । अघि मैले भन्न बिर्सेछु । महिला पहिला वास्तवमा त्यो के हो त्यसको मक्सत के हो भन्ने कुराहरू पनि सोध्नुभाको थियो । म त्यसको कुराहरू भन्न चाहन्छु । महिला पहिला चाहिँ वास्तवमा महिलाहरूलाई घरभित्रको चुलोचम्कोदेखि राज्य सत्तासम्म पहिला बनाउन खोजेको र महिलाहरू जहाँ पनि हेपिएका छन् । जहाँ पनि दबिएका छन् । आज ९५ प्रतिशत घरहरूमा हेर्ने हो भने कुनै न कुनै प्रकारको हिंसा, अपहेलना महिलाहरूलाई चाहिँ भइरहेको अवस्था छ । आकडाले त्यो देखाउँछ तर महिलाहरूलाई कमसेकम सपनै देखिएन भने योजना नै बनाइएन भने कहाँनेर महिला पहिला हुन सक्छन् ? घरमुली पनि पहिला भएका महिलाहरू ज्यादै कमी छन् । त्यसकारणले घरभित्रदेखि

लिएर समाज, पार्टीहरू, राज्य सप्पै ठाउँमा महिलाहरूलाई अगाडि बढाउने सरुवाती अभियान हो 'महला पहिला' । हस् धन्यवाद । जय नेपाल ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीँ समाप्त हुन्छ ।

माननीय सदस्यहरू, अब म माननीय अर्थमन्त्री जनार्दन शर्मालाई अर्थ मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरूमाथिको छलफलमा उठेका प्रश्नहरूको मात्र जवाफ दिन समय उपलब्ध गराउँछु ।

के छ माननीय देवेन्द्र दाहालको भनाइ ? एकदम सङ्क्षेपमा ।

**<u>माननीय श्री देवेन्द्र दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**ः- सम्माननीय अध्यक्षज्यू, हाम्रो देश चाहिँ अहिले नैतिकता हराएको देश भएको छ । यो अरू कसैको कारणले हैन । सम्मानीय अध्यक्षज्यूले अहिले भर्खरै मात्रै अर्थमन्त्रीज्यूको नाम उच्चारण गर्नुभयो । अर्थमन्त्रीज्यूकै कारणले गर्दाखेरी यस्तो भएको छ । अर्थ मन्त्रालय भनेको देशको समग्र अर्थतन्त्रलाई नेतृत्व गर्ने, ह्यान्डिल गर्ने सर्वोच्च निकाय हो अर्थ मन्त्रालय र अर्थ मन्त्रालयको अर्थ मन्त्रीज्यू यसलाई नेतृत्व गर्ने नेतृत्वदायी व्यक्ति हुनुहुन्छ । र नेपालमा नेपाल यसै त अहिले श्रीलङ्का बन्ने हो कि भन्ने आशङ्का सबैतिर अर्थतन्त्र डामाडोल भएको छ । यस्तो अवस्थामा चाहिँ बजेट निर्माण गर्दाखेरि बिचौलियाहरूलाई राखेर बजेट निर्माण गर्रिँदैछ । यसबाट ठुलठुला घरानियाहरू, घरानिमा व्यापारीहरू पोस्ने र सर्वसाधारणलाई चाहिँ कङ्गाल बनाउने यसतर्फ देश गइरहेको अवस्था हामीले महसुस गर्‍या छौँ ।

त्यसकारण हामीले यस सदनमा बारम्बार उठायौँ अर्थमन्त्रीज्यूले नैतिकताको आधारमा राजीनामा दिनुपर्छ भन्यौँ तर उहाँले नैतिकता देखाउन सक्नुभएन । र नैतिकताको आधारमा उहाँले त्यसबारेमा खोजबिन गर्ने एउटा बाटो प्रशस्त गर्नुपर्थ्यो । हामीले फुटेज देखाऊ त्यो दिनको जुन दिनको बारेमा विवाद भएको छ । त्यो दिन दिनको फुटेज देखाऊ भनेर हामीले भन्यौँ तर उहाँ आफैले आफै फुटेज हेर्ने कुरा गर्नुहुन्छ । प्रतिपक्षलाई किन देखाउने फुटेज भन्नुहुन्छ । हाम्रो भनाइ के भने हामीलाई देखाउनुपर्दैन, त्यो फुटेज जनतालाई देखाउनुपर्‍यो, सम्बन्धित निकायलाई देखाउनुपर्‍यो । र एउटा उच्चस्तरीय छानबिन समिति, संसदीय छानबिन समिति बनाउनुपर्‍यो र त्यो

संसदीय छानबिन समितिले अध्ययन गरेर र त्यसमा यदि बेठिक भएको छ भनी कारबाहीको दायरामा ल्याउनुपर्‍यो ।

हामीले सम्माननीय अध्यक्ष महोदय, माननीय अर्थमन्त्रीज्यूको राजीनामाको मात्रै कुरा गर्‍या' छौनौं । तँहासम्मको मात्र कुरा गर्‍या' छौनौं । यसको छानबिनको पनि माग गर्‍या छौं । त्यसकारण उहाँले बाटो प्रशस्त गर्नुपर्छ भनेर हामीले भन्यौं । अहिले पनि उहाँ कुर्सीमा बसिराखुभएको छ । त्यसकारण हामी आजको यो सदनमा अर्थमन्त्रीज्यूले दिएको कुनै पनि प्रश्नको उत्तर त्यो त्यसमा हामी सहभागी हुँदैनौं । र आजको यो कार्यसूचीको अहिले सम्माननीय अध्यक्ष महोदयले भन्नुभएअनुसार अर्थमन्त्रीज्यूले दिने विनियोजन विधेयकअन्तर्गतका जवाफ र आजको कार्यसूचीको ३ नम्बर र ४ नम्बरमा हामी उहाँको उपस्थितिका यी सम्पूर्ण कुराहरूमा हामी सामेल हुँदैनौं हामी बहिस्कार गर्छौं । धन्यवाद ।

(नेपाल कम्युनिष्ट पार्टी, एमालेका माननीय सांसदहरूले बैठक स्थल छोडेर बाहिर जानुभएको)

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, बहिष्कार गर्नुभन्दा बसेर सुन्दा अनि प्रश्न सोध्दा राम्रो हुने थियो । यहाँहरू बसिदिनुभए राम्रो हुन्थ्यो माननीय सदस्यहरू ।

माननीय अर्थमन्त्री, यहाँलाई आएर आफ्ना भनाइहरू राख्नको लागि म समय उपलब्ध गराउँछु ।

**<u>माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा</u>**:- सर्वप्रथम अध्यक्ष महोदय, सर्वप्रथम अर्थमन्त्रालयको सन्दर्भमा प्रश्न, छलफलमा सहभागी भएर आफ्ना महत्त्वपूर्ण विचारहरू राखुहुने, यसलाई समृद्धि गर्नका लागि सुझावहरू दिनुहुने, आलोचना गर्नुहुनेहरूलाई समेत म विशेष धन्यवाद दिन चाहन्छु । र यसलाई बजेटको महत्त्वलाई अझ व्याख्या गर्दै यसको समर्थन गर्नुहुने माननीय सदस्यज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । र देशको आर्थिक अवस्था र हाम्रो क्षमता, हाम्रो स्रोत साधान, हाम्रो जनशक्ति र हामीसँग भएको पुँजी त्यसलाई प्रविधिसँग एकाकार गरेर परिचालन गर्दा मात्रै हामी हाम्रो अर्थतन्त्रलाई सुदृढ गर्न सक्छौं । सबल बनाउन सक्छौं भन्ने हाम्रो मुख्य ध्येय लिएर जुन

बजेट प्रस्तुत भएको छ । देश, राष्ट्रलाई, जनतालाई र समग्र अर्थतन्त्रलाई सबल बनाउने उद्देश्यबाट जुन बजेट प्रस्तुत भएको छ ।

आयतबाट उत्पादनतर्फ, जोखिमबाट समष्टिगत आर्थिक स्थिरतातर्फ, बष्टितीकरणबाट समावेशितातर्फको प्रस्तान विन्दु भनेर जुन बजेट प्रस्तुत गरिएको छ । यो बजेट र बजेटले समेटेका विषयवस्तुहरूबारेमा छलफलमा उठेका विभिन्न प्रश्नहरू छन् । ती प्रश्नहरूको म एकिकृत जवाफ दिन चाहन्छु । प्रश्नहरू पनि छन् मसँग धेरै माननीयज्यूहरूले गर्नुभएको प्रश्नहरू छन् तर त्यसको मैले समष्टिगत रूपमा जवाफ दिन चाहन्छु ।

मुख्य गरी हामी देशको अर्थतन्त्रबारे चिन्तित भएको कुरा त गर्छौं । आइरहेको छ तर त्यो चिन्तालाई सम्बोधन गर्ने गरी बजेट आयो कि आएन भनेर सँगसँगै विश्लेषण गर्न पनि आवश्यक छ भन्ने कुरा म राख्न चाहन्छु । बजेटले राखेका उद्देश्यहरू स्पष्ट छन् । हुनत के भनिएको छ भने अर्थमन्त्रीको वर्गीय दृष्टिकोण नै विचलन भयो भनिएको छ । त्यो भन्ने माननीयज्यूहरूलाई पनि धन्यवाद नै दिन चाहन्छु । म आभार व्यक्तनै गर्न चाहन्छु । देशप्रतिको दृष्टिकोण बिग्रिएको छैन । देशको आवश्यकतालाई सम्बोधन गर्ने दृष्टिकोण बिग्रिएको छैन । हाम्रो अवस्थालाई सुदृढीकरण गर्ने दृष्टिकोण बिग्रिएको छैन । त्यस अर्थबाट उद्देश्यहरूमा फेरि एकचोटि दोहोऱ्यार भन्न आवश्यक ठानेको छु ।

उत्पादनमा आधारित अर्थतन्त्रको निर्माण गरी उच्च दिगो आर्थिक वृद्धि हासिल गर्ने भन्नु र उपलब्ध प्राकृतिक स्रोत श्रमशक्ति पुँजी र प्रविधिको एकीकृत परिचालनबाट रोजगारी सृजना र गरिबि निवारण गर्ने, वित्तीय अनुशासन कायम गर्ने र मुद्रास्फितिलाई वाञ्चित सिमाभित्र राखी समष्टिगत आर्थिक स्थायित्त्व कायम गर्ने, प्रदेश र स्थानीय तहमा साधान स्रोतको हस्तान्तरण गरी संघीयतालाई समृद्धिको संवाहकको रूपमा स्थापित गर्ने, आर्थिक तथा सामाजिक रूपान्तरणमार्फत सन्तुलित समावेशी आत्मनिर्भर एवं समाजवादउन्मुख अर्थतन्त्र आधार निर्माण गर्ने भन्ने मुलभूत उद्देश्यहरू राखिएको कुरा मैले फेरि स्पष्ट गर्न चाहें । र उद्देश्यहरूलाई यिनै उद्देश्यहरूलाई पूरा गर्नको लागि राखेका विषयबस्तुहरू, कृषिक्षेत्रको रूपान्तरणको प्रश्न, कृषिमा उत्पादन र उत्पादकत्ववृद्धि गर्ने कार्यक्रमहरू बुँदा नम्बर २७ मा स्पष्ट रूपमा उल्लेख गरेका छन् ।

स्थानीय तहको सहजीकरणमा सबै किसानहरूलाई उत्पादक समूह, सहकारीमा आवद्ध गर्दै उत्पादनमा जोड दिने बजेटको बुँदा नम्बर ११२, ११६ मा उल्लेख गरिएको छ । बाँझो एवम् उपयोगविहीन लागयत खेतियोग्य जमिनको पूर्ण उपयोग गर्ने कुराहरू बुँदा नम्बर २७ मा उल्लेख गरिएको छ । किसानहरूलाई मल, बिउ, बेर्नालगायत आवश्यक प्रविधि, सेवा, तालिम श्रमशक्तिसमेत उपलब्ध गराउने कुरा पनि बजेटमा उल्लेख गरिएको छ । किसानले उत्पादन गरेको उपजको अग्रिम मूल्य निर्धारण गरी बजारमा बिक्री हुने सुनिश्चत गरिएको र सरकारले खरिद गर्ने कुरा पनि ग्यारेन्टी गर्ने कुराहरू पनि उल्लेख गरिएको छ । कृषि वस्तु सङ्कलन गर्ने सङ्कलन केन्द्रहरू त्यसपछि कोल्ड स्टोरहरू निर्माण गर्ने र कृषिलाई व्यवसायीकरण गर्ने र कृषिक्षेत्रको रूपान्तरण गर्ने कार्यक्रम उल्लेख गरिएको छ ।

किसानको आत्मसम्मान तथा जीवनलाई सहज बनाउन सुनिश्चत गर्न किसान परिचयपत्र वितरणलागायत किसान पेन्सनको कुरा र कृषकलाई बृहत लघुवित्त कोषमार्फत लगानी सुलभ सहुलियतपूर्ण ऋण उपलब्ध गराउने कुरा चालु आर्थिक वर्षको मतलब अब आगामी आर्थिक वर्षको अहिलेको आर्थिक वर्षमा करिब ३ खर्ब ५८ अर्ब बराबर कृषि आयत भएको छ । यो आर्थिक वर्षमा । ३ खर्ब ५८ अर्बको कृषि आयत भएको छ । अब कृषि क्षेत्रमा प्रतिस्थापन हामी गर्ने होइन भने हामी आत्मनिर्भरताको कुरा कसरी सम्भव छ । हामीसित जमिन पनि छ, हावा पानी पनि छ, हामीसँग श्रमशक्ति पनि छ हामीसँग सबै कुरा छ । त्यही कुरा यहाँ ल्याएको छ । त्यो कुरा कसरी अनैतिक हुन्छ होला ? यो कुरा गर्नु देशको लागि गर्नु कसरी अनैतिक हुन्छ होला ? औद्योगिक क्षेत्रको रूपान्तरणको कुराहरू गरिएको छ । निर्यातलाई प्रवर्धन गर्ने कुराहरू गरिएको छ । त्यसको लागि कृषिमा आधारित हाम्रो कच्चा पदार्थमा आधारित उद्योगहरूलाई प्राथमिकता दिएर अन्य उद्योगहरूलाई पनि प्राथमिकता दिने कुराहरू उल्लेख गरिएको छ ।

आयत प्रतिस्थापन गर्ने गरी कच्चा पर्दाथमा विभिन्न छुट दिइएको छ । निकासीलाई प्रोत्साहखालका गर्न सयौं कम्पनीहरू छन् । सयौं उद्योगहरू छन् । जसलाई विजुली छुट दिने कुरा गरिएको छ । र ८ प्रतिशत प्रोत्साहन निकासी गर्ने गरेको एमाउन्टको आधारमा प्रोत्सहान दिने कुराहरू गरिएको छ । यसबाट हामीले कृषिमा जडिबुटीमा आधारित वस्तु जो निकासा भइरहेको कुरा थियो । त्यसबाट आएर हामीले सिमेन्ट, क्लिङ्कर क्लिङ्कर, स्टिलजन्य सामग्री जुत्ता, धागो, कार्पेटलागयत

ह्यान्डक्राफ्ट तथा कृषि जडिबुटीजन्य उत्पानदन हामीले निकासी गर्न सक्ने र त्यसले कृषि हाम्रो आयतलाई प्रतिस्थापन गर्ने कुराहरू लक्ष्य राखेको छ । नवप्रवर्धनमा आधारित स्टाटपहरूलाई प्रोत्साहन गर्ने उद्यमशीलताको विकासमार्फत उत्पादन र रोजगारी सृष्टि गर्ने कुराहरू कार्यक्रममा राखिएको छ ।

ग्रामीण अर्थतन्त्रको विकासको प्रश्न यहाँ उठ्या छ । ग्रामीण अर्थतन्त्रको बारे ग्रामीण अर्थतन्त्रको विकासको लागि कृषि उद्यमशीलता वृद्धि गर्न सबै श्रमयोगी युवाहरूलाई तालिम भेन्चर क्यापिटलमार्फत बिउ पुँजी उपलब्ध गराउनेलगायतका कुराहरू एक स्थानीय तह, एक विशेष उत्पादन, एक परिवार, एक रोजगार, एक बस्ती, एक आर्थिक पहिचान, एक वडा, एक बजार कार्यक्रमलागयतका कुराहरू यहाँ उल्लेख गरिएका छन् । एक लाख नयाँ उद्योगलाई पन्ध्र सय नयाँ बजार, पच्चीस हजार हाटबजार, पन्ध्र सय व्यापार मेला, एक लाख रोजगारी सृष्टि गर्ने ग्रामीण अर्थतन्त्रलाई मजबुद बनाउनको लागि भनेर यहाँ उल्लेख गरिएको छ ।

स्थानीय तहमा एक पक्की एउटा ग्रामीण सडक स्थानीय तहको मतलब केन्द्रसम्म गर्ने योजना अगाडि बढाउने कुराहरू यहाँ राखिएको छ । यसरी यसले समग्र क्षेत्रगत विकास पनि गर्ने र मुख्य गरी कृषि उत्पादनको वृद्धि, औद्योगिक उत्पादनको वृद्धि र विस्तार पर्यटन क्षेत्रको विस्तार र सेवा क्षेत्र गरेर निकासीमा जोड दिने । सेवा क्षेत्रमा विशेष गरी आईटी क्षेत्रलाई अझै विशेष प्राथमिकतामा राखिएको कुरा छ ।

र गरिबी निवारणको कुरा निरपेक्ष गरिबी रेखामुनि रहेकालाई एउटा निश्चति अवधिभित्र हामी गरिबीको परिचयपत्रको कुरा माननीयज्यूहरूले अगि भन्नुभएको छ । मन्त्रीज्यूहरूले परिचयपत्र दिएर सहुलियत खाद्यान्न र शिक्षा, स्वास्थ्यमा पनि केन्द्रित गर्ने, रोजागरी पनि दिने, जमिन पनि उपलब्ध गराउने लिजमा, त्यसको लागि बिउ पुँजी पनि दिने, ऋण पनि दिने र स्थानीय सरकारसँग त्यलाई जोडेर एउटा उत्पादनमूलक, रोगजारीमूलक अर्थमा स्वरोजगार बनाएर गरिबी अन्त्य गर्ने कुराहरू यहाँ लेखिएको छ त्यसकारणले राखिएको छ । यसरी सिपमूलक तालिमहरू र गरिब घरपरिवारलाई घरहरू निर्माण गरेर हस्तान्तरण गर्ने गरी ।

त्यसै गरी दलितहरूको समस्याहरूलाई समाधान गर्न आर्थिक र सामाजिक क्षेत्रमा सबल बनाउने कुराहरू छन् । सामाजिक सास्कृतिक रूपान्तरण अभियानमार्फत सञ्चालन गरी सबै खाले विभेदहरूलाई अन्त्य गर्ने कुराहरूलाई जनचेतनाहरू उठेर सांस्कृतिक रूपान्तरणका माध्यबाट पनि पर्ने कानुनी कुराहरू हामीले गरेका छौं तर आम

सास्कृतिक रूपान्तरण पनि आवश्यकता छ । त्यसबाट गर्ने । दलित उत्थान कोष निर्माण गरेर दलितहरूलाई उत्पादन क्षेत्रमा अथवा शिक्षा क्षेत्रमा लगानी गर्ने कुराहरू, महिला सशक्तीकरणको लागि महिला पहिला, राष्ट्रपति महिला उत्थान कार्यक्रमलगायतका कार्यक्रम गृहणीहरूको श्रमको मूल्याङ्कनलगायतका कुराहरू पूर्वाधार क्षेत्रमा विगतका पूर्वाधारहरूलाई निरन्तरता दिँदै पूर्व-पश्चिम राजमार्ग उत्तर-दक्षिण कोरिडोरहरूको स्तरोन्नति रेलमार्गका कुराहरू राष्ट्रिय गौरवका सिँचाइलगायतका कुराहरू जलविद्युत् क्षेत्रका आयोजनाको निरन्तरता र अरू त्यलाई विस्तार गर्ने खानेपानी घर घरमा पुऱ्याउने कुराहरूदेखि नयाँ शहर, हिमाली बस्ती, तराई, मधेश सिमावर्तीका बस्ती र शहरहरूको विकास सँगसँगै ठुला पूर्वाधारका द्रुतमार्गहरू काठमाडौं-चितवन, सगरमाथा दृष्यावलोकन अथवा रारा- लिमीलगायतका मार्गहरूको कुराहरू पनि गरेको छ ।

त्यसै गरी शिक्षाक्षेत्रमा, शिक्षा क्षेत्रको भौतिक प्राविधिक पूर्वाधार अहिले शिक्षामा दुईथरी एउटा प्राइभेट शिक्षा र सरकारी शिक्षा फरक भयो भन्ने कुरा छ नी ! त्यसको अब अन्त हुने एउटा प्रविधिले गर्ने भयो । प्रविधिले डिजिटल हामी माध्यबाट जब शिक्षा दिन सक्ने ठाउँमा पुऱ्याउछौं नि त्यति बेला एकैखालको शिक्षा दिन सकिन्छ । एकदमै श्रेष्ठ र अब्बल प्रशिक्षकहरूबाट शिक्षकहरूबाट त्यहाँसम्म शिक्षा पुऱ्याउन सकिने त्यो गर्दाखेरि त्यसले त्यहाँ त्यो अहिलेको विभेदलाई अन्त्य गर्ने ठाउँमा पुऱ्याउन सक्छौं । शिक्षाको क्षेत्रमा १२ कक्षा मै व्यावसायिक बनाउने कुराहरू र पढ्दा पढ्दै ड्रपआउट भएकाहरू युवाहरूलाई समेत तालिम दिएर उनलाई प्रशिक्षित गर्ने कुराहरू पढ्दै कमाउँदैलगायतका कार्यक्रमहरू उच्च शिक्षालाई प्रभावकारी बनाउने । विशेष गरी मेडिकल शिक्षा अहिले हजारौं डक्टरहरू बाहिर पढ्न गएको अवस्था । र आईटी शिक्षा र अन्य प्राविधिक शिक्षाहरूलाई कलेजहरूलाई विस्तार गर्ने कुराहरू यी कुरा लगायत बजेट र कार्यक्रमको कार्यान्वयको सन्दर्भमा अब सरकारका संरचनालाई सुदृढ गर्ने कानुनहरूलाई अझ राम्रा बनाउने लगायतका सँगसँगै आम जनतालाई यो कार्यान्वयमा सहभागी गराउने कुरा पनि बजेटले उल्लेख गरेको छ भने र रिटायर्ड राष्ट्रसेवकहरूलाई पनि सहभागी गराउने र माननीयज्यूहरूलाई पनि अनुगमनको भूमिकामा राखेर सबैलाई केन्द्रित गरेर बजेट कार्यान्वयनमा जान सकिन्छ भन्ने कुराहरूको अवधारणालाई अगाडि सारिएको कुराहरू यहाँ रहेका छन् ।

कर तथा राजश्वको सन्दर्भमा त अर्थमन्त्रीले करको दररेट बढायो, घटाँयो भन्ने प्रश्न उठ्छ । त्यो अर्थमन्त्रालयको त्यसको आफ्नो मुख्य कुरा हो एउटा उसले दरको

दररेट घटाउँछ बढाउँछ । त्यो जरुरी कुरा हो आवश्यक कुरा हो । तर त्यो बढाउँदा जनतालाई के भयो ? देशलाई के भयो ? भन्ने कुरा हो जनतालाई जनताका उपभोग्य सामग्रीहरूमा बढायो कि ? देशलाई उद्योगलाई असर पर्ने गरी बढायो कि ? भन्ने विषय हो छलफलको विषय । बढाउन पाइँदैन् । बढाउन पाइन्छ । घटाउन पाइन्छ । बढाउने घटाउने काम हो । त्योभित्रको त्यसको अधिकार हो । त्यसकारणले त्यसले देशलाई हित गऱ्यो कि गरेन भन्ने प्रश्न हो ।

त्यसकारणले यी कुराहरू जुन बजेट अहिले प्रस्तुत भएको छ । अहिलेको सरकारले ल्याएको नीति कार्यक्रम पूरै बजेट जुन रूपमा आएको छ यसले कम से कम माननीय सदस्यज्यूहरूको भनाइअनुसार पनि एउटा नयाँ बाटो समृद्धिको बाटो आत्मियताको बाटो र गरिबलाई तल्लो वर्गलाई समेटिए एकातर्फ ल्याएको छ भने अर्कोतर्फ व्यावासायीहरूलाई पनि प्रोत्सहान गर्ने गरी ल्याएको बजेट कसरी अनैतिक भयो ? अर्थमन्त्री यो प्रश्न आइराखेको छ । के अर्थमन्त्रीले बजेट नल्याएर, अर्थमन्त्रीले करको दररेटलाई घटबढ नगरेर अरू के गर्नुपर्थ्यो त ? हुनन त यो अर्थमन्त्रीको क्षेत्रभित्रको कुरा हो । नेपाल सरकार कार्यविभाजन नियमालीले दिएको अधिकारको कुरा हो । यसलाई कथा बुनेर अर्कोतिर लग्नेभन्दा पनि मैले यो बजेट कार्यान्वयन हुँदै जाँदा लक्ष्य तोकिएको छ । यति प्रतिस्थापन गर्ने यति गरिबि हटाउने । यति मानवसूचाङ्कको वृद्धि गर्ने भनेर तोकिएका आँकडाहरू छन् । तोकिएका आँकडाबाट यो बजेट कार्यान्वयन हुने क्रमबाट भोलि यो देशको औद्योगीकरणमा आउने परिवर्तन, उत्पादनमा आउने परिवर्तन, प्रतिस्थापनमा आउने परिवर्तनले सबै कुरालाई पुष्टि गर्ने छ । जवाफ दिने छ । सही थियो कि गलत थियो भन्ने कुरा त्यति बेला पुष्टि हुने छ । अहिले त मैले भन्न सक्ने कुरा होइन । तर यो बजेट व्यक्तिगत रूपमा अर्थमन्त्रीले आफ्नो सोचमा होइन । यो देशका सबै प्रतिष्ठित व्यावसायीहरू, प्रतिष्ठित अर्थविद्हरू, प्रतिष्ठित नागरिक, सबै माननीय सदस्यज्यूहरू र सबै सबैको सुझावहरूमा सबै वर्ग सबै विभिन्न खालको वर्गहरूको सुझाव र आवश्यकतामा प्रस्तुत गरिएको हो यस अर्थबाट अब यहाँ उठेका प्रश्नहरू यही सेरोफेरोभित्र रहेको हुँदा मैले यसलाई एकिकृत रूपमा जवाफ दिने कोसिस गरें र म यहाँ यो बजेट जनताको पक्षमा ल्याएको कारणले देशको पक्षमा ल्याएको कारणले यो कसैलाई अनैतिक लागेर राजीनामा दिनुपर्ने माग उठ्दैमा अब त्यही गर्नुपर्छ भन्ने कुरा होइन । इतिहासले पुष्टि गर्ने छ भोलि यो सही र गलत इतिहासले पुष्टि गर्ने छ । त्यसप्रति म जवाफदेही छु । यो अहिले मैले गरेको निर्णयहरूप्रति म पूर्ण रूपमा

जवाफदेही छु । म जवाफदेही छु कि छैन् भन्दा म जवाफदेही छु । मैले त्यो जिम्मा लिएको छु । लिन तयार छु । अहिलेको सरकार तयार छ यही कुरा म राख्न चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्षः</u>-** माननीय सदस्यहरू, माननीय अर्थमन्त्री जनार्दन शर्माले दिनुभएको जवाफका सम्बन्धमा स्पष्टीकरण माग गर्न चाहनुहुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु । विनियोजन विधेयकअन्तर्गत सम्बन्धित मन्त्रालयको विनियोजन शीर्षकहरूमाथिको छलफलमा भाग लिनुभएका माननीय सदस्यहरूले मात्र स्पष्टीकरण माग गर्न पाउनुहुने बेहोरा जानकारी गराउँछु । स्पष्टीकरण माग गर्न चाहनुहुने प्रत्येक माननीय सदस्यलाई १ मिनेटको समय निर्धारण गरेको छु । माननीय शेखर कुमार सिंह ।

**<u>माननीय श्री शेखर कुमार सिंह (लोकतान्त्रिक समाजवादी पार्टी नेपाल)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले अर्थमन्त्रीजीले त्यतिखेर पनि राख्दाखेरि मैले केही बिषय जोड्या थियो । आज सम्बन्धित मन्त्रालयको मन्त्रीज्यू आउँदा पनि मैले प्रश्न जोड्दा पनि चित्त बुझ्दो जवाफ नआएर अब कहाँ जाने न त ? जाने त ठाउँ अब अर्थमन्त्रालय हो भनेर अर्थमन्त्रीजीसँग फेरि पुनः जोड्न आएको छु । अर्थमन्त्रीज्यू हाम्रो सप्तरीका पुरानै सडकमध्ये एउटै सडकको जो हो कि कुनौली-फत्तेपुर अब कुनौली फत्तेपुर रहेन । अब यो सडक अब इनरवा खण्डदेखि सहायक राजमार्गको नाममा कुनौली भन्सारसम्म मात्रै जोड्न आउँछ । यो १४ किलोमिटर सडकको लागि यहिलेसम्म बन्ने बजेटमा व्यवस्था भा' छैन । यसको व्यवस्था अर्थमन्त्रीज्यूबाटै ध्यान दिएर गराइदिनुहुन्छ कि ? ध्यान राख्दै छु । त्यस्तै रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानमा हजुरहरूले बोल्दिनु भा' छ ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय खिमलाल देवकोटा ।

**<u>माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)</u>**:- सम्माननीय अध्यक्ष महोदय, अर्थमन्त्रीज्यूले बजेटमा कतिपय कुराहरू एकदम राम्रो पनि ल्याउनुभा' छ । जस्तो- विभिन्न विषयगत मन्त्रालयका २ करोड, १ करोड, ५ करोड, ५० लाखसम्मका तल

पठाउने तर यहाँ कतिपय विषयगत मन्त्रीहरूले बोल्दाखेरि अलि फरक किसिमले बोल्नुभा' छ । र मन्त्रीज्यूलाई मैले भनें मन्त्रालयहरूको विषय गरेर विशेष गरी विकासे मन्त्रालयको विनियोजन हेर्दा बिरक्ति लाग्दो छ । कतिपयले त सिधै यो मान्दैनौं पनि भन्नुभा' छ । क्याविनेटमा पठाउँछु भन्नुभा' छ । मन्त्रीज्यूको ध्यानाकर्षक गराए एउटा कुरा । अर्को कुरा मन्त्रीज्यू हामी मैले गाविसतिरै गएँ पहिला हामीले त्यो बेलामा कतिपय गाविसले त्यो बेलामा तीनटा टोटल बजेटलाई तीनटा भागमा वर्गीकरण गऱ्या थियौं । त्यो तीनटा भाग सामाजिक, आर्थिक, पूर्वाधारको क्षेत्र लक्षित वर्गको क्षेत्र र अनि अर्को चाहिँ हाम्रो ..... क्षेत्र थियो । अनि हाम्रो सामाजिक, आर्थिक, पुर्वाधारको क्षेत्रमा गाविसले २ लाखभन्दा समेत काम गर्न पाइँदैन भनेर २०६६ सालमा हामीले त्यो बेलामा कार्यविधि बनाएका थियौं । अहिलेका तपाईंका मन्त्रान्यलयहरू लाखका योजनाहरू प्रशस्तै छन् डङ्गुरका डङ्गुर छन् । यो के गर्न खोजेका मन्त्रीज्यू, यसको स्पष्ट जवाफ चाहियो । अर्थमन्त्रालयले एलएमबीआईएस गर्दाखेरि अलि कन्ट्रोल गर्नुपर्छ कि पर्दैन ? बिषयगत मन्त्रालयले जथाभावि छोड्को छ जथाभावि ..... (समय सकिएको) ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय डा. विमला राई पौडयाल ।

**<u>माननीय डा. विमला राई पौडयाल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, विपक्षीयहरूले अर्थमन्त्रीज्यूलाई अर्थमन्त्रीको अधिकार प्रयोग गर्नुभो' भनेर विरोध गरेको होइन । अर्थमन्त्रीको अधिकार विचौलियालाई प्रयोग गर्न दिनुभयो भनेर विरोध गरेको भन्ने मैले बुझेको छु । यस सम्बन्धमा प्रमाण चाहा देखाइदिनुभएदेखि होइन भनेर प्रमाण देखाइदिनुभए सक्किजान्थ्यो । दोस्रो स्यानिटरी प्याडमा कर घटाइएको कुरा सुन्दा हर्ष लाग्छ । तर थुप्रै पालिका र विद्यालयहरूले आफ्नो पालिका र विद्यालयलाई पुग्ने गरिकन घरेलु उत्पादनै सुरु गरिसकेको अवस्थामा यो अहिले चाहिँ बाहिरबाट आउने स्यानिटरी प्याड चाहिँ कर फ्रि गर्नको लागि लाग्नु यसलाई मैले कसरी आयतबाट उत्पादनतर्फ गएको बजेट भनेर मानौं । र तेस्रो पेट्रोलको आयत घटाउनुपर्ने बेला केही विजुली ब्रान्डको गाडीलाई मात्र सहयोग पुग्ने गरिकन ट्याक्स बढाइएको छ । विजुली गाडीलाई यसलाई मैले कसरी आयत प्रतिस्थापन ठान्नु यसमा मैले जवाफ चाहन्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय जितेन्द्र नारायण देव ।

**<u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>**ः- २०७७/७८ मा कुल बजेटको जम्मा २.९ Percent अर्थमन्त्रालयले बजेट विनियोजन भएको । २०७८/७९ मा २.८ Percent मात्रै भा' को र अहिले २०७९/८० मा २.३ Percent मात्रै बजेट विनियोजन भएको अवस्था छ । यो अवस्था वित्तीय स्थितिमा अहिले जुन संसारको आर्थिक सङ्कट छ र त्यसबाट पर्न सक्ने जुन ठुलो चुनौती र प्रभाव नेपालकोलाई छ । यस्तो बेलामा यो हिसाबको बजेट विनियोजनले नेपालको अर्थमन्त्रालयले आएका चुनौतीहरूलाई कसरी चाहिँ त्यो स्वीकार गर्न सक्छ ? र त्यसलाई सम्बोधन गर्न सक्छ ? के अर्थमन्त्रीज्यू यो किसिमको बजेट विनियोजनबाट घट्दो प्रवृतिको बजेट विनियोजनबाट सन्तुष्ट हुनुहुन्छ ?

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, अब म माननीय सदस्यहरूले सोध्नुभएको स्पष्टीकरणका सम्बन्धमा प्रष्ट पार्न माननीय अर्थमन्त्री जनार्दन शर्मालाई समय उपलब्ध गराउँछु ।

**<u>माननीय अर्थमन्त्री श्री जनार्दन शर्मा</u>**ः- फेरि पनि धन्यवादसहित आभार । सम्माननीय अध्यक्ष महोदय, सयम दिनुभएकोमा र माननीयज्यूले प्रश्न गरेकोमा पनि धन्यवाद दिन चाहन्छु । सडक निर्माण सन्दर्भमा बजेटहरूको सन्दर्भमा ठ्याक्कै यहीँ सडकको नाम र बजेटको अहिले मलाई याद छैन । र सडकहरू संघीय सडक, संघीय स्तरका सडकहरूको हुन् त्यसको नक्साङ्कन गरेर संघीयस्तरको एउटा सडकको क्याटगोरी स्पष्टता भएको र सम्बन्धित मन्त्रालयलाई यो कार्य गर्ने गरी जिम्मेवारी पनि तोकिएको र छलफल पनि भएको कुरा, प्रदेशले गर्नुपर्ने सडकहरूको, कुनस्तरका सडक प्रदेशले गर्नुपर्ने र स्थानीयले सडकको क्षेत्रमा के गर्नुपर्ने भन्ने कुरा एउटा नीतिगत स्पष्टताको अभावमा यहाँ कतिपय कुराहरू स्थानीयले गर्नुपर्ने पनि संघले गर्नुपर्ने, प्रदेशले गर्नुपर्ने पनि संघले गर्नुपर्ने जस्तो हुन गइरहेको छ । यहाँ दुईथरी कुराहरू छ एकतिर तल बजेट नहुँदा माथि नै गर्नुपर्छ भन्ने माग आइराख्ने र माथिबाट बजेट हैन् कि सडक पनि पठाउनुपर्छ भन्ने कुरा हुँदाखेरि यसलाई एउटा नीतिले हल गर्ने भन्ने कुरा लिएको, नीतिले हल गर्दाखेरि संघले गर्नुपर्ने कति हो ? राष्ट्रिय मार्गहरू कति हुन् ? कोरिडोरहरू कति

हुन् ? प्रदेश जोड्ने वा स्थानीय तहसँग जोड्नुपर्ने कतिवटा हुन् त्यसलाई स्पष्ट गर्नुपर्ने आवश्यकता छ । त्यो कुरामा गृहकार्य भइराखेको कुरा यहाँ स्पष्ट गर्न चाहन्छु ।

अब यी सहायक मार्ग अथवा अन्य मार्गहरूको बारेमा छुट्टिएका बजेटहरूको कार्यान्वयनसँगै त्यसको पनि नक्साङ्कन हुँदै जादाँखेरि त्यसलाई बजेटको पनि थप व्यवस्था गर्दै जान सकिने कुराहरू म अहिले राख्न चाहन्छु ।

रामराजाप्रसाद स्वास्थ्य विज्ञान प्रतिष्ठानको बारेमा आवश्यक बजेटहरू छुट्टिएको पनि छ र काम पनि भइरहेको छ । त्यसलाई पूर्णता दिने गरी नै अगाडि बढाउने कुरा म यहाँ राख्न चाहन्छु ।

अब मैले बजेट वक्तव्यमा साना आयोजनाहरू तल पठाउन गरी भनेर प्रस्तुत गरेको कुरा माननीय सदस्यहरूलाई थाहा नै छ । र साना योजनाहरू तल पठाउने तयारी नै भइरहेको हो । यहाँ बजेट इन्ट्री गर्दा एलएमबीआईएसमा इन्ट्री गर्दाखेरि साना योजना पनि इन्ट्री हुन आइपुगेको कारणले त्यसो हुन पुगेको । त्यो भन्नुपर्ने नीतिगत रूपले भन्नुपर्ने आवश्यकता भएको हो । त्यसलाई अब अगि मैले भनेको नीतिअन्तर्गत रहेर कुन स्थानीय, कुन प्रदेश, कुन संघीय तहले गर्ने भन्ने स्पष्ट नीतिका साथ गरेर । स्थानीय तहले गर्नुपर्ने कामहरू संघले गर्नुहुँदैन, प्रदेशले गर्ने पनि संघले गर्नुहुँदैन तल सहजीकरण गर्नुपर्छ भन्ने कुरा नै मूल रूपमा नीतिगत रूपमा स्पष्ट छु भन्ने कुरा म राख्न चाहन्छु । स्पष्ट नीतिमा राखिएको कुरा पनि उल्लेख गर्न चाहन्छु ।

लक्षित वर्ग र सामाजिक, आर्थिक क्षेत्रका जो कार्यक्रमहरू छन् । ती कार्यक्रमहरूलाई स्थानीय तहमार्फत कार्यान्वयन गर्ने, स्थानीय तहमा विभिन्न विभागहरू विभिन्न किसिमका ऊहरू बनाएर अगाडि बढिरहेको अवस्था छ । त्यहीं मद्दत गर्नुपर्छ । बजेट त्यहीँ पठाउनुपर्छ, बजेट त्यहीँमार्फत गर्नुपर्छ र गरिबी निवारण गर्ने कुराहरू, समाजमा राखेका विभेदको अन्त्य गर्ने कुराहरू, रोजगारी सृष्टि गर्ने कुराहरूसँग पनि सामाजिक रूपान्तरणका कुराहरू अथवा अर्थिक विकासका कुराहरू जोडिन आउने भएको हुनाले त्यससँग जोडेर लैजानुपर्छ । र अहिले बजेटहरू प्रायः धेरै जसो बजेटहरू स्थानीय तहमा जाने गरी । यो प्रकारका कार्यक्रमहरू स्थानीय तहमा जाने गरी नै गरिएको कुरा .... जानकारी गराउँछु । केही साना योजनाहरू एलएमबीआईएसमा गएका छन् त्यसलाई क्रमशः सच्याएर जानुपर्छ भन्ने पनि म राख्न चाहन्छु ।

अब भन्नलाई जे भन्दे पनि हुन्छ । को कहाँनिर के मा बिचौलियाहरूलाई फाइदा भयो त ? औद्योगिक क्षेत्रको विकासको लागि प्रोत्साहन दिँदाखेरि ती उद्योगहरूलाई हुँदा बिचौलियाहरूलाई फाइदा भयो भन्ने तर्क गर्न हो भने अनि कसलाई दिने ? अनि कसलाई टार्जेट गरेर कुनै बिषयलाई टार्जेट गरिन्छ निकासी गर्ने सबैले पाउने कुरा हो । विद्युत् सबैले सयभन्दा दुई सय करिब करिबको उद्योगहरू होला त्यस्तो अरू उद्योगहरू थपिन आउला । र सानोलाई उद्योगलाई पनि छुट्टै व्यवस्था पनि गरेको छ । र ऋणको पनि दरहरूमा फरक गर्ने कुराहरू गरेको छँदा । कोही बिचौलियालाई गरेको छैन । यो उद्योगहरूलाई गर्ने किसानहरूलाई गर्ने, दलितलाई गर्ने गरिबलाई गर्ने कार्यक्रम बिचौलियाको कार्यक्रम भनेर भन्न मिल्दैन । यो त पूर्वाग्रहपूर्ण रूपले भन्यो । कुन बिचौलियाले फाइदा लियो त यहाँ ? जुन कुरा कथा बनिराखेको छ त्यसबाट के कुरा थाहा भयो । कसले करको दर कहाँबाट गएर कसले थाहा पाएर के फाइदा लियो' भन्दा त्यसो हैन । किन गरियो त भन्दाखेरि आवश्कयताको आधारमा गरियो ।

विद्युतीय गाडीको सन्दर्भमा पनि धेरै प्रकृतिका गाडीहरू बजारमा छन् । मैले भनेको छु । ती बजारमा भएका गाडीहरू पर्याप्त मात्रामा भएको हुनाले किन्नेहरूको लागि त्यहाँ सस्तो मूल्यमा पनि छ । बढी डलर हालेर बढी अलि ठुला गाडीहरू भित्र्याउँदाखेरि डलर बढी बाहिर जाने भएको हुदाँ अलिकति त्यसलाई निरुत्सहान पनि गर्ने, महङ्गा गाडीहरूलाई र आइहाल्दा थोरै राजश्व पनि बढ्ने गरी थोरै मात्र बढेको । रेसियो हेऱ्यो भने अहिले धेरै फरक छ । विद्युतीय गाडीको कति साडे तीन पाँच प्रतिशतको रेसियोमा वृद्धि छ । भने १.२, १.७, १.८ सम्मको रेसियोमा वृद्धि भएको छ । त्यसकारणले अहिले पनि सस्तो छ । विद्युतीय गाडी सस्तो छ । त्यसकारणले त्यहाँ कुनै पनि कुनै विसखारलाई टार्गेट गरिएको छैन । १२/१३ ओटा गाडीहरू अहिले मार्केटमा छन् । जो सस्ता गाडी छन् । त्यस्तै महङ्गा गाडीहरू अरू फेरि ८/१० किसिमका महङ्गा गाडीहरू मार्केटमा छन् । ती सबै कुराहरूलाई दुई भागमा बाँडिएको मात्रै हो । बाँड्दाखेरि त्यसले सहज रूपमा उपयोग गर्ने जनताले उपयोग गर्ने कुराहरूमा उपलब्ध गर्छ, सस्तोमा छ । र सरकारी निकायबाट अब पेट्रोलियम गाडी नकिन्ने क्रमशः पेट्रोलियम गाडीलाई विस्थापित गर्ने र अहिले भएका गाडीमा पनि कन्भर्जन सिस्टमहरू राखेर परिणत विद्युतीयमा गर्ने । अब सरकारले किन्दाखेरि विद्युतीय मात्रै किन्ने भन्ने योजना पनि सँगसँगै प्रस्तुत गरिएको छ । के यो राष्ट्रको पक्षमा छैन?

यहाँ केही कोही बिचौलियाको पक्षमा हो ? यो अब भन्दिनेहरूले भन्ने एउटा कुरा हो । तथ्यमा जादाँखेरि तथ्यको आधारमा स्पष्ट हुने कुरा हो ।

सेनेटरी प्याडको कुरा, एउटा कुरा हो । सेनेटरी प्याड र अहिलेको भनाइको कुरा तालमेल मिलेन भन्ने कुराप्रति मेरो असहमति छैन । यसका अगि मन्त्रीजीले पनि राखुभा' को छ । महिला मन्त्रालयको सिफारिसमा कुरा गर्नुभएको छ । र आम महिलाहरूको माग पनि भएको आन्दोलन पनि भएको सन्दर्भमा त्यो आन्दोलन त्यो महिला मन्त्रालयको सम्मान मागलाई ध्यान दिएर महिलाहरूको एउटा संवेदनालाई स्वास्थ्यलाई ध्यान दिएर सहजीकरण गर्न खोजिएको छ । पहिलो कुरा । दोस्रो कुरा चाहिँ के छ भने देशभित्र बन्ने उद्योगहरूको अहिलेको व्यापारभन्दा बढी व्यापार हुने गरी करिब २ सय करोडको खरिद गर्ने जिम्मा पनि सँगसँगै लिएको छ । केही समय यसरी जाँदाखेरि हाम्रो उत्पादन अझ गुणस्तर हुँदा जाँदा भोलि त्यसलाई विस्थापित गर्न सकिन्छ । त्यो आज भयो विस्थापित गर्न नसकिने होइन । हाम्रो क्षमता वृद्धि गर्दै हाम्रो गुणस्तर वृद्धि गर्दै जाँदाखेरि त्यो विस्थापित गर्न सकिन्छ । यहाँ विषय उठ्यो आन्दोलन भयो । माइतीघरमा "रातो कुकर माफ गर्" भन्ने आन्दोलन भयो । त्यो आन्दोलनमा सम्बोधन गर्दा न कोही व्यावसायी बोल्यो, न कोही कुनै बोल्यो, कोही पनि बोलेन त्यही आन्दोलनमा जबरजस्ती सरकारले बढाइएको भन्ने आरोप लाग्यो । कुनै पनि बढाइएको थिएन त्यति बेला । अहिले पनि त्यो परिस्थिति नआओस् भनेर गरिएको हो । हेर्दाखेरि नारा र यसको कुरा तालमेल नमिलेको कुरामा प्रश्न उठेकोमा मेरो अन्यथा छैन । तर यसलाई अहिले यसलाई सम्बोधन गर्दै आफ्ना हाम्रा देशभित्रका उद्योगलाई पनि प्रमोसन गर्दै जाने क्रममा क्रमशः यसलाई विस्थापित गर्ने ठाउँमा पुऱ्याउन सकिन्छ ।

यसरी सम्बोधन गर्न सकिन्छ । यसलाई एकतर्फी मात्रै गरिएको छैन । यहीँ कुराहरू यहाँ उठेका प्रश्नहरू अर्को मुख्य प्रश्नै यहाँ झन्डै छुटे छ आर्थिक सङ्कटको बारेमा के गर्ने भन्ने बारेमा प्रश्न छ । अब हाम्रो आर्थिक अवस्था अहिलेको हामीले अहिलेको हाम्रो सञ्चिति घट्यो भनिन्छ नि । सञ्चिति मैले सम्हाल्दाखेरि ८ महिनाको थियो । ८ महिनाको थियो । डेटा हेऱ्यो भने देखिन्छ । गत आर्थिक वर्षको समयमा अहिले ६ दशमलब साढे ६ महिना अथवा ६ दशमलब ६ महिनामाको पुग्ने गरी छ । त्यतिबेला ८ महिनाको थियो । र त्यस पछि डलरको भाउ, पेट्रोलको भाउ, अन्तराष्ट्रिय मूल्य श्रृङ्खला कसरी वृद्धि भयो ? यो त प्रष्टै छ । यो कुनै अर्थमन्त्री म वा अर्को कोही आएर वृद्धि हुने कुरा थिएन यो । यसरी एकातिर यो मूल्य वृद्धिको मारमा हामी छौं ।

अर्कोतिर आयतको कुरा मैले भने ३ खरब ५८ अरबको खाद्य वस्तु लिएर हामीले खाइरहेका छौं । यसलाई प्रतिस्थापन गर्ने कुरा नै अहिलेको मुख्य कुरा बजेटले लिएको छ । यी सङ्कटलाई लिएर अब हाम्रो आन्तरिक राजस्वको वृद्धि गर्ने कुरा, उद्योगधन्दा कलकारखानाको पनि वृद्धि गर्ने कुरा आन्तरिक राजश्वको वृद्धि गरेर मात्रै यो बजेट घट्ने बजेटलाई बढाउन सकिने कुरा हो । यो प्रतिशतलाई बढाउने सकिने कुरा हो । त्यसकारणले त्यतातिर नगइकन अहिले त भएको स्थितबाट सुधारतिर लैजाने हो सुधारतिर लैजानका लागि अहिलेको ..... सामना गर्नको लागि अहिले बजेटले ल्याएका योजना कार्यक्रमहरू जे छन् । नीति कार्यक्रम जे छन् । यी कार्यक्रमहरूले चुनौतीलाई सामना गर्न सकिन्छ ।

उत्पादन वृद्धि गरेर, औद्योगिक विकास विस्तार र निर्यात गरेर र हाम्रो आफ्नो शैक्षिक क्षेत्र, मानवसंसाधनको विकास गरेर, रोजगारी सृष्टि गरेर, हामीसित भएको स्रोत साधनको प्रयोग गरेर गर्न सकिने कुरा नै हो । त्यसै नै अर्को उपाय हामीसँग छैन । अर्को विकल्प छैन । कुनै अर्को तरिका हामी अपनाउन सक्दैनौं । जे सम्भव छ, जे उपलब्ध, जे गर्न सकिन्छ, त्यो कुरालाई केन्द्रीकृत रूपमा गर्ने गरी नै अहिले ल्याएको छ । त्यसकारणले हामी हाम्रो पर्यटन क्षेत्रको विकासका धेरै ठुलो सम्भावन छन् । त्यो सम्भावनाहरूलाई सगरमाथामा सहज रूपमा सगरमाथाको छेउमा जान पुग्ने खालको वातावरण हामीले बनाउन सक्यौं । त्यस्तो सडकहरू, त्यस्तो कुनै अन्य प्रविधिहरू हामीले बनाउन सक्यौं भने लाखौं लाख मान्छेहरू त्यहाँ पुग्न चाहन्छ ।

सगरमाथा विश्वमा एउटा मात्रै छ । अहिलेको बजेटले त्यसलाई टार्जेट गरेको छ । त्यहाँ पुग्नुपर्छ है भनेको छ । त्यस्तै गरी मनाङ, मुस्ताङको धार्मिक स्थलहरूमा पुग्न लागि बजेटले त्यहाँ प्राथमिकता दिएको छ । त्यस्तै गरी रारा लिमिसम्म उता मान सरोवरलाईसमेत हेर्न सकिने नेपालबाट त्यो सम्भावना छ । त्यसलाई प्राथिमकता दे' को छ । यो उदाहरणको रूपमा मैले धेरै कुराहरू जसलाई सगरमाथा-जनकपुरलाई जोडेर एउटा नयाँ पूर्ण गन्तव्य बनाउने कुरा । त्यसै गरी विभिन्न क्षेत्रलाई जोडेर गर्ने कुराहरू गरिएको छ ।

पर्यटन क्षेत्रको विकास र विस्तार अर्को हाम्रो कोभिडले केही हामीलाई त्यहाँनिर समस्या पारे पनि अहिले हामी अगाडि बढिरहेको छौं । त्यसबाट पनि हामीले र अर्को सेवा क्षेत्रमा आईटी क्षेत्रमा यति धेरै महत्त्वपूर्ण क्षेत्र छ । आईटी क्षेत्रमा दशौं

हजारलाई हामी रोजगारी दिन सक्छौं । नेपालबाटै विदेशमा हामी सेवा निर्यात गर्न सक्ने मतलब अहिले पनि चलिरहेको त्यसलाई विस्तार गर्ने कुराहरू, त्यसलाई प्रोत्साहन गर्ने कुराहरू त्यसकारणले त्यसमा १ प्रतिशत मात्रै कर लिने जति पैसा आउँछ । त्यसबाट सेवा विक्री गरेर १ प्रतिशत मात्र लिने भन्नुको तात्पर्य त्यहाँ छ कसरी हुन्छ अर्थतन्त्रलाई सबल बनाउने, बलियो बनाउने र अहिलेको यो जो चिन्ता छ । त्यसलाई सम्बोधन गर्ने गरी नै बजेट आएको छ । त्यसबाट कतै पनि थोरै पनि बिचलित छैन् । त्यसलाई कार्यान्वयन गर्ने चुनौती हाम्रो अगाडि छ । कार्यान्वयन गर्ने चुनौती सरकारले र समग्रमा हामीले साझा रूपमा यसलाई एउटा देशको राष्ट्र निर्माणको एउटा अभियानको रूपमा जे आह्वान मतलब सरकारको तर्फबाट बजेटमार्फत गरिएको छ । यसलाई कार्यान्वयन गऱ्यौं भने हामी हाम्रो अर्थतन्त्रलाई सबल बनाउन सक्छौं ।

माननीयज्यूले राखुभएको चिन्तालाई त्यताबाट सम्बोधन गर्न सक्छौं । अहिले प्रतिशत त अब त्यही नै थियो । त्यही नै गर्नुपऱ्यो । जे उपलब्ध छ, त्यो गर्ने कुरा थियो । तर भावी दिनमा त्यसैमा रहेर हुँदैन त्यसरी सकिँदैन । त्यसलाई अब हाम्रो आर्थिक विकाससँगै अगाडि बढाउनुपर्छ भन्नेबाहेक अहिले मसँग अर्को उत्तर छैन । त्यति भनेर मेरो भनाइ अन्त्य गर्छु । धन्यवाद ।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अर्थ मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकमाथिको छलफल यहीं समाप्त हुन्छ ।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको यो बैठक ३० मिनेटका लागि स्थगित हुन्छ ।

(तदनन्तर, यो बैठक ३० मिनेटका लागि स्थगित भयो ।)

**स्थगितः- १४:४० बजे ।**